www.csrcnepal.org

# भूमि अधिकार

वर्ष २२ | पूर्णाङ्क ६७ | असार २०८३



- भूमिहीन सुकुमबासीको न्यायको प्रश्न
- सुकुमबासीमाथि राज्य लागेपछि
- भूमिहीन र अव्यवस्थित बसोवासी व्यवस्थापनमा उडिसाको सफलता

## हाम्रो सपना र दूरदृष्टि

न्यायपूर्ण एवं दिगो भूमि व्यवस्थासहितको समुन्नत, लोकतान्त्रिक र समतामूलक नेपालको सिर्जना

## हाम्रो अठोट र कार्यभार

भूमिहीन तथा कृषि कर्ममा संलग्न किसानको भूमि अधिकार सुनिश्चित गर्दै न्यायपूर्ण भूमि व्यवस्था र दिगो कृषिप्रणालि स्थापीत गर्न योगदान गर्ने

### संस्थाको मूल्य मान्यता

- न्याय
- सरलता
- मर्यादा
- आत्मनिर्भरता
- रूपान्तरण

### प्राथमिकताहरू

- भूमि अधिकारको प्राप्ति र सुरक्षा
- महिला किसानको भूमि अधिकार प्रवर्द्धन
- पर्यावरणीय कृषि
- उत्थानशील समुदायको निर्माण

# भूमि अधिकार

वर्ष २२ | पूर्णाङ्क ६७ | असार २०८३




भूमिहीन सुकुमबासीको न्यायको प्रश्न . . . . . . . . . ४
जवरजस्ती उठिबास, सुकुमबासीमाथि अन्याय . . . . . ५
सुकुमबासीमाथि राज्य लागेपछि . . . . . . . . . . . . १०
समाधानको स्वरूप विनाशको बाटो भएर आउँदैन . . १४
भूमिहीन र अव्यवस्थित बसोवासी व्यवस्थापनमा उडिसाको सफलता . . . . . . . . . . . . . . . . . . १६
बिर्ता जग्गा जोताहाले दर्ता गर्ने विकल्प . . . . . . . . २०
धनौजीको भूमिहीन समुदाय : वास्तविकता र पैरवीका सवाल . . . . . . . . . . . . २२
भूपरिवेश अध्ययन : अनुभूति र सिकाइ . . . . . . . . २४
सुरक्षित पुनर्स्थापना भएको एउटा बस्ती . . . . . . . . २६
दलित र भूसम्बन्ध . . . . . . . . . . . . . . . . . . २८
भूमि समस्या समाधान समिति गठन . . . . . . . . . ३०
भूमिहीन परिवारको सुरक्षित घरबास भएको हेर्न मन छ . . . . . . . . . . . . . . . . . . ३२
जनजागरणको सक्रियता र सदस्यहरूमा पलाएका आशा . . . . . . . . . . . . . . . . . . ३३
लालपुर्जाले पवित्रामा थपेको खुसी . . . . . . . . . . ३४

CSRC
आत्मनिर्भर केन्द्र

**प्रकाशक : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र** (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४९६०४८६, ४९५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन :**
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**आवरण तस्बिर :** राजन काफ्ले

# भूमिहीन सुकुमबासीको न्यायको प्रश्न

नेपालमा भूमिको वितरण अन्यायपूर्ण छ। जसकारण भूमि हुने र नहुने तथा धेरै भूमि हुने र एकदमै कम भूमि हुनेबीच खाडल बढ्दै गयो। राज्यका कानुन पनि जग्गाधनी प्रमाण पुर्जासँग जोडेर बनाइन थालिए। यही कारण जमिनमा जसको धेरै स्वामित्व भयो उसले बढी सुविधा पाउने हुँदै गयो। समाजमा जग्गा हुनेकै हैकम चल्ने भयो।

सुरुमा काठमाडौँ उपत्यका र पश्चिममा सिँजा राज्यमा कृषि प्रचलन सुरु भएको इतिहास भेटिन्छ। वि.सं. १४१५ कात्तिकमा राजा गगनीराजले आफ्नो सेवा गरेबापत कर्न्या थापालाई जमिनको 'निजी स्वामित्व' दिएका थिए। भूमि वितरणको आधिकारिक अभिलेख यसैलाई मानिन्छ। नेपाल एकीकरण भन्दा पहिले बाइसे/चौबीसे राज्यका राजरजौटाले सामन्तको भूमिका निर्वाह गर्थे र जमिनको हर्ताकर्ता उनीहरूकै खटनपटनमा चल्थ्यो। पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि भने किपटबाहेक अरू जमिनमाथिको सामूहिक स्वामित्व अन्त्य भयो। त्यसपछि 'जमिनदारी प्रथा' सुरु भयो। जसमा किसानलाई जमिन उपयोग र वंशमा हस्तान्तरणको अधिकार मात्र दिइयो।

राजस्वको मूल स्रोत भएकाले भूमिलाई राज्यको मुख्य सम्पत्ति मानिन्थ्यो। राज्यको आर्थिक/प्रशासनिक भार कम गर्न पनि जमिन नै प्रयोग गरिन्थ्यो। कर्मचारीलाई जागिर, रजौटा र पूर्वशासकलाई राज्य, स्थानीय कर अधिकारीलाई जिरायत वा उखडा, धार्मिक संस्थालाई गुठी, मन पराइएका विशिष्ट व्यक्तिलाई बिर्ता आदिका नाममा जग्गा दिन थालियो। राणा शासन आएपछि यसरी विभिन्न बहानामा जग्गा बाँड्ने काम तीव्र बन्यो। तर खेती गर्ने किसानलाई भने जग्गाको स्वामित्वबाट वञ्चित गरियो।

राज्यको आम्दानीको मुख्य स्रोत नै जमिनको आयस्ताबाट लिइने कर भएकाले सरकारहरू सक्दो आवादी बढाउन चाहन्थे। तर जग्गाको स्वामित्व भने प्रायः गैरकिसानको हातमा पर्दै गयो। जग्गा हुनेले खेती चाहिँ मजुदर र किसानबाट गराउँदै आए। फलस्वरूप बाँधा श्रमिकका रूपमा कमैया, हलिया, हरवा-चरवा जस्ता प्रथा सुरु भए। सुकुमबासी-भूमिहीन समस्याको खास कारण पनि यही अन्यायपूर्ण वितरण नै हो।

उन्नाइसौँ शताब्दीको अन्त्यतिर भारतमा रेल-वे विस्तारको क्रम तीव्र भयो। यसका लागि काठ भारत लग्ने क्रम बढेसँग जङ्गलले ओगटेका भूमि खाली हुँदै गयो र आवादी योग्य बन्न थाले। विशेष गरेर वीरशमशेर र चन्द्रशमशेरले यस्तो ठूलो आकारको जमिन शासक वर्गलाई बाँडे। त्यसपछि सन् १९२७ मा रैकर जग्गा बेच्न, बन्धकीमा राख्न वा मोहियानी लगाउन पाउनेसमेतको कानुनी व्यवस्था गरियो। जसबाट राज्य र वास्तविक जोताहाबीच कुत असुल्ने बहानामा तेस्रो पक्ष खडा गरियो।

एकातिर वास्तविक किसानलाई जोताहा-खेतालामै सीमित तुल्याइयो र अझ बाँधा मजदूरका रूपमा श्रम शोषण गरियो भने अर्कोतिर जग्गाको कानुनी स्वामित्वचाहिँ जमिनदार, सुदखोर, राज्यका कारिन्दा आदिलाई हस्तान्तरण गरिँदै आइयो। राज्यबाटै भएको यस्तो अन्यायपूर्ण जमिन वितरणले नै लाखौँ नेपाली भूमि अधिकारबाट वञ्चित भइराख्नु पऱ्यो।


यसरी राज्यद्वारा नै लामो समयदेखि अन्यायमा पारिएकाहरूले क्षतिपूर्तिसहितको न्याय पाउनुपर्ने हो तर मुलुकले राणा, पञ्चायत, लोकतन्त्र र गणतन्त्र जस्ता शासकीय अभ्यास गरिसके पनि यो वर्गको हितका लागि कहिल्यै जिम्मेवार भएन।

खासमा राज्य, विधि, लोकतन्त्र विपन्नका लागि बढी आवश्यक पर्छ। किनकि जो धनी छ, सम्पन्न छ र आफ्ना आवश्यकता आफैँ पूरा गर्ने हैसियत राख्छ, आफ्नो अधिकार जसरी पनि उपयोग गर्ने अवस्थामा छ भने उसका लागि लोकतन्त्र, विधि र सरकारको खासै जरुरत पर्दैन। तर जुन वर्ग आफ्नो अधिकार प्राप्त गर्न सक्षम छैन, उसलाई यसरी तयार पारिएकै छैन, उसकै लागि सरकार चाहिने हो। लोकतन्त्रको खोजी पनि यिनै वर्गको हक अधिकार प्राप्तिका लागि बढी हुने गर्छ। तर विडम्बना, यतिबेला यही सर्वमान्य मान्यतामा नेपाल सरकार चुकेको छ। लोकतन्त्र र गणतन्त्रमा समेत अन्यायमा परेका सुकुमबासीले न्यायको अनुभूत गर्न पाउँदैनन् भने उनीहरूले यो अवसर पाउने कुन व्यवस्थामा हो ?

वर्षौँदेखि थाती रहेका आफ्ना समस्या समाधान हुने अपेक्षा गरिबसेका सुकुमबासीहरू सरकारले विकल्पबिना नै उठिबास लगाएपछि त्रसित छन्। चर्को घामको रापिलो गर्मी र वर्षायामको झरी टहरोको बस्ती र जीविकोपार्जनमा लागेको धक्काबाट पीडा महशुस गरिरहेका छन्, भूमिहीन सुकुमबासी परिवार। राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुन, सन्धि, प्रचलित मान्यता तथा मानवीयतासमेतको ख्याल नगरी रातारात भत्काइएका बसोबासस्थलका कारण यतिबेला भूमिहीन र अव्यवस्थित बसोबासीहरू आफ्नै जन्मलाई धिक्कार्ने अवस्थामा पुगेका छन्। सरकारले आफूहरूमाथि यति शत्रुतापूर्ण व्यवहार गर्नुको कारण खोजिरहेका छन् उनीहरू।

समग्रमा भन्दा, यतिबेला सुकुमबासीमाथि सरकारले जे/जस्तो गरी उठिबास लगाउने अभियान गरेको छ, त्यो सर्वथा अनुचित छ। अब सरकारले गर्ने मुख्य काम जबर्जस्ती बिचल्ली बनाइएका सुकुमबासीलाई उचित बसोबासको व्यवस्था मिलाइनुपर्छ। त्यति मात्र हैन, उचित प्रबन्धबिना थप बस्ती नहटाइने प्रतिबद्धता व्यक्त गर्नुपर्छ र उनीहरूले बिनाडर/त्रास बाँच्न पाउने वातावरण सुनिश्चित गरिनुपर्छ। राज्य/सत्ताबाट इतिहासदेखि अन्यायमा पर्दै आएका यी वर्गले अबचाहिँ न्याय पाउनै पर्छ। यसको लागि सबै तहको सरकार र सरोकारवालाहरूले पनि सहयोग, सहजीकरण र समन्वय अवश्य गर्नुपर्छ।





रघुनाथ लामिछाने

# जवरजस्ती उठिबास, सुकुमबासीमाथि अन्याय



२०८३ वैशाख १२ । थापाथलीस्थित वाग्मती किनारमा बिहानै कोलाहल मच्चियो । बालबच्चा र ज्येष्ठ नागरिक ओछ्यानमै थिए । सुत्केरी बच्चालाई दूध पिलाउँदै थिए । स्कुले विद्यार्थी उठेकै थिएनन् । अशक्तहरू औषधि र तातो पानीको प्रतीक्षामा थिए । अधिकांश मानिस मजदूरी गर्न हिँड्ने सुरसारमा थिए । हजारौँ सुरक्षाकर्मीका साथ आएका डोजरहरूले सबैको सात्तो लियो । जब उनीहरूले यो जत्था आफ्ना बस्ती उठाउन आएको बुझे, दिमागले सोच्नै सकेनन्, के गर्ने के ?, अब कसरी अघि बढ्ने ?, कहाँ जाने ?, कोसँग गुहार माग्ने ?

हेर्दाहेर्दै केही घण्टामै बस्ती सखाप भए । कसैले पनि भाँडाकुँडा झिक्न पाएनन् । कापी किताब निकाल्नै पाएनन् । लुगाफाटो र ओढ्ने ओछ्याउने भन्न पनि पाएनन् । औषधिमूलो र नागरिकता जस्ता महत्वपूर्ण कागजातको पोका पन्तरो त कता हो कता ? जो जो प्रतिवाद गर्न अग्रसर भए उनीहरूलाई सुरक्षाकर्मीले धम्क्याए । अघि बढे ठीक नहुने भनी तर्साए । सिङ्गो राज्य लागेपछि कसको के लाग्छ ? ज्यानलाई सबै भन्दा माथि राखेर उनीहरू सर्वश्व गुमाउन बाध्य पारिए ।

डोजर र सुरक्षाकर्मीसहितको सत्ता उन्माद यो बस्ती उजाडमा मात्र सीमित रहेन । त्यसपछि काठमाडौँका अन्य बस्तीमा पनि यसैगरी गरिबका झुपडी भत्काउने र लथालिङ्ग पार्ने काम गरियो । विशेषगरी सुरक्षाकर्मीमार्फत व्यापक दबाब/धम्की दिइएका कारण कतिपयले भने डराएर पहिल्यै सरसामान लिएर निस्किए पनि धेरैचाहिँ भातभान्साका लागि अत्यावश्यक सामानसमेत छाडेर भाग्नुपर्ने अवस्थामा पुऱ्याइए ।

**बस्तीमा डोजर लगाएर जबर्जस्ती बिस्थापन गरिएकाहरू**

- परिवार : २,५०१
- व्यक्ति : १५,३१६
- महिला : ६,८५८
- पुरुष : ५,२३५
- बालक : १,४३७
- बालिका : १,६९६

(जिल्ला प्रशासन कार्यालय काठमाडौँले दिएको २०८२ वैशाख १२ देखि २१ गतेसम्मको जानकारीमा आधारित)

## मुख्य समस्या नै सुकुमबासी ?

मुलुकमा यतिबेला सम्पूर्ण सामानको मूल्य वृद्धि तीव्ररूपमा भइरहेको छ । भान्सा महँगिएसँगै दैनिक जीवन कष्टकर बन्दै गएको छ । पेट्रोलियम पदार्थसँगै महिनाकै ३ पटक बढ्ने सवारी भाडाले आमसर्वसाधारणको ढाड सेकिरहेको छ । तर विडम्बना, यी सबै समस्या देखेको नदेख्यै गरेर बसेको छ सरकार । यी सबै छाडेर सबै भन्दा पहिले सुकुमबासी बस्तीलाई तारो बनाइरहेको छ । मानौँ, यी माथि उल्लिखत सबै समस्याको जड सुकुमबासी बस्ती हो । के सुकुमबासी बस्ती नहटाएकै कारण देशका सारा विकृति समाधान हुन नसकेका हुन् ? सुशासन कायम र भ्रष्टाचार न्यूनीकरणको मागसहित उठेको विद्रोहले जन्माएको सरकारलाई यी २ विषयमा अघि बढ्न रोक्ने सुकुमबासी नै हुन् ? अहिलेको सरकारी कर्मले पुष्टि गर्छ कि यी सब कार्यका लागि बाधक सुकुमबासी नै हुन् ।

## आफ्नै भनाइ काट्दै गराइ

जब करिब दुईतिहाइ सिटसहित बनेको सरकारले धमाधम सुकुमबासी बस्तीमाथि डोजर चलाउन थाल्यो, त्यसपछि समाजिक सञ्जालहरूमा एउटा पोस्ट निकै भाइरल हुन थाल्यो- जसमा अहिले सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले आफ्नो सरकारले सुकुमबासीको बस्तीमा डोजर नचलाउने र चलाएमा डोजरको अगाडि सबै भन्दा पहिले आफू गएर उभिने भाषण गरिरहेका छन् । त्यसैगरी यही दलका खगेन्द्र सुनारदेखि अन्य केही नेताले समेत यस्तै अभिव्यक्ति दिएको पोस्टहरू निकै चर्चामा आए ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ को बैठकबाट शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीहरू स्वीकृत भएको छ। जसको ९१औँ नम्बरमा देशभरका भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोवासीको एकीकृत डिजिटल लगत सङ्कलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने उल्लेख छ। त्यसैगरी ९२औँ नम्बरमा सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने। नयाँ अतिक्रमणमा कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने उल्लेख छ।

**भत्काइएका घर/टहरा**

- पक्की : ८०९
- कच्ची : १,७९७
- जम्मा : २,६८७

यसरी हेर्दा एकातिर चुनावअघि आफैँले गरेका प्रतिबद्धताविरुद्ध अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्व सुकुमबासीविरुद्ध खनिएको छ। अर्कोतिर शासकीय सुधारमा उल्लेख भएको ‘भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोवासीको एकीकृत डिजिटल लगत सङ्कलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने’ र त्यसपछि ‘अवैध कब्जा हटाउने’ घोषणा पनि तोडिएको छ। पहिले डोजर लगाएर बस्ती सखाप पार्ने र त्यसपछि मात्र पहिचान गर्ने उल्टो बाटो सरकारले समातेको छ।

यति मात्र हैन, २०७९ को स्थानीय तह निर्वाचनबाट काठमाडौँ महानगरपालिकाको मेयर बनेका बालेन्द्र शाहले २०७९ भदौ ९ मा काठमाडौँका भूमिहीन दलित र सुकुमबासीको व्यवस्थापन गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए। जसमा उनको र राष्ट्रिय भूमि आयोगका अध्यक्ष केशव निरौलाको हस्ताक्षर छ। यो सम्झौताको सुरुमै स्थानीय तहको जिम्मेवारीअन्तर्गत (क) मा काठमाडौँ महानगरपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोवासीको पहिचान, लगत सङ्कलन र प्रमाणीकरणको काम गर्ने र बस्तीको तहगत क्षेत्र तोकिनसकेको भए तोक्ने उल्लेख छ। त्यसैगरी (ख) मा स्थानीय तहले आयोगसँगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोवासीले बसोबास वा आवाद कमोत गरेका बस्तीहरूको विवरण, प्रत्येक बस्तीका भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोवासीको

**एकातिर चुनावअघि आफैँले गरेका प्रतिबद्धताविरुद्ध अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्व सुकुमबासीविरुद्ध खनिएको छ। अर्कोतिर शासकीय सुधारमा उल्लेख भएको ‘भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोवासीको एकीकृत डिजिटल लगत सङ्कलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने’ र त्यसपछि ‘अवैध कब्जा हटाउने’ घोषणा पनि तोडिएको छ। पहिले डोजर लगाएर बस्ती सखाप पार्ने र त्यसपछि मात्र पहिचान गर्ने उल्टो बाटो सरकारले समातेको छ।**

अनुमानित घर परिवार सङ्ख्यालगायत... ढाँचामा वडाअनुसारको प्रारम्भिक विवरण पेस नगरेको भए तत्काल तयार गरी आयोगसमक्ष पेस गर्ने पनि उल्लेख छ।

विक्रम संवत् २०८२ माघ ९ गतेसम्म काठमाडौँ महानगरपालिकाको मेयर बालेन्द्र शाह नै थिए। तर सम्झौतादेखि पदमा रहँदासम्मका ४१ महिनामा उनले सम्झौताअनुसारको काम गरेनन्। आफैँले जिम्मेवारी पूरा नगरेका कारण कायमै समस्याको दोष अहिले आएर सुकुमबासीमाथि थोपर्नु न्यायिक होइन।

### अन्योलको पराकाष्ठा

सरकारका प्रवक्ता तथा शिक्षा मन्त्री सस्मित पोखरेलले सुकुमबासी बस्तीमा डोजर चलाउनु २ दिनअघि अर्थात वैशाख १० गते यसबारे मन्त्रिपरिषद्मा कुनै निर्णय नभएको बताएका थिए। त्यसैगरी सरकारले सुकुमबासी बस्ती हटाउन लिएको निर्णयबारे सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता मनीष झाले वैशाख ११ गते यस विषयमा पार्टीभित्र औपचारिक छलफल नभएको भन्दै सरकारकै प्रवक्तालाई सोध्न भनेका थिए। जबकि ११ गते नै सरकारले ६ बुँदे उर्दी जारी गर्दै वाग्मती किनारका घर टहरा खाली गर्न भनेको थियो।

यसैगरी रास्वपाका प्रवक्ता मनीष झाले वैशाख २१ गते बसेको रास्वपा केन्द्रीय सचिवालय बैठकले आगामी चैत मसान्तभित्र व्यवस्थित गास, बास, स्वास्थ्यसहित सबै व्यवस्था गर्न सुझाव दिएको जानकारी दिँदै यसका लागि अधिकार सम्पन्न प्राधिकरण गठन गर्ने बताएका थिए। अनि प्राधिकरणले लगत नदिएसम्म अधिग्रहण गरिएको जग्गामा अपचलन गर्ने उद्देश्यले बसेकामा बाहेक अन्यत्र डोजर नचल्ने बताएका थिए। तर पनि सुकुमबासी बस्तीमा डोजर भने लगातार चल्यो। त्यसैले यी विवादास्पद भनाइ र गराइले अन्योलको सीमा नाघ्यो।

अर्कोतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले अहिले सुकुमबासी हटाउने काम स्थानीय सरकारले गरिरहेको तर दोषचाहिँ रास्वपालाई दिइएको भ्रमपूर्ण दाबी गरेका छन्। उनले वैशाख २० गते भनेका थिए कि स्थानीय तहहरूले रास्वपाको काँधमा बन्दूक राखेर हाने। यो यसर्थ भ्रमपूर्ण छ कि गृह मन्त्रालयले नै वैशाख १६ गते सबै जिल्ला प्रशासन कार्यालयलाई सुकुमबासी बस्ती हटाउन



निर्देशन दिएको थियो । स्मरणीय छ, गृह मन्त्री पनि त्यतिबेला प्रधानमन्त्री बालेन्द्र शाह नै थिए ।

### उल्टो बाटो

नेपालको संविधानको धारा ३७ मा आवासको हकबारे उल्लेख छ । जसमा भनिएको छ- प्रत्येक नेपालीलाई आवासको हक हुनेछ । त्यसैगरी अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने, मुक्त कमैया, कमलरी हरवा-चरवा पहिचान गरी बसोबासका लागि घर, घडेरी तथा जीवकोपार्जनका लागि कृषियोग्य जमिन उपलब्ध गराउने पनि उल्लेख छ । संविधानकै मर्मअनुरूप भूमिहीन दलित, भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमिसम्बन्धी ऐन, २०२१ अन्तर्गत भूमि समस्या समाधान आयोग गठन भइ क्रियाशील थियो ।

यो आयोगले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोवासीको लगत सङ्कलनका लागि स्थानीय तहमार्फत घर-घरमै सङ्कलक पठाउने व्यवस्था मिलाएको थियो । यसरी सङ्कलित लगत फाराम वडाध्यक्षले सदर गर्नुपर्थ्यो । यसबारे सार्वजनिक सुनुवाइ गरी पालिकासमक्ष सिफारिस गर्नुपर्ने र वडाबाट आएको यस्तो सिफारिसमा पालिकाले पुनः १५ दिने सूचना प्रकाशन गरी यस सम्बन्धमा सुनुवाइ गरी त्यस्तो प्रतिवेदन आयोगको जिल्ला समितिमा पेस गर्नु पर्थ्यो ।

**डोजर प्रयोग गरी हटाइएका काठमाडौँका सुकुमबासी बस्ती (जम्मा १६)**

- कालो पुल, थापाथली, गैरीगाउँ, बल्खु, मनोहरा, बालाजु, वंशीघाट, गौशाला, शङ्खमूल, स्वयम्भू, कालीमाटी, धोवीखोला, कपन, तेन्जिङ चोक, साततले क्षेत्र र कृष्ण मन्दिर ।

यति मात्र हैन, आफ्नो पालिकामा भएको जग्गा, त्यसको प्रकार, यहाँ रहेका भूमिहीनको सङ्ख्या, दलित भूमिहीनको सङ्ख्या, अव्यवस्थित बसोवासीको सङ्ख्या, जग्गा उपभोगको स्थिति आदिबारे पनि पालिकाहरूले तथ्याङ्क लिइ सार्वजनिक गर्नुपर्ने व्यवस्था थियो । यसरी आफ्नो पालिकाभित्रको भूमिहीन तथा जग्गाको पूरै विवरण लिइसकेपछि त्यसलाई सार्वजनिक गर्ने मात्र हैन, सिफारिस गरेका व्यक्ति गलत रहेछन् वा झुटा विवरण पेस गरेका रहेछन् भने पेस गर्ने मात्र हैन, सिफारिसकर्तासमेत सजायको भागिदार हुने व्यवस्था थियो ।

कतिपयले यस्तो भूमि आयोग खारेज भइसकेकाले अब यसका प्रावधानबारे कुरा गर्नुको अर्थ नहुने भनाइ पनि राख्ने गरेका छन् । तर यस्तो तर्क गर्नेले बुझ्नुपर्छ कि सरकारले काठमाडौँका सुकुमबासी बस्तीमा डोजर लगाएर सखाप पारुन्जेलसम्म यो आयोग कायमै थियो जुन कानुनअनुसार बनेको मात्र हैन, कार्यरतसमेत थियो । यसरी कानुन मिचेर बस्ती भत्काइसकेपछि मात्र अध्यादेशमार्फत आयोग खारेज गरिएकाले यसअघि गरिएको काम स्वतः अवैधानिक प्रमाणित हुन्छ ।

### २० हजारको जबर्जस्ती निष्काशन

भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोवासीका नामबाट २०८३ वैशाख २३ मा एउटा प्रेस विज्ञप्ति जारी गरिएको छ । जसमा 'भूमिहीन, सुकुमबासी बस्ती जबर्जस्ती निष्काशनले संवैधानिक हक र मानव अधिकारको उल्लङ्घनप्रति गम्भीर ध्यानाकर्षण' भएको उल्लेख छ । यो विज्ञप्तिअनुसार वैशाख १२ गतेदेखि सुरु भएको भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोवासीको बस्ती हटाउने कार्यमा ३ हजार ५ सय भन्दा बढी घरका ८ हजार ७ सय ५० परिवारका करिब २० हजार जना जबर्जस्ती निष्काशनमा परेका उल्लेख छ ।

जबर्जस्ती निष्काशनपश्चात ३ जना सुकुमबासीले आत्महत्या गरेका उल्लेख गर्दै विज्ञप्तिमा महिला, बालबालिका, वृद्धवृद्धा,

अपाङ्गता भएकालाई समेत बिनाविकल्प विचल्ली पारिएकोप्रति भर्त्सना गरिएको छ। यो कार्य नेपालको संविधानको बर्खिलाप त हो नै, साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धिको धारा ११ को (१) मा उल्लिखित प्रत्येक व्यक्ति र निजको परिवारको आवाससहित पर्याप्त जीवन स्तरको अधिकारको समेत हनन् हो।

अर्कोतर्फ काठमाडौं जिल्ला प्रशासन कार्यालयले वैशाख १२ देखि २१ गतेसम्म सुकुमबासी बस्ती हटाउने क्रममा २,५०१ परिवारका १५,३१६ जना विस्थापित भएका तथ्याङ्क उपलब्ध गराएको छ। जसमा महिला ६,८५८, पुरुष ५,२३५, बालक १,४३७ बालिका १,६९६ जना भएका उल्लेख छ।

### अस्थायी आश्रयस्थल

काठमाडौंका विभिन्न बस्तीबाट उठाइएका सुकुमबासीलाई विभिन्न अस्थायी आश्रयस्थलमा राखिएको छ। यस्ता आश्रयस्थल भक्तपुरको बोडेस्थित कृषि विकास ब्याङ्कको तालिम केन्द्र, खरिपाटीको नेपाल विद्युत् प्राधिकरण तालिम केन्द्र र कीर्तिपुरको राधास्वामी सत्सङ्गलाई बनाइएको छ। केहीलाई होटल/लजमा पनि राखिएको जानकारी दिइएको छ। तथापि, बिस्थापितमध्ये कतिलाई कहाँ राखिएको छ भन्ने एकिन जानकारी सार्वजनिक गरिएको छैन।

सभासद्हरूले आवाज उठाएपछि प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिले वैशाख २५ गते बिहीबार यस्ता अस्थायी आश्रय स्थलहरूको अनुगमन गर्ने निर्णय भएको थियो तर उक्त समितिका पदाधिकारीसँग सञ्चारकर्मीलाई जान नदिने सरकारी निर्णयले बिस्थापित सुकुमबासीको व्यवस्थापनमा समस्या भएको पुष्टि हुन्छ जबकि संसदीय समितिका यसअघिका अनुगमनमा पत्रकारलाई निम्ता गरेरै सहभागी गराइने प्रचलन थियो। यसरी अनुगमनका गएका सांसदमध्येकी एक बलावती शर्माका अनुसार कीर्तिपुरको अस्थायी आश्रय स्थलमा बस्नेहरूले सांसदहरूसँग पनि खुलेर बोलेनन्। उनले खोला बढेपछि बगाउँछ भनेर त्यहाँ लगिएको तर पानी परेपछि त्यहीँ पनि डुबान हुने गरेको आफैँले देखेको बताएकी थिइन्। त्यसैगरी सांसद गीता गुरुङले आफूले धेरैमा मनोवैज्ञानिक त्रास देखेको बताएकी थिइन्। उनका अनुसार एउटै टेन्टभित्र २-३ परिवार राखिएका पाइयो।

### हतारोको रहस्य

बीचमा कुनै भवितव्य भएन भने यो सरकार ५ वर्षका लागि गठन भएको हो। त्यसैले विगतका सरकार जस्तो गठन भएको दिनदेखि सधैँ ढल्नबाट बचाउनै पूरै समय खर्चिनुपर्ने बाध्यता यसलाई छैन। यस्तो अवस्थामा कुनै पनि समस्या समाधान गर्न सोचीविचारी योजनासाथ गर्ने र त्यसको दीर्घकालीन समाधान पहिल्याउने हिसाबले अघि बढ्ने अवसर यो सरकारलाई थियो र अझै पनि छ। यसका लागि कुनै कानुन बनाउनुपर्ने छ वा भएकै कानुन संशोधन गरे पुग्छ भने त्यसका लागि पनि यो सरकारसँग आरामदायी मत छ। यसको अर्थ सरकारले वास्तवमै सुकुमबासी समस्या समाधान गर्न चाहेको हो भने यसका लागि हतारिनुपर्ने आवश्यकता थिएन।

> **वाग्मती सभ्यता एकीकृत विकास समितिकै तथ्याङ्कअनुसार यसरी भत्काइएका नदी किनारमा करिब ३५ सय घर थिए। अहिलेसम्म सुकुमबासीका रूपमा दर्ता हुन आउने ३१ सय नाघिसकेका छन् भने यसरी दर्ता गर्ने क्रम अझै जारी छ। यस्तो अवस्थामा त्यहाँ बस्ने सबै हुकुमवासी (अन्यत्र जग्गा भएका, धनीमानी) हुन् भन्ने जुन भाष्य खडा गरिएको थियो, त्यो भ्रम सावित हुन पुगेको छ।**

तर विडम्बना नै भन्नुपर्छ, अघिल्लो दिन बेलुका ८ बजे बस्तीहरूमा गएर जानकारी दिएर भोलिपल्ट बिहानै ६ बजे डोजरसहितको सुरक्षाकर्मी दस्ता सुकुमबासी बस्तीहरूमा छाए। मानौँ, ती बस्तीमा कुनै ठूलै गिरोह/अपराधी लुकेका छन् र तत्काल हस्तक्षेप गरिएन भने कुनै पनि बेला फरार हुन सक्छन्। यही मान्यताले चारैतिरबाट घेरा हालेर सुकुमबासी बस्तीमाथि जुनखाले हर्कत गरियो, त्यो वास्तवमै भर्त्सनायोग्य छ।

गोपाल रन पहलीसमेत ११ जनाले वैशाख ११ गते सुकुमबासी बस्ती खाली गर्न लागिएको विरुद्ध अदालतमा रिट हालेका थिए जसमा सर्वोच्च अदालतले वैशाख २५ गते अन्तरिम आदेश जारी गरेर बस्ती नहटाउन भनेको थियो। विडम्बना, अदालतको यो आदेश जारीपछि पनि सरकारले विभिन्न ठाउँमा सुकुमबासीका बस्ती हटाउने कार्य गर्‍यो जसले सुकुमबासीहरू यतिबेला न्यायिक कवचबाट समेत प्रताडित हुन बाध्य भएका छन्।

### हुकुमवासीको हौवा

सरकारले सुकुमबासी बस्तीबाट बिस्थापित परिवारको विवरण सङ्कलन गरिरहेको जनाएको छ। वैशाख २२ गतेसम्म ३ हजार १ सय ११ परिवारले नाम दर्ता गराएका थिए। वाग्मती सभ्यता एकीकृत विकास समिति र उपत्यका विकास प्राधिकरणले संयुक्तरूपमा रङ्गशालामा बसेर यस्तो सङ्कलन कार्य भएका थिए। वाग्मती सभ्यता एकीकृत विकास समितिकै तथ्याङ्कअनुसार यसरी भत्काइएका नदी किनारमा करिब ३५ सय घर थिए। अहिलेसम्म सुकुमबासीका रूपमा दर्ता हुन आउने ३१ सय नाघिसकेका छन् भने यसरी दर्ता गर्ने क्रम अझै जारी छ। यस्तो अवस्थामा त्यहाँ बस्ने सबै हुकुमवासी (अन्यत्र जग्गा भएका, धनीमानी) हुन् भन्ने

जुन भाष्य खडा गरिएको थियो, त्यो भ्रम सावित हुन पुगेको छ ।

कुनै पनि घटनामा अपवादलाई मुख्य आधार बनाएर भाष्य निर्माण गरिँदैन । तर सुकुमबासी बस्तीमा यो विडम्बनापूर्ण स्थिति सिर्जना गरियो । पहिले यहाँ बस्ने सबै हुकुमवासी हुन् भनेर हौवा पिटाइयो र पछि डोजर चलाइयो । अनि सबैलाई 'ठीकै गऱ्यो, हुकुमवासीलाई लखेटियो' भनेर ताली बजाउन लगाइयो । कोही रहरले मलमूत्र बग्ने ढलसँगै बस्न तयार हुन्छ ? कसैलाई सुकुमबासी भनाउने रहर हुन्छ ? कोही रातारात बाढीले बगाउने थाहा हुँदाहुँदै पनि त्यहीँ टाँस्सिइरहन किन बाध्य हुन्छ ? अनि कुनै पनि बेला लखेटिन सक्छु र अहिले यहीँ बसेका कारण सबैको नजरमा घृणित छु भन्ने थाहा पाउँदा पाउँदै पनि ऊ किन त्यो थलो छाड्न चाहँदैन ? आफ्नो बस्ती र ठेगाना बताउनसमेत लाज लाग्ने वा लुकाउनुपर्ने अवस्था कसलाई पो सहज होला र ? यी प्रश्नको उत्तर दिन नसक्नेहरू सुकुमबासीलाई हुकुमवासीको सञ्ज्ञा दिएर आत्मरतिमा रमाइरहेका छन् ।

## अपार्टमेन्टको भ्रम

अहिले सरकारले आफैँद्वारा बिस्थापित सुकुमबासी परिवारलाई अपार्टमेन्टमा राखिने बताउँदै आएको छ । सरकारले सार्वजनिक गरेको सय बुँदे शासकीय सुधारसम्बन्धी कार्यसूचीको ९१औँ बुँदामा पनि पहिचान भएका वास्तविक सुकुमबासीलाई चरणबद्धरूपमा जग्गा उपलब्ध गराउने वा घना शहरी क्षेत्रमा वैकल्पिकरूपमा एकीकृत आवास (ल्यान्ड पुलिङ/अपार्टमेन्ट मोडल) मार्फत पुनर्वासको व्यवस्था मिलाउने उल्लेख छ ।

अपार्टमेन्ट भन्नाले सामान्यतया कुनै पनि भवनको सुविधा सम्पन्न कोठाहरूको एउटा आकर्षक तला बुझिन्छ । अहिले सरकारले सुकुमबासीलाई राख्ने घोषणा गरेको अपार्टमेन्ट काठमाडौँको नागार्जुन नगरपालिका-१ स्थित इचङ्गुमा छ । विक्रम संवत् २०६९ मा सुकुमबासी र न्यून आय भएकालाई राख्ने भनेर यहाँ त्यस्ता भवन बनाइएको थियो । जसमध्ये एउटा मात्र खाली छ भने बाँकी मानव सेवा आश्रम, प्रहरी र स्वास्थ्य कार्यालय तथा खानेपानी सरसफाइ उपभोक्ता समितिले प्रयोग गरिरहेका छन् ।

पहिलो कुरा त अपार्टमेन्ट भनिए पनि यी भवन सरकारी प्रचार जस्तो सुविधायुक्त छैनन् । दोस्रो कुरा एउटा भवनमा ४२ परिवार मात्र अट्न सक्छन् र खाली भवन पनि एउटा मात्र छ जबकि ३१ सय परिवारले सुकुमबासीमा दर्ता गराइसकेका छन् र यो क्रम बढ्दो छ । यस्तो अवस्थामा सुकुमबासीलाई अपार्टमेन्टमा राख्छौँ भन्नु भ्रम सिर्जना गर्नु मात्र हो ।

भान्सा र शौचालयबाहेक २ वटा कोठा छन् प्रत्येक अपार्टमेन्टमा । जहाँ हाम्रो जस्तो संयुक्त परिवार बस्न प्रायः असम्भव हुन्छ । २ वटा कोठामा हजुरबा/हजुरआमा, छोरा/बुहारी, नाति/नातिना कसरी अट्छन् ? अझ एउटै परिवारमा एक भन्दा बढी छोरा/छोरी भएमा त झनै बस्न सम्भव हुन्न । त्यसैगरी हाम्रो घर, घर मात्र हैन । घरसँग धार्मिक आस्थासमेत जोडिएको हुन्छ । पल-पलमा सांस्कृतिक, पारम्पारिक चलनहरू जोडिन आइपुग्छन् । त्यस्ता अपार्टमेन्टले यी अधिकार कसरी पूर्ति गर्न सक्छन् ? सरकारसँग उत्तर नै छैन ।

## बढ्दो असन्तुष्टि र समाधान

उठिबास घटनापछि विभिन्न जिल्लाका भूमिहीन सुकुमबासीहरू आन्दोलित बनेका छन् । यस्तो आन्दोलनमा अन्य क्षेत्रका पेसा, वर्ग, समुदायको साथ बढ्दो छ । सबै भन्दा महत्वपूर्ण पक्ष भनेको स्थानीय तहले सुकुमबासीलाई साथ दिएका छन् । जस्तो- बर्दियाका सबै स्थानीय तह तथा अन्य केही जिल्लाका स्थानीय तहले समेत गैरकानुनीरूपमा बस्ती खाली नगर्न संयुक्त अपिल जारी गर्दै त्यसो गरेमा आफूहरू प्रतिवादमा उत्रने बताएका छन् । स्थानीय तहहरूको छाता सङ्गठन नगरपालिका र गाउँपालिका महासङ्घले समेत विज्ञप्ति नै निकालेर सुकुमबासी हटाउने सरकारी कार्यशैलीको खरो विरोध गरेका छन् ।

यसैगरी राष्ट्रिय मानव अधिकार आयोगले वैशाख ११ गते सुकुमबासी बस्ती हटाउने विषयमा आफ्नो ध्यानाकर्षण भएको जनाउँदै यस प्रक्रियामा अत्यधिक बल प्रयोग नगर्न र संयमित हुन सरकारलाई निर्देशन दिएको थियो । यस्तै, देशभर अभियानमार्फत फैलिएको भूमिहीनहरूको सङ्गठन राष्ट्रिय भूमि अधिकार मञ्चले पनि वैशाख ११ गते नै विज्ञप्ती जारी गर्दै प्रधानमन्त्री बालेन्द्र शाहको ध्यानाकर्षण गराएका थियो । एम्नेस्टी इनटरनेसनलले पनि वैशाख ११ गते नै सुकुमबासी बस्ती हटाउने कार्य रोक्न सरकारसँग आग्रह गरेको थियो । मानव अधिकार तथा शान्ति समाजले पनि वैशाख १८ गते एक विज्ञप्तिमार्फत सुकुमबासीलाई विकल्पविनै उठिबास लगाएकोप्रति ध्यानाकर्षण भएको जनाउँदै यो कदमप्रति असन्तुष्टि जनाएको छ ।

यसरी नै ह्युमन राइट्स वाच, एम्नेस्टी इन्टरनेसनल र इन्टरनेसनल कमिसन अफ जुरिस्ट्सले वैशाख १९ गते प्रधानमन्त्री बालेन्द्र शाहलाई खुलापत्रमार्फत अनौपचारिक बस्तीहरूबाट भूमिहीनलाई जबर्जस्ती निष्काशन गर्ने कार्यले आवासको अधिकार र उचित प्रक्रियाहरूको उल्लङ्घन हुने र यसले कार्यविधि र कानुनी शासनप्रतिको गम्भीर बेवास्तालाई दर्शाउने उल्लेख गरेको थियो । नागरिक स्तरबाट पनि वैशाख १९ गते एक विज्ञप्तिमार्फत सुकुमबासी बस्तीमा डोजर लगाउने कार्यको विरोध गरिएको थियो । त्यसैगरी गैरसरकारी संस्था महासङ्घ, नेपालले पनि वैशाख ११ गते नै एक विज्ञप्तिमार्फत बस्ती हटाउने कार्यमा मानव अधिकारमैत्री दृष्टिकोण अपनाउन सरकारसँग आग्रह गरेको थियो ।

तर पनि स्थितिलाई भयाबह हुन नदिन र बिष्फोट हुनबाट रोक्न आवश्यक छ । यसका लागि सुकुमबासी व्यवस्थापनका नाममा अहिलेसम्म जुन हर्कत गरिएको छ, त्यसका लागि सरकारले क्षमायाचना गर्नुपर्छ । बिस्थापित वास्तविक सुकुमबासीलाई तत्काल बसोबास र जीविकोपार्जनको व्यवस्था गर्नुपर्छ । बाँकी सुकुमबासी बस्तीहरूका हकमा भने पहिले पहिचान, प्रमाणीकरण गरी वास्तविक सुकुमबासी छुट्याउनु पर्छ । त्यसपछि बल्ल उनीहरूको समेत सहमतिमा कहाँ कसरी व्यवस्थापन गर्ने भन्ने निर्क्योलमा पुगुनपर्छ । ✿



झलक सुवेदी

# सुकुमबासीमाथि राज्य लागेपछि




सरकारले काठमाडौँ उपत्यकाका नदी किनारमा रहेका सुकुमबासी बस्ती शक्ति प्रयोग गरेर हटाएपछि यतिबेला नेपाली समाज त्यससम्बन्धी बहसमा केन्द्रित भएको छ। यसको प्रभाव देशको अरू भागमा पनि परेको छ। सरकारी पर्ती या ऐलानी जमिनमा घर बनाएर पुस्तौँ या वर्षौँदेखि बसोबास गरिआएका, जीवनमा अरू जाने ठाउँ कुनै नभएका लाखौँ परिवार यसबाट आतङ्कित भएका छन्। काठमाडौँमा प्रधानमन्त्री बालेनले गरेको एक्सनपछि देशका सबैजसो पालिकामा तत्काल सार्वजनिक ठाउँ खाली गराउन दबाब बढाइएको छ। विनाविकल्प बसोबास गरिरहेको ठाउँबाट मानिसलाई विस्थापित गर्दा संविधान, प्रचलित ऐन र मानव अधिकारसम्बन्धी मान्यता र अभिसन्धिहरूको घोर उल्लङ्घन भएको छ।

काठमाडौँबाट विस्थापित गरिएकामध्ये केही होल्डिङ सेन्टरमा राखिएका छन्। उनीहरू अनिश्चित भविष्य लिएर, अपमान र तिरस्कारको घुट्को पिएर बाँचिरहेका छन्। केटाकेटीको पढाइ, रोगी अशक्तको उपचार र सानोतिनो रोजगारी गरिरहेकाहरूको जाने ठाउँ सबै खोसिएको छ।

यसको तरङ्गले देशभरका शहर र देहातसम्म गरिबहरूमा एकैपटक भय सञ्चारित भएको छ। यसक्रममा राज्यले शक्तिको प्रयोग गर्दा नागरिकको संवैधानिक हक, कानूनी प्रक्रिया र व्यक्तिको आत्मसम्मानमा दखल दिएको र जोरजुलुम गरेको भनेर विरोध भइरहेको छ। अर्कोतिर एउटा उन्माद छ। यस्तो लाग्छ बालेन सरकारले नेपाली जनतालाई एउटा एउटा चकलेट उपहार दिएको छ र केटाकेटीझैँ मध्यम वर्गका नागरिक रमाइरहेका छन्।

उठिबास लगाउँदा अमानवीयरूपमा गरिएको शक्तिको अत्यधिक प्रयोग तथा अरू प्रक्रियागत विषयसम्बन्धी उठेका प्रश्नको जवाफ सरकारले दिनुपर्ने नै छ। अहिले मात्र होइन, आउने निर्वाचन र त्यसपछिका वर्षहरूमा पनि यसको उत्तर दिनबाट रास्वपा पन्छिन पाउने छैन। दलका रूपमा रास्वपाले आफ्ना मतदाता र उठिबास गरिएका नागरिकको दुःखेको चित्त कसरी बुझाउँछ त्यो पनि हेर्न बाँकी छ। सरकार आफैँले थालेको पहलले सिर्जना गर्ने प्रतिक्रिया, उचित व्यवस्थापनको अभावमा गरिब नागरिकको हुन सक्ने हुर्मतले उत्पन्न हुने विरोधको जालमा फस्छ कि यसको चित्तबुझ्दो व्यवस्थापन गरेर आफूलाई प्रमाणित गर्छ, त्यसको मूल्याङ्कन गर्ने समय आएको छैन।

यहाँ भने नेपालमा भूमिहीनता र सुकुमबासी प्रश्नको इतिहास, जमिन वितरण गर्न राज्यले गरेका प्रयास र त्यसको अर्थराजनीतिका विषयमा केही इतिहास, केही अनुभव केलाउने प्रयास गरिनेछ। र, शहरी क्षेत्रका सुकुमबासीसम्बन्धी प्रश्नको हलबारे केही निजी धारणा राख्ने जमर्को पनि यहाँ गरिनेछ।

### 'समाजको समस्या'

सुकुमबासी देशका नागरिक हुन्, खास ऐतिहासिक कारणले उनीहरू भूमिबाट वञ्चितीकरणमा परेका थिए। कतिपय संरचनात्मक कारणले भूमिको स्वामित्वबाट वञ्चित भएकैले सुकुमबासी भएका थिए। यो पङ्क्तिको ठूलो सङ्ख्या दलित र जनजातिको छ। जस्तो कि सन् १९५१ मा राणा शासन अन्त्य हुने बेला नेपालको कुल खेतीयोग्य जमिनको ३६ प्रतिशत बिर्ता जमिन थियो। यसको ८० प्रतिशत राणा परिवारको थियो। बाँकी मूलतः बाहुन क्षेत्रीको थियो। एकजना पनि दलितले बिर्ता पाएको थिएन।

औलो उन्मूलनपछिको सयममा धेरै मानिस पहाडबाट बाढी पहिरोले भएको

खेतबारी बगाएर बस्ने ठाउँ नै बाँकी नरहेर, माटो कोरेर खाने र ओत लाग्ने ठाउँ खोज्दै तराई र भित्री मधेसतिर झरेर सुकुमबासीका रूपमा बसेका थिए । सन् २०१६ मा यो पङ्क्तिकारले सर्लाही जिल्लाको वाग्मती नगरपालिकामा पर्ने सागरनाथ वन परियोजनाको जमिनभित्र खेतीपाती गरेर बसिरहेका सुकुमबासीहरूको बस्तीमा अध्ययन गरेको थियो । उनीहरू सबै कुनै न कुनै विपत्तिको सामना गरेर वाग्मतीको बाढीले बगाउँदा पनि उत्रेर, परिवारका अनेक सदस्य, बसिरहेको घर खेत बगाएका अवस्थामा जीवन जीउनकै लागि यहाँ पुगेका थिए । भूमि अधिकारका लागि काम गरिरहेका जीतबहादुर गोलेको भनाइअनुसार यहाँ बसोबास गर्ने २२ सय परिवारमा सबै भन्दा बढी तामाङ र क्रमशः मगर, माझी, विश्वकर्मा र मधेसी अनि केही सङ्ख्या बाहुन क्षेत्रीको पनि थियो । यसले पनि संरचनागत विभेद र सुकुमबासीबीचको सम्बन्ध देखाउँछ ।

सबैभन्दा पछिल्लो समय सरकारले कृषि क्षेत्रमा गर्ने लगानी घटाएकाले श्रमको तुलनामा कृषिको उत्पादकत्व कम भएर या कृषि उत्पादन फाइदायोग्य नरहेका कारण जीविका गर्न मुस्किल पर्दै गएपछि गैरकृषि श्रमका लागि किसानहरू शहरमा झर्ने क्रम बढेको छ । सन् १९९० पछि लागु भएको नवउदारवादी आर्थिक नीति र विश्वव्यापीकरणले नेपालमा गार्मेन्ट र कार्पेट उद्योगसहित सरकारले सञ्चालन गरिरहेका धेरै उद्योग निजीकरण गरिएपछि बन्द भए । यसको मारमा मजदूरहरू परे जसका लागि शहरमा उभिने टिक्ने ठाउँ साँघुरिँदै गयो ।

शहरका अनौपचारिक क्षेत्रमा काम गर्न त पाए तर पाइएको ज्यालाले परिवारलाई खान लाउन र बस्ने भाडा तिर्न र केटाकेटीलाई शिक्षा र ओखतीमूलो गर्न पुग्दैनथ्यो । सन् २००४ तिर यो पङ्क्तिकारले मार्टिन चौतारीका लागि शहरी क्षेत्रका गरिबहरूका बारेमा गरेको अध्ययनमा यस्तो अनौपचारिक क्षेत्रमा काम गर्नेहरू मात्र सुकुमबासी थिएनन् बरु काठमाडौँको रैथाने भित्री शहरका नेवार परिवार कसरी सुकुमबासीमा बदलिँदै छन् भन्ने बारेमा उदेकलाग्दो चित्र देखेको थियो । यसरी विविध कारणले शहरको दैनिक जीवनमा नभै नहुने श्रम आपूर्ति गरिरहेका हजारौँ गरिब नेपाली परिवार आफूलाई सुविधा पर्ने र भाडा तिर्नु नपर्ने गरी नदी उकासका खाली जमिन, वन र राजमार्गका छेउछाउमा झुपडी बनाएर बस्न थालेपछि सुकमबासीहरूको बाक्लो उपस्थिति देखिन थालेको हो (अवश्य पनि यो बस्तीको शक्ति सम्बन्ध देखिए जस्तो मात्र छैन, ठग र रेन्टसिकर फटाहाहरूको त्यहाँ कमी छैन) ।

एउटा अध्ययनले देखाएको छ कि काठमाडौँ उपत्यकामा वाग्मती किनारसहित

**सुकुमबासीको नागरिकता कमजोर भयो सीमान्तीकरण र अमानवीयकरण बढ्दै गयो । जसरी पहाड र मधेस र उपत्यकामा पनि सीमान्त पाखोरेखोमा दलितहरू बसाइन्थे, उनीहरूको श्रम प्रयोग गरिन्थ्यो तर घोर अमानवीयकरण गरेर आत्मसम्मान गुमाएर बाँच्न बाध्य पारिन्थ्यो । अहिले सुकुमबासीको अवस्था पनि त्यस्तै बनाइयो ।**

गरेर सन् १९८८ मा २४ वटा सुकुमबासी बस्तीमा ३४८ परिवार बसोबास गर्थे । यो सङ्ख्या २००८ मा पुग्दा बढेर ४५८ बस्ती र २८४४ परिवार पुग्यो । त्यसबीचमा सरकारले अहिले जस्तै बल प्रयोग गरेर ४ वटा बस्ती हटाएको पनि थियो । यसले काठमाडौँको शहरीकरण तीव्र हुनुअगाडि नै सुकुमबासी बस्तीहरू रहेका तर उदारवादी आर्थिक नीतिसँगै यो सङ्ख्या ह्वात्तै बढेको देखाउँछ । केहीअघि मात्र प्रधानमन्त्री बालेन्द्र शाहले ठूलो शक्ति प्रयोग गरेर भत्काएका थापाथली, गैह्रीगाउँ र मनोहरा वारिपारिको बस्तीमा मात्र कुल १६५० घर टहरा थिए भनेर प्रहरीले बताएको छ ।

यसै सेरोफेरोमा राजमार्ग र शहर बजारका छेउछाउ या वन फाँडेर सार्वजनिक जमिन ओगटेर बस्ने र पछि त्यसलाई अनौपचारिकरूपमा स्थानीय सरकार र प्रशासनले स्वीकार गर्दै जाँदा त्यो सानोतिनो बजारकै रूपमा विकास हुने गरेको पनि छ । यस्तो ठाउँमा जमिनको स्वामित्व नभए पनि आफ्नो कमाइको पुनर्लगानी गर्दै परिवारहरूले ठूला घर बनाउन पनि थाले । विद्यालय, सडक र अन्य भौतिक पूर्वाधारहरू सरकारले नै बनाइदियो । यस्ता बस्ती गुल्जार हुँदै जाँदा त्यहाँ एउटा अन्तरविरोध पनि विकास भयो । जमिनको स्वामित्व सरकारको रहने, व्यक्तिले भोगचलन गर्ने तर कर तिर्नु नपर्ने, घरको नक्सा पास पनि नहुने, बेचबिखन पनि नहुने अनि घर भएको मान्छेको देशको अरू भागमा जमिन पनि नहुने अवस्था पनि विकास भयो ।

यस्तो विस्तार चुरे आसपासका राजमार्ग वरपरका क्षेत्रहरूसहित अरू साना बजारमा बढी छ । यसरी लामो प्रक्रियामा देशमा अव्यवस्थित बसोबासी र सुकुमबासीहरूले ओगटेको जमिनका सम्बन्धमा राज्यले केही निर्णय गर्नुपर्ने अवस्था सिर्जना भयो । पञ्चायतकालमा यस्तो कामको व्यवस्थापन गर्न पुनर्वास कम्पनीहरू बनाइएका थिए । तिनले मूलतः मधेस र भित्री मधेसका जिल्लामा काम गर्थे ।

सन् १९९० पछि सुकुमबासी समस्या समाधान आयोगहरू बनाइए । यसको नाममा नै सुकुमबासी समस्या भनिएकाले विस्तारै समाजको भाष्य सुकुमबासी समस्या होइन, सुकुमबासीलाई समस्याका रूपमा बुझ्ने गरी बन्न गयो । जमिनको स्वामित्व प्राप्ति या उत्पादनको साधनका रूपमा प्राकृतिक स्रोतमाथिको अधिकारका लागि जमिन नहुनेहरूले राज्यसँग गरेको सङ्घर्षका रूपमा यसलाई बुझ्ने बुझाउने प्रयास भएन । राज्यका तर्फबाट उनीहरूलाई व्यवस्थापन गर्ने नाममा लाञ्छित गर्ने, बसेको ठाउँबाट

हात्ती लगाएर, बस्ती जलाएर, बल प्रयोग गरेर खेद्ने प्रयास भए ।

सुकुमबासीको नागरिकता कमजोर भयो सीमान्तीकरण र अमानवीयकरण बढ्दै गयो । जसरी पहाड र मधेस र उपत्यकामा पनि सीमान्त पाखोरेखोमा दलितहरू बसाइन्थे, उनीहरूको श्रम प्रयोग गरिन्थ्यो तर घोर अमानवीयकरण गरेर आत्मसम्मान गुमाएर बाँच्न बाध्य पारिन्थ्यो । अहिले सुकुमबासीको अवस्था पनि त्यस्तै बनाइयो । जो वास्तविक सुकुमबासी छन्, शहर छेउछाउ सीमान्तमा बसिरहेका तिनीहरू नै हुन् शहरका सुकिलामुकिलाका घर-घरमा भाँडा माझ्ने, सरसफाइको काम गर्ने, सडक सफा गर्ने, कवाडी बटुल्ने, बालुवा चाल्ने, भारी बोक्ने, घर बनाउने, गिट्टी कुट्ने, पाले बस्ने, गार्डेनको काम गर्ने र सडक पेटीमा मकै पोल्ने र हेलाँ होचोमा पर्ने ।

यस्तो हुनुको पछि मानिसको अर्को मनोविज्ञानले पनि काम गरेको छ- सन् १९९० पछि आर्थिक जनसाङ्ख्यिक बनोटमा आएको परिवर्तन र शहरीकरणसँगै उनीहरूले ओगटेको जमिनको मूल्य आकासिएको छ । र यसरी ओगट्नेले सित्तैमा धन कमाए भन्ने बुझाइ विकास भएको छ । मानिस अरूले सित्तैमा यसरी पाएको धनप्रति डाह पनि गरिहाल्छन् नै । सुकुमबासीलाई समस्याका रूपमा बुझ्ने यस्तो सङ्कथन इतिहास चेतको अभाव र केही इतिहासको अँध्यारो समयलाई उजिल्याउने असफल प्रयासले पनि निर्माण गरेको छ ।

### इतिहासको आँखीझ्याल

नेपालमा किसानले जमिन ओगटेर बस्ने र राज्यले यस्तो जमिन ओगट्नेहरूलाई लखेट्ने प्रयास गरेपछि सङ्घर्ष हुने क्रम सन् १९६० तिरबाट सुरु भएको हो । अमेरिकी सहयोगमा तराईमा औलो उन्मूलन कार्यक्रमसँगै राप्ती दुन विकास कार्यक्रम लागु गरियो । त्यसले पहिलो पटक चितवनमा राजनीति पीडितलाई जमिन वितरण गर्न थाल्यो । त्यससँगै चितवनमा जङ्गल फाँडेर बस्न पाउने गरी खुलाइयो । पहाडमा जनसङ्ख्या धेरै थियो र उत्पादन गरेर खान पुग्ने जमिन कम । त्यसमाथिको खोलो पहिरोको भय । यस क्रममा पहाडबाट जमिन खोस्रेर कमाउने ठाउँ खोजिरहेकाहरूको हुल नै चितवन झर्न थाल्यो । त्यसमध्येका केहीले सरकारले तोकेको चार बिघा फाँडेर बसे, कसैले बढी ओगटे ।

ठूलो हिस्साको जमिन दर्ता भयो । जो पछि आएर किनारातिर बस्न पुगेका थिए तिनलाई लखेट्न, जमिन नदिन अनेक प्रयास भए । हो तिनीहरूबाटै नेपालमा पहिलो सुकुमबासीसम्बन्धी समस्या सुरु भएको हो । यसअगाडि पहाडमा आफ्नो नाममा जमिन दर्ता नभएका तर गाउँको छेउछाउमा पर्ती जमिनमा बसोबास गरिरहेकाहरूलाई सुकुमबासी मानिन्नथ्यो । गरिब थिए, गाउँको जीवनका अनिवार्य हिस्सा थिए ।

**एउटा समाचार आएको थियो कि बालेन सरकारले बस्तीमा डोजर चलाउने सूचना पाएपछि आतङ्कित र भयग्रस्त भएका एकजना १८ वर्षे तामाङ युवाले ट्वाइलेटमा झुण्डिएर आत्महत्या गरे । उनकी आमा मुटु रोगी छन् । जीविकाका लागि अरू कुनै विकल्प परिवारसँग छैन । र, छोराको अन्तिम संस्कार गर्नेसम्म उपाय छैन ।**

चितवनपछि यसरी जमिन ओगट्ने गरी तराई झर्नेको लर्को, झापा, मोरङ, सुनसरी, बारा, पर्सा, सर्लाही, रौतहट, महोत्तरी, सिरहा, उदयपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा तीव्ररूपमा फैलियो । यसलाई पूर्व-पश्चिम राजमार्गले थप सहयोग पुऱ्यायो । यसरी पहाडमा खान नपुगेर, जीविका गर्न गाह्रो भएर र कतिपय सुविधा र जमिन ओगट्ने चाहनाबाट प्रेरित भएर मधेस झर्नेहरूले जङ्गल फाँडेर बस्ती बसाउन थालेदेखि नै किसानहरू र राज्यका बीच जमिनका लागि सङ्घर्ष देखा पर्दै गयो । सुकुमबासी आन्दोलनहरू भए ।

झोरा काण्डहरू भए । हात्ती लगाएर मानिसका बस्ती उजाडिए । कैयन् सक्रिय कार्यकर्ता मारिए तर सुकुमबासी आन्दोलन र जमिनका लागि सङ्घर्ष रोकिएन । सबैभन्दा ठूला सुकुमबासी आन्दोलन सन् १९६८ र १९७९ मा भएका थिए भनेर नन्दा आर श्रेष्ठले आफ्नो अनुसन्धानपत्रमा लेखेका छन् । १९७९ मा परासीमा भएका सुकुमबासी आन्दोलनका सहभागीहरू कतिपय मेरा आइए पढ्दाका सहपाठी पनि थिए ।

जहिले जहिले देशमा राजनीतिक आन्दोलन र अस्थिरता बढ्थ्यो त्यतिबेला सुकुमबासी वस्तीहरू बढ्ने गरेका छन् । पहिले पञ्चहरूले तराईको काठ बेचेर धन कमाउन र सुकुमबासीका नाममा पैसा उठाएर खान पनि सुकुमबासी राजनीति गर्थे । बहुदलीय व्यवस्था आएपछि भोटको राजनीतिले पनि काम गर्न थाल्यो । जमिनको स्वामित्व त एकदम कम हस्तान्तरण भयो तर बस्तीहरूमा बाटो, विजुली, पिउने पानी, विद्यालय जस्ता पूर्वाधार विस्तारमा दलहरूकै पहलमा राज्यले लगानी बढायो । यस्ता बस्तीको जमिनको प्रकृति पर्ती ऐलानी या वन बुट्यान अथवा नदी क्षेत्रका रूपमा रहे पनि स्थायी बस्तीको आकार लिन थाले ।

इतिहास खोतल्दा देखिने कुरा के हो भने नेपालमा सुकुमबासी समस्याको सुरुवात राजा महेन्द्रको पालामा भएको हो । यसलाई उल्लेख्यरूपमा विस्तार गरेका जनमत सङ्ग्रहकालमा प्रधानमन्त्री भएका सूर्यबहादुर थापाले हो । कङ्ग्रेस, एमाले र माओवादीले यसलाई मिले/सकेसम्म गिजोलेका हुन् । जस्तो कि बाबुराम भट्टराईले इचङ्गुमा आवास बनाएर थापाथलीका सुकुमबासी व्यवस्थापन गर्न खोज्दा माओवादी, एमाले र कङ्ग्रेससमेतले विरोध गरेर अवरोध पुऱ्याएका थिए । यसमा मिडिया र नागरिक समाजको एउटा हिस्सा पनि जिम्मेवार थियो ।

## जमिनको वितरण

सन् १९८० सम्ममा चितवनबाहेक तराईका ६ वटा जिल्लामा मात्र सरकारले १० हजार ७२३ परिवार सुकुमबासीलाई १८ हजार ५९३ बिघा जमिन वितरण गरेको थियो। सन् १९९० देखि २००९ सम्म बनेका १८ वटा आयोगले कुल ९३ हजार ९२५ परिवारका सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जमिन वितरण गरेका थिए। यसबीचमा मुक्त कमैया र हलियाहरूको एउटा सङ्ख्यासमेत बेदखल भएर सुकुमबासीका रूपमा थपिएको छ। पछिल्लो पटक बनेको भूमि समस्या समाधान आयोग (यहाँचाहिँ सुकुमबासी समस्या होइन, भूमि समस्या भन्न थालिएको छ) को तथ्याङ्क अनुसार (२०२५ नोभेम्बर ३० को कान्तिपुर दैनिक) अहिले भूमिहीन दलित परिवारको सङ्ख्या ८८ हजार ८९५, भूमिहीन सुकुमबासीको सङ्ख्या १ लाख ६८ हजार १४१ र अव्यवस्थित बसोबासीको सङ्ख्या ८ लाख ७२ हजार १८१ छ। त्यसैले अहिले सरकारले उपत्यकाका सीमित सुकुमबासी बस्ती खाली गराएर नेपालमा भूमिहीनताले सिर्जना गरेको समस्या र भूमिको स्वामित्वसँग जोडिएको झण्डै ११ लाख परिवारको समस्या हल भइहाल्ने होइन। पछिल्लो पटक तराईदेखि हिमालसम्म फैलिएको वैदेशिक रोजगारीमा जाने लहरले भूमिमाथि आश्रित हुने नयाँ परिवारको सङ्ख्या घटेको छ। यसले भूमिको नियन्त्रणका लागि हुने दबाब अवश्य कम गर्नेछ।

## सुकुमबासीसम्बन्धी प्रश्नको समाधान

यसलाई अरू आयामबाट पनि हेर्नुपर्ने हुन्छ। सुकमबासी या भूमिहीनताका तीनथरी पक्ष छन्। पुस्तौँदेखिको संरचनागत विभेदमा परेको भूमिहीन दलित परिवारहरू जसलाई संविधानले नै एकपटकलाई जमिन दिने भनेको छ। दोस्रोमा माटो कोरेर खान जमिनको खोजीमा रहेका र जमिन ओगटेर बसेकाहरूको समूह जसलाई आफूले जोतभोग गरिआएको जमिनको स्वामित्व पाउने हक छ। आवासबाट बेदखल गर्न संविधानले नै रोक लगाएको छ। यी दुवै पक्ष कृषि र जमिनसँग जीविका जोडिएका परिवारहरू हुन्। उनीहरूलाई आवासका लागि न्यूनतम् जमिन र खेती गरेर खान निश्चित अवधिका लागि भूमि उपलब्ध गराउने र रोजगारी सिर्जना गर्ने काममा सरकारले ध्यान दिनुपर्छ।

तेस्रो पक्ष ज्यालादारी श्रममा बाँचेको शहरको उत्पादन पद्धतिसँग जोडिएको सुकुमबासीहरूको हो। देशभर एक टुक्रो जमिन नभएकोलाई सुकुमबासी मान्ने परिभाषामा यसप्रकारको परिवार नअटाउन पनि सक्छ। तर ऊ गाउँमा निर्वाह गर्न नसकेर शहर बजार छेउ पुगेको छ, शहरको आर्थिक जीवनको अनिवार्य हिस्सा बनिसकेको छ तर आफैँले घर घडेरी जोड्न या सुविधायुक्त ठाउँमा कोठा भाडामा लिएर बस्न पनि अक्षम छ। उसको समस्या भूमिको होइन, आवासको हो।

यस्तो पङ्तिलाई सरकारले कम्तीमा ३० वर्षमा तिरेर सक्ने र स्वामित्व पाउने गरी सस्तो किस्तामा यस्ता आवास दिन सक्छ। अथवा सस्तो आवासमा एउटा पुस्ताका लागि स्वामित्व दिने र अर्को पुस्तालाई सक्षम बनाएर स्वआर्जनले आवास खरिद गर्न सक्ने हैसियतको बनाउने गरी पढाइ, सिप र रोजगारीको व्यवस्था गर्ने काम पनि सरकारकै हुन्छ। अहिले पोखरा, काठमाडौँ उपत्यकालगायतका शहरी र अर्धशहरी इलाकाका सुकमबासीहरूप्रति राज्यले अपनाउनुपर्ने नीति नै यही हो- आवासको व्यवस्था। आखिर गरिब भएकै कारणले अमानवीयकरण हुनबाट आफ्ना नागरिकको रक्षा गर्ने काम पनि राज्यकै त हो। यो आमनागरिकको संवैधानिक तथा कानूनी या राजनीतिक अधिकार पनि हो।

## अन्तमा,

काठमाडौँलगायत शहरमा सीमान्त जीवन बिताइरहेका नेपाली नागरिकलाई उनीहरूको बस्ती खाली गर्ने नाममा थप अमानवीयकरण गर्ने, आतङ्कित पार्ने, रोगी अशक्त र बालबालिकालाई मनोवैज्ञानिकरूपमा भयग्रस्त बनाउने काम राज्यका तर्फबाट हुनु कुनै पनि लोकतान्त्रिक समाजका लागि नसुहाउने असभ्य समाजको बिम्ब हो। व्यवस्थापन गर्नुपर्दा पनि उनीहरूको आत्मसम्मानमा चोट नपुग्ने, भयग्रस्त नहुने र राज्यले अभिभावकत्व लिएको छ भन्ने अनूभूति हुनेगरी गरिनुपर्छ।

एउटा समाचार आएको थियो कि बालेन सरकारले बस्तीमा डोजर चलाउने सूचना पाएपछि आतङ्कित र भयग्रस्त भएका एकजना १८ वर्षे तामाङ युवाले ट्वाइलेटमा झुण्डिएर आत्महत्या गरे। उनकी आमा मुटु रोगी छन्। जीविकाका लागि अरू कुनै विकल्प परिवारसँग छैन। र, छोराको अन्तिम संस्कार गर्नेसम्म उपाय छैन।

यो घटना राज्य फासिस्टहरूको हातमा गइरहेको छ कि भनेर शङ्का गर्न मिल्ने एउटा सानो सङ्केत हो। खोला किनार या अरू जोखिमका बस्तीलाई तत्काल व्यवस्थापन गरिनुपर्ने कुरामा कुनै विमति राख्नु पर्दैन। शहरी गरिबलाई दिनुपर्ने मुख्य सुविधा उनीहरूलाई आत्मसम्मानपूर्वक बस्न पाउने आवास नै हो। त्यसपछि आउँछन् केटाकेटीलाई शिक्षा र सबैलाई स्वास्थ्य सेवाका कुरा। तर बालेनले जसरी गरिरहेका छन् त्यसमा प्रश्न छन्।

सरकारले सुकुमबासी बस्तीमा जे गरिरहेको छ त्यसले संवैधानिक अधिकार, कानूनी प्रक्रिया, मानव अधिकार र सुकुमबासी वस्तीमा बस्ने आममानिसको आत्मसम्मानमा चोट पुर्‍याइएको छ। यस्तो नगरीकनै पनि उनीहरूलाई सहभागी गराएर निर्णय लिने र व्यवस्थापन गर्न सकिन्थ्यो, गर्नुपर्थ्यो। राज्यले जुन स्तरको बल प्रयोग र प्रदर्शन गर्‍यो (सेनासमेत सडकमा ओरालेर) त्यसले वर्तमान सरकारप्रति (अहिले त भरखर निर्वाचनमा ल्याएको बहुमतका कारण समर्थन गर्नेहरू धेरै देखिएलान्) नागरिकको एउटा पङ्तिमा आक्रोश थपिदिएको छ।

भन्न थालिएको छ जनतालाई आतङ्कित पारेर शासन गर्नेहरू इतिहासमा धेरै आए र गए। हविव जालिवको एउटा चर्चित गजलको टुक्रा छ :

*तुम से पहले वो जो इक सख्स*
*यहाँ तख्त नशिँ था*
*उसको भी अपने खुदा होने पे*
*इतना ही यकिं था।*

(सुवेदीको २०८३ वैशाख १६ गते onlinekhabar.com मा प्रकाशित लेख सम्पादनसहित यहाँ प्रकाशित गरिएको छ।)



भगवती अधिकारी

# समाधानको स्वरूप विनाशको बाटो भएर आउँदैन




भूमिहीन सुकुमबासी, समाजमा विद्यमान लामो समयदेखिको उत्पीडन र असमानताको उपज हो। यो हिजो मात्र वा केही वर्षअघि मात्र उत्पन्न भएको होइन। सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक कारणले पछाडि पारिएको अवस्थाबाट भूमिहीन, सुकुमबासी हुन बाध्य पारिएको थियो। वर्षौंदेखि सरकार वा सार्वजनिक जग्गामा आश्रय लिएर जीविका र जीवन चलाइरहेका परिवारलाई अचानक अघिल्लो रातको माइकिङबाट आफ्नो संसार नै मानेको घरबास उजाड हुने कुरा परिकल्पनासमेत पनि गरिएको थिएन।

अनौपचारिकरूपमा जानकारी आएपछि त्रसित भएको सुकुमबासी समुदायलाई अन्तिम चरणमा पनि परिवर्तन चाहने यो सरकारले कम्तीमा गरिबमाथि डोजर चलाउँदैन भन्ने लागेको थियो। कानुन, सुशासन, विधि, प्रक्रियाको बारेमा बारम्बार चर्चा गर्ने यो बहुमतको सरकारले आफैं पनि प्रक्रिया र विधि पुराएर मात्र आउँछ भन्ने झिनो आशा भने थियो। तर आफैंले तय गरेको नेपाल सरकारको १०० कार्यसूचीमध्ये ९१ बुँदालाई कार्यान्वयन नगरी अचानक ९२ बुँदामा हाम्फालेको देखिन्छ। ९१ बुँदाले स्पष्टरूपमा देशभरका भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत सङ्कलन तथा प्रमाणीकरण ९० दिनमा र १००० दिन (करिब ३ वर्ष) मा यस विषयलाई पूर्णरूपमा समाधान गर्ने भनिए तापनि प्रक्रिया अनुरूप नगइ ९२ नं. बुँदाको सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रणका लागि अवैध कब्जा हटाउने कार्य अगाडि बढाएको छ।

पटक-पटक हामीले सुनेको शब्द भनेको सार्वजनिक र सरकारी जग्गामा अनधिकृत वा अतिक्रमण गरी सुकुमबासीहरू बस्ने गरेका छन् ती बस्ती हटाइनुपर्छ भन्ने गरिएको छ तर अनधिकृत वा अतिक्रमण भन्ने शब्दमा सुकुमबासी शब्द कहिले पनि सँगै आउन्न। कि त ती बस्ती सुकुमबासी हुन् भने अनधिकृत वा अतिक्रमित होइन कि त ती बस्ती सुकुमबासी होइन। सुकुमबासी शब्दलाई नेपालको कानुनले पूर्णरूपमा पहिचान र संरक्षण गरी परिभाषित गरेको अवस्था छ। साथै राष्ट्रिय भूमि नीति, पटक-पटक सरकारअनुसार बनेका आयोगको संरचना, स्थानीय तहबाट गरिएका पहिचान, स्वीकार्यता र लगानीले सुकुमबासीलाई वैधता दिएको छ। तर अनधिकृत वा अतिक्रमण शब्दसँग सुकुमबासी जोडिनाले सुकुमबासीको व्यवस्थापनको विषयलाई समाधान भन्दा पनि दोषको कोणबाट हेरियो र अरूलाई पनि हेर्न लगाइयो।

२०८३ वैशाख, १२ गतेबाट सुरु गरिएको सङ्घीय सरकारको नेतृत्वमा समाधानको स्वरूपमा विनाशको आकारलाई सबैले वर्षौंदेखि समाधान नभएको विषय पूरा भयो भन्ने भाष्य निर्माण गरियो तर कहिले पनि समाधानको स्वरूप विनाशले निम्त्याउने हुँदैन। समाधान त विधि प्रक्रिया र कानुनी शासनमा आधारित हुने गर्दछ तर जबर्जस्ती प्रहरीको जत्था, हतियार, त्रास, शक्ति र डोजरको प्रयोगले विनाश मात्र निम्त्याएको छ। सरकारले एकातिर दलितमाथि वर्षौंदेखि भएको संरचनात्मक विभेदलाई अन्याय मानेर माफी माग्ने भनिरहँदा भूमिहीन दलितमाथि भने फेरि अर्को अन्याय गर्ने संरचना बन्न पुगेको छ।

दुई सातासम्म सुकुमबासी बस्तीमा डोजर चल्दा बस्तीका मानिसले चित्कार पनि गर्न सकेको स्थिति थिएन। हजारौं प्रहरी र सुरक्षाको नाममा ल्याइएका प्रहरीसँगैका हतियारले विद्रोहको आवाज दबाएको




हामीमध्ये धेरैले देखेनौँ र त्यसलाई शान्तपूर्वक सुकुमबासी हटे भनेर डङ्का पिटाइयो। व्यक्तिको आत्मामाथि नै प्रहार गर्न बिहान झिसमिसेमा उपत्यकाभरिका सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नगर प्रहरीको चक्रले बस्ती घेरेपछि व्यक्तिको मनोबल पूर्णरूपमा ध्वस्त बनाएर प्रतिरोधमा उत्रन पनि नसकेको अवस्था रह्यो। सुकुमबासीलाई हतकडी नलगाइएको अपराधीका रूपमा व्यवहार गरिएको थियो। बस्तीका प्रत्येक परिवारका सदस्यले आफूले ज्याला मजदूरी, अरूको घरमा भाँडा माझेर, सुत्केरी स्याहार गरेर, सडक व्यापारीका रूपमा गाडा चलाएर जोडेका ती सामग्री पनि डोजरको मिचाइमा पर्छ भन्ने डरले निकाल्न, बाहिर थुपार्न र आफन्त, साथीहरूकोमा लैजान बाध्य भएका थिए।

गैरीगाउँ बस्तीकी एक बालिकाले रुँदै आफैँले आफ्नै घरको भित्ता भत्काइरहेकी दृश्य कम्ता दर्दनाक थिएन। त्यो समयमा उनलाई आफू खेल्ने, कठिनाइ हुँदा आड दिने त्यो घर र भित्ता भत्काउँदाको पीडा कति डरलाग्दो रह्यो होला ? हामी सोच्न पनि सक्दैनौँ ! घर भत्किएपछि बालिकाले आफ्नो कलम, कापी खोजेर सङ्कलन गर्दाको दृश्यले मन छियाछिया बनाएको छ !

**समाधान त विधि प्रक्रिया र कानुनी शासनमा आधारित हुने गर्दछ तर जबर्जस्ती प्रहरीको जत्था, हतियार, त्रास, शक्ति र डोजरको प्रयोगले विनाश मात्र निम्त्याएको छ। सरकारले एकातिर दलितमाथि वर्षौंदेखि भएको संरचनात्मक विभेदलाई अन्याय मानेर माफी माग्ने भनिरहँदा भूमिहीन दलितमाथि भने फेरि अर्को अन्याय गर्ने संरचना बन्न पुगेको छ।**

त्यति मात्र हैन, आफ्नो थलो भत्काएको दृश्यले कैयौँ महिलाको आँखाबाट आँसु बगेका थिए र छन्, कति पुरुष रुन पनि नसकेको अवस्थामा थिए। नेपालका मन्त्री, सांसदहरू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र स्थानीय सरकारले गलत रवैयाविरुद्ध बोल्नुको सट्टा उल्टै मलजल गरेर अन्यायलाई बढावा दिने काम गरिरहे। समुदायका व्यक्तिलाई त हतियारको त्रास थियो तर समुदायको आवाज बनेर गएका प्रतिनिधिहरू पनि शक्तिको रापमा डर मानेर बसेका देखिए।

अहिले सामाजिक सञ्जालमा नयाँ विषयका रूपमा सुकुमबासीको सवाल उठान भएको छ। केहीले सुकुमबासीमाथिको शक्ति प्रदर्शनलाई ताली बजाएका छन् भने केहीले यस विषयमा गरिएको कार्य ठीक भएन भनिरहेका छन्। गरिबको घर उजाडेर ल्याइएको विकासमा रमाउन उद्यत व्यक्ति पनि धेरै देखिए। सधैँ मध्यम वर्ग नै रहने वा धनी वर्गमा पुग्ने सपना मात्र देखेकाहरू औधी खुसी मुडमा छन्। अरूलाई पर्दा ताली र आफूलाई पर्दा गाली गर्ने समाजमा बसेका छौँ हामी। वास्तविकतामा बाँच्ने र अमानवीय व्यवहारलाई अस्वीकार गर्ने समाजको विकास हुन जरुरी छ। एउटा परिवारको वर्षौंको लगानी, सङ्घर्ष, सपना, भविष्यमाथि अनिश्चितता, अन्योल, अन्यायको अवस्था सिर्जना हुँदा हामी फेसबुकबाट बस्ती उजाडेर समाधान देख्ने प्रतिक्रिया दिइरहेका छौँ। अब यस्तो कुकर्म बन्द हुन जरुरी छ। कुनै पनि समाधानको प्रक्रिया र विधि सही छ वा छैन भन्ने विषयमा गम्भीर भइ सोचिएन भने नेपाली समाज मानवताबाट पर धकेलिन सक्छ। हामीले खोजेको समाधान, विकास र समृद्धि पक्कै पनि यो होइन।

अझै पनि जति विनाश भयो त्यसलाई समेट्नतर्फ र उचित, सही सूचना, प्रक्रियासहितको व्यवस्थापनतर्फ लैजानु जरुरी छ। हाल भइरहेको विनाशलाई रोकी प्रक्रियागतरूपमा समाधानको बाटोका लागि स्थानीय तहको नेतृत्वमा पूर्ण लगत सङ्कलन गरी प्रमाणीकरणको कार्य गर्न थप ३० दिन नेपाल सरकारका लागि पर्याप्त रहने भएकाले यो विषयको समाधानका लागि १००० दिन पनि लाग्ने छैन। मात्र समस्या समाधानका लागि वास्तविक इच्छाशक्ति भने खाँचो छ।



जगत देउजा

# भूमिहीन र अव्यवस्थित बसोवासी व्यवस्थापनमा उडिसाको सफलता



भूमिहीन दलित एवं भूमिहीन सुकुमबासीहरू पुस्तौंदेखि जमिनको पहुँच र स्वामित्वबाट वञ्चित छन् । यीमध्ये कतिपय जोखिम स्थानमा बसोबास गरेकाले विपद्को बढि मार खेप्नेहरू पनि उनीहरू नै छन् । गरिबीको रेखामुनी रहेका र जीविकोपार्जनका लागि न्यून पारिश्रमीकमा मजदूरी गर्ने ठूलो सङ्ख्या यही वर्ग हो । यो वर्ग भूमि नभएकै कारण अन्य सरकारी सेवा सुविधाबाट समेत वञ्चित हुँदै आएको छ । त्यसैले भूमिहीनता जटिल समस्या बनेको छ ।

संविधानको मौलिक हक अन्तर्गतको धारा- ४ मा राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउने र आवासविहीन दलितलाई बसोबासको व्यवस्था गर्ने उल्लेख छ । त्यस्तै धारा- ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिअन्तर्गत अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने नीति लिइएको छ ।

यसैगरी धारा- ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिअन्तर्गत मुक्त कमैया, कम्हलरी, हरवा चरवा, हलिया, भूमिहीन, सुकुमबासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्ने नीति लिइएको छ । संविधानको यो व्यवस्थाले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोवासीको समस्या समाधान राज्यको अनिवार्य दायित्वको रूपमा रहेको छ ।

## समाधानका प्रयास

नेपालमा, भूमिहिन सुकुमबासीलाई जग्गा वितरणको सुरुवात वि.सं. २०१३ बाट गरेको पाइन्छ । जसका लागि राप्तीदूनको जमिन वितरण नियम २०१३ लागु गरिएको थियो । झोडा क्षेत्रको समस्या सुल्झाउन झोडा क्षेत्रको जग्गासम्बन्धी ऐन, २०२८ जारी गरिएको थियो । २०२१ सालमा नेपाल पुनर्वास कम्पनी स्थापना गरी इजरायली सरकारको सहयोगमा तराईमा योजनाबद्ध पुर्नवास कार्यक्रम सुरु गरिएको थियो ।

## उडिसा राज्यको जग्गा मिसन

भारतको उडिसा राज्यको जनसङ्ख्या ४३.७३ मिलियन छ । स्थानीय तहमध्ये घोषित नगरपालिका ११५ छन् । शहरी क्षेत्रमा बसोबास गर्ने एक चौथाई अर्थात २० लाख मानिसहरू स्लम (झुपडबस्ती) मा बसोबास गर्छन् । स्लम साँघुरो र उच्च जनघनत्वको हुने भएकाले खानेपानी, शौचालय, बाटो आदिको समस्या हुने गर्दछ । जग्गाको स्वामित्व बसोवासीको नाममा नभएकाले उनीहरू जहिले पनि उठिबासको डरमा हुन्छन् । असङ्गठित एवं अव्यवस्थित बसोबास, अस्थायी र जीर्ण संरचनाहरू स्लमका परिचायक जस्तै भएका हुन्छन् ।

उडिसाको स्लमबस्तीमा पनि खानेपानीको समस्या चर्को थियो । फोहोर उत्तिकै । विद्युत आपूर्ति केही ठाउँमाबाहेक अन्यत्र थिएन । सडक र ढलको समस्या पनि अधिक थियो । नजिकैको शहर झलमल्ल हुँदा स्लम बस्ती पुरै अँध्यारो हुन्थ्यो । खुल्ला क्षेत्रको अभावमा बालबालिकाहरू खेल्ने वा मानिसहरू यसो उभिएर बस्नेसमेत ठाउँ थिएन । यस्तो अस्वस्थ जीवन, अनौपचारिक बस्तीहरू, गरिबी र सामाजिक बहिष्कारलाई उडिसा सरकारले परिवर्तन गर्ने ठोस योजनासहित कम्मर कसेर लागेको छ । र सफल हुँदै पनि गएको छ ।

जग्गा मिसन अभियान उडिसा सरकारले सन् २०१७ मा सुरुवात गरेको रहेछ । यसका लागि उसले स्लमवासीको लागि भूमि अधिकार ऐन, २०१७ को तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । प्रत्येक नगरपालिकाको २५ प्रतिशत बजेट स्लमबस्ती विकासमा उपयोग गर्नैपर्ने

व्यवस्था कार्यान्वयनमा ल्याएको छ। जग्गा मिसन अभियानको २०१० स्लम सुधार गरी १२ लाख नागरिकको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य रहेको छ। यस अनुसार २ हजार बस्तीको लगत लिने कार्य सम्पन्न भएको छ। भूमि अधिकार, आवास सुधार र स्लमवासीको सशक्तिकरणको कार्यलाई एकसाथ अगाडि बढाइएको छ।

उडिसा राज्यको जग्गा मिसन अभियानलाई विश्वकै स्लम सुधारको ठुलो योजनाको रूपमा लिइन्छ। यसलाई सफल मोडलको रूपमा लिएर विभिन्न विश्वविद्यालयले अध्ययन थालेका छन्। यस मिसनले आवाससम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय अवार्ड पनि प्राप्त गरेको छ। यसबाट हामीले पनि धेरै सिक्न सक्छौं।

## उडिसा राज्यको जग्गा मिसन सफल हुनाका कारणहरू

**राजनीतिक इच्छाशक्तिः** यो अभियान सफल हुनुमा उडिसा सरकारले स्लमलाई बोझको रूपमा लिएको छैन। बरु उनीहरूलाई शहरी क्षेत्र विकासको मेरुदण्डको रूपमा लिएको छ। हेराई नै सकारात्मक भएपछि परिणाम पनि सकरात्मक आउने नै भयो। उडिसाको राजधानी भुवनेश्वरमा ठुलो होर्डिङ बोर्ड राखिएको छ। जसमा मुख्य मन्त्री नविन पटनायकको तस्विरसँगै लेखिएको छ, 'जमिनको मूल्यभन्दा जीवनको मूल्य धेरै हो। शहरी गरिबको उठिबास की, सशक्तिकरण ? हामीले भूमि अधिकार सुनिश्चित गरेर सशक्तिकरण गर्ने निर्णय गर्‍यौं।'

स्लमवासीलाई सम्मानपूर्वक उचित जीवनयापनको वातावरण दिनका लागि जग्गा मिसनबारे मन्त्रिपरिषद्को बैठकमा निर्णय गरेपछि मुख्यमन्त्रीले सामाजिक सञ्जालमा गरेको पोष्ट पनि निकै मार्मिक छ- 'आजको मन्त्रिपरिषद् हाम्रा शहरहरूको जीवनलाई जिवन्त बनाउन भूमिका खेलेका मानिसहरूका लागि सर्मपण गरेका छौं। स्लमवासी जसले हाम्रो घरहरू सुरक्षित र आरामदायी राख्छन्। उनीहरूको त्याग र मिहिनेतले नै भान्सा चल्छ। बगैंचा फुल्छ। शहरले सास फेर्छ र हामी सुरक्षित महशुस गर्छौं। उनीहरूका लागि हामीले भूमि र आवासको अधिकार उपलब्ध गराउने मिसन सञ्चालन गर्ने निर्णय गरेका छौं। आजको निर्णयले सिङ्गो देशको लागि बेन्चमार्क सेट गर्नेछ। जग्गा मिसन अभियानलाई सफल बनाउन बलियो राजनीतिक इच्छाशक्ति चाहिन्छ। जुन उडिसामा स्पष्ट देखिएको छ। हामीकहाँ स्लमवासीहरू धेरै छैनन्। सुकुमबासीको समस्या केही ठुलो छ। तर, नीति निर्माताहरू शासकहरू यसलाई बोझ ठान्छन्। र कतिपयत शहरबाट हटाउनुपर्छ भन्ने धारणा राख्छन्। उनीहरूले पुर्‍याएको योगदानको विषयमा बुझेर पनि बुझ पचाउँछन्। समस्या हेराइमा छ। यो एक प्रकारको हिंसा पनि हो। कुनै पनि समस्याको समाधान हुने वा नहुने भन्ने विषय त्यो समस्यालाई राज्यमा बसेका निकायले कसरी हेदर्छन् ? त्यसमा पनि सरकारमा रहेका जनप्रतिनिधि र कर्मचारीले कसरी बुझ्दछन् ? भन्ने कुराले धेरै हदसम्म फरक पार्दछ। हामी कहाँ मूलतः शहरी गरिब र सुकुमबासीलाई हेर्ने दृष्टिकोण नै गलत बनाइएको छ। उनीहरूले घर, परिवार, समाज र देशलाई कसरी योगदान गरिरहेका छन् भनेर कसैले चर्चा गरेको छैन। पाएसम्म विभिन्न शब्द प्रयोग गरेर उडाउने कार्य मात्र गरिन्छ। उडिसामा भने मुख्य मन्त्रीदेखि सिङ्गो सरकारी टिमले स्लमवासीलाई शहरको अमूल्य सम्पत्तिको रूपमा लिइएको छ।'

**उचित कानुनी प्रबन्धः** जग्गा मिसन सफल बनाउन उडिसा सरकारले स्लमवासीको लागि भूमि अधिकार ऐन, सन् २०१७ तर्जुमा गरी लागु गरेको छ। यसलाई कार्यन्वयनमा लैजान नियमावली बनाएको छ। त्यस्तै उडिसा मुनिसीपलकर्पोरेशन कानुनलाई सन् २०२२ मा पनि संशोधन गरिएको छ। कानुनी प्रबन्ध विना बृहत मिसनहरू सफल हुन कठिन हुन्छ। कतिपय कानुन कार्यन्वयनको क्रममा नयाँ सवालहरू आउँछन्। कठिनाइहरू देखिन्छन्। तिनलाई सम्बोधन गर्नका लागि पनि समय समयमा ऐन र नियमावली परिमार्जन गर्न आवश्यक हुन्छ। अव्यवहारिक व्यवस्था जवर्जस्ती कार्यन्वयन गर्न खोजेर परिणाम आउँदैन। यस विषयमा उडिसा सरकारले सचेततापूर्वक काम गरिरहेको छ। जसमा भूमि अधिकारको साथमा भूमिको पुनर्विकास, बस्तीहरूलाई बस्नयोग्य बासस्थानमा स्तरोन्नति गर्न सहजीकरण गर्ने र पूर्वाधारका सबै व्यवस्थाहरू गर्ने सोच लिइएको छ। शहरी क्षेत्रमा आवासीय प्रयोजनका लागि मात्र जग्गा उपलब्ध गराइएको छ। जग्गा उपलब्ध गराउँदा ३० देखि ४५ वर्ग मीटरको सीमा राखिएको छ। ३० वर्ग मीटरसम्म निःशूल्क हो। यसभन्दामाथि थप १५ वर्ग मीटरसम्मको भने मूल्य तिर्नुपर्दछ। मूल्य निर्धारण गर्दा दलित र आदिवासीहरूको लागि उक्त जग्गाको रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको मूल्यको ५ प्रतिशत र अन्यको हकमा १० प्रतिशत कायम गरिएको छ। उक्त जग्गा आवास वा अन्य प्रयोजनको लागि ऋण लिनु परेमा धितो राख्न सकिने, परिवारका सदस्यमा हस्तान्तरण हुने तर अन्यलाई बिक्री वितरण गर्न नपाइने गरी कानुनी प्रबन्ध गरिएको छ।

**बलियो संरचनाः** उडिसाको जग्गा मिसन अभियानको संयोजन आवास तथा शहरी विकास विभागले गरेको छ। जहाँ सचिवको नेतृत्वमा मिसनरी टिमले काम गरिरहेको छ। विभागको नेतृत्व ७ वर्षदेखि परिवर्तन भएको छैन। उनले सम्पूर्ण समय यो मिसनमा दिएका छन्। एउटै तलाको एकापट्टी जग्गा मिसनको र अर्कोपट्टी आवास योजनाको कार्यालय छ। यो कार्यक्रमलाई फुल फेजमा सञ्चालन गर्नुपूर्व केही शहरमा नमूना अभ्यास गरी सिकाइका आधारमा विस्तार गरिएको थियो। जसमा ६२ जना विशेष प्रशिक्षित विज्ञ जनशक्ति परिचालित थिए।

जग्गा मिशन वास्तवमा झुपडीका बासिन्दाहरूलाई सशक्तिकरण गर्ने उद्देश्यले कार्यन्वयन गरिएको छ। यस मिशनले अनौपचारिक बस्तीहरूलाई मान्यता दिएर अन्य पूर्वाधारका कार्यक्रम पनि जोडेर लगिएको छ। सरकारी अधिकारीहरू, सङ्गठनहरू र स्थानीय गैरसरकारी संस्थाहरूबीचको सहकार्यलाई सघन बनाइएको छ।

**स्लमवासीको सहभागिताः** जग्गा मिशन अभियान स्लमवासीलाई सशक्तिकरण गर्ने एक महत्वपूर्ण आधार बनेको छ। जग्गाको अधिकार सुनिश्चित गर्दै ठूलो मात्रामा बस्ती स्तरोन्नति गर्न र उडिसाका विभिन्न शहरका

हजारौं शहरी गरिबहरूका लागि समानता प्रवर्द्धन गर्ने यो धेरै प्रभावकारी बनेको छ। स्लमवासीको लगत लिने, को स्लमवासी हो ? वा होइन ? भनेर सत्यापन गर्ने, जग्गा नापजाँच गर्ने र पछि आवासको कार्यक्रमको सहजीकरणलगायतका काममा स्लमवासीको अगुवाई छ। उनीहरूलाई तालिम दिएर निश्चित सूचक तयार गरेर लगत सङ्कलन गर्ने, ति फारामहरूको सत्यापन जाँच गर्ने, प्रमाण नभएका वास्तविक स्लमवासीको लागि प्रमाणित गर्ने आदि काममा स्लमवासीहरूकै सङ्गठनलाई परिचालित गरिएको छ। एक हिसाबले यी सबै कार्यको नेतृत्व नै उनीहरूलाई दिइएको छ। यसले वास्तविक स्लमवासीको लगत लिन र जग्गा उपलव्ध गराउन मद्दत पुगेको छ। यसले ति समुदायको सशक्तिकरणमा समेत ठुलो आधार मिलेको छ।

**परम्परागत कर्मचारीबाट अलगः** जग्गा प्रशासनको जिम्मेवारी पाएका परम्परागत कार्यालयहरू नापी, मालपोत आदिका कर्मचारीहरू कुनै समितिमा राखिएका छैनन्। यिनीहरू यस प्रक्रियाको निर्णायक हुन सक्ने कुनै प्रक्रियामा सहभागी गराइएको छैन। यो काम परम्परागत कर्मचारी र कार्यालयबाट हुने भए मिसन वा छुट्टै कार्यक्रमको आवश्यकता नै नपर्ने उनीहरूको ठम्याई छ। विभागले स्थानीय तहसँग मिलेर जारी गरेर जग्गाधनी प्रमाण पुर्जालाई आवास तथा शहरी विकास विभागले स्थानीय तहसँग मिलेर जारी गर्छ। र, सोको अभिलेख राख्न मालपोत कार्यालयमा पठाउँछ। यसलाई सम्बन्धित जग्गा प्रशासनको कार्यालयले अनिवार्य अभिलेखमा राख्ने व्यवस्था गरिएको छ। उनीहरूले म राख्दिन, गर्दिन भन्न पाउँदैनन्।

**नविनतम् प्रविधि र निजी क्षेत्रको सङ्लग्नताः** जग्गा वितरणका लागि वितरण गरिने जग्गाको सर्भेक्षण अलि बढी समय लाग्ने कार्य हो। यसका लागि पहिलो चरणमा जस्तो भएपनि पहिले घर बनाएर बसेका स्लमवासीलाई मात्र प्राथामिकता दिइएको छ। जग्गा सर्भे गर्न पछिल्ला र उन्नत प्रविधिहरू अपनाइएका छन्। यसको लागि डिजिपिएस र ड्रोन प्रविधिलगायतको सहायता लिइएको छ। यसको जिम्मा निजी प्रतिष्ठान- टाटा फाउण्डेशनले लिएको छ।



**विज्ञ एवं राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाहरूको संलग्नताः** यो कामको भारी सरकारी निकायले मात्र बोकेको छैन। कानुन र नियमावली बनाएको छ। संरचना बनाएको छ। स्वयम् पीडितलाई परिचालन गरेको छ। स्थानीय तहलाई जिम्मेवार बनाएको छ। निजी क्षेत्रलाई पनि प्रक्रियामा ल्याइएको छ। त्यति मात्र होइन, यस क्षेत्रका विज्ञ अनि राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थालाई पनि सँगै लिएर उनीहरूको क्षमताअनुसारको जिम्मेवारी लिन उत्प्रेरित गरेको छ। मिसनको स्पष्ट रोडम्याप तयार पारिएको छ। र, सो रोडम्यापको लागि आवश्यक जनशक्ति र स्रोतको बन्दोवस्त सरकारी र गैरसरकारी क्षेत्रबाट गरिएको छ।

जग्गा मिशन भनेर चिनिने जग्गा बाँडफाँड कार्यक्रम निकै सफल भई १ लाख ७२ हजार परिवारलाई जग्गाको स्वामित्वको प्रमाणपत्र वितरण गरिसकेको छ। यो अभियान सफल हुनुमा धेरै तत्वले काम गरेका छन्। जग्गा र आवासको कार्यक्रमलाई जोडेर लगेका छन्। जग्गाको लगत सङ्कलनको लागि भोग र घरलाई अनिवार्य बनाइएको छ। पहिलो चरणमा भइरहेकै जग्गा दिँदा हुने नयाँ जग्गा खोज्नु नपर्ने परिवारलाई केन्द्रित गरिएको छ। स्थानान्तरण गर्नुपर्ने हकमा पनि सोही समुदायभित्र नै व्यवस्थापन गरिएको छ। सरकारी र राजनीतिक नेतृत्वको प्रतिबद्धता बलियो छ। जसको लागि जग्गा उपलव्ध गराउने हो उनीहरूलाई नै हरेक प्रक्रियामा बलियो तवरले सङ्लग्न गरेर लगिएको छ। संघ संस्थालाई पनि साथमा लगिएको छ। सक्षम विज्ञ कर्मचारीहरू बाहिरबाट नियुक्ति गरी परिचालन गरिएको छ। निजी कम्पनीहरूसँग मिलेर प्राविधिक कामलाई तिब्र तुल्याइएको छ।

हामीले पनि यस सिकाइबाट भूमि आयोग तथा समितिका कामहरूलाई अहिले आएका चुनौती चिर्ने ढङ्गले नयाँ रणनीति, संरचना बनाई अगाडि बढाउन जरुरी छ। नयाँ विधि र रणनीति चाहिन्छ। र, यो कार्य गर्न सक्ने बुझेका केही गरौं भन्ने हुटहुटी पनि उत्तिकै जरुरी छ। जग्गा वितरणसँगै आवास र जग्गा विकासको कार्यलाई पनि साथै जोडेर लैजान आवश्यक छ।

## उडिसाको अनुभवका आधारमा नेपालले लिनुपर्ने रणनीति

नेपालको सन्दर्भमा भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोवासीको समस्या ऐन, नियमावली र कार्यदेशमा नै हेरफेर नगरी नयाँ नामको आयोग बनाएर र पात्र मात्र फेरेर सम्भव छैन। यसका लागि विगतका कामको गम्भीर मूल्याङ्कन र नयाँ रणनीतिहरू लिन आवश्यक छ।

भूमिहीनता झट्ट हेर्दा एउटै समस्या लागेपनि कतिपय भेग विशेषको प्रकृति फरक छ। यी समस्याको समाधान एउटै हिसावले समाधान हुन सक्दैनन्। कानुनी दायराभित्र रही केही फरक तरिकाले यसको सम्बोधन गर्नुपर्ने हुन्छ। सङ्घीय सरकार र प्रदेश सरकारले सघाउने र स्थानीय तहले लगत लिने, त्यसको जाँच गर्ने, नापी गर्ने र जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने कार्य पनि स्थानीय तहले गर्ने जिम्मेवारी पाएमा मात्र

यो समस्याले निकास पाउनेछ। होइन भने यो विषय ठुलो सङ्ख्याका परिवारसँग जोडिएका कारण हुने उच्च दलगत राजनीतिको मारमा पररिहने देखिन्छ। संविधानमा नै यो विषय तीन वटै तहको अधिकारको साझा सूचीमा रहेका कारण सङ्घले मात्र आफुखुसी गर्न मिल्ने विषय पनि होइन। आयोगमार्फत नै समस्याको सम्बोधन गर्ने हो भने पनि समस्या समाधान नहुन्जेल आयोग वा समिति विघटन नहुने तर काम गर्न नसक्ने पदाधिकारीलाई फेर्न सकिने प्रकारको गठन आदेश बनाउनु उपयुक्त हुन्छ। र, केही कारण काम रोकियो भने पनि मन्त्रालयले सोको जिम्मेवारी लिएर कामलाई नियमित गर्न सक्ने व्यवस्था हुन आवश्यक छ। पदाधिकारी फेर्न आयोग वा समिति नै विघठन गर्नुपर्ने खालको अहिलेको व्यवस्था कुनै पनि हिसावले उपयुक्त देखिँदैन।

अर्को महत्वपूर्ण पक्ष भनेको जग्गाको एकीन विवरण र नक्शाङ्कनको लागि कुन प्रविधि प्रयोग गर्ने भन्ने हो। प्रविधि नाप नक्साको उद्देश्य अनुरुप, कम खर्चिलो र छिटोछरितो हुनु पर्दछ। साथै यस्तो प्रविधि आवश्यकताअनुसार भविष्यमा सजिलै बिस्तार, विकास र स्तरोन्नती हुन सक्ने हुनुपर्दछ। घना बस्ती, शहरी क्षेत्र, जग्गाको मूल्य र महत्व अत्यन्तै बढी भएको स्थानमा र खेती भइरहेको एवं घना बस्ती नभएको स्थानमा फरक फरक प्रविधि अपनाउन सकिन्छ। हालसम्म नापनक्सा र दर्ता नभएका स्थानमा उद्देश्य सापेक्ष अवधारणामा आधारित भूउपग्रह चित्र, हवाइ फोटो वा ड्रोनबाट लिइएको इमेजबाट नक्साङ्कन गरी समुदायमा आधारित कित्ता पहिचान, नक्साङ्कन र अभिलेखन विधि अपनाउन सकिन्छ। टोटल स्टेशन विधिबाट गयो भने यो काम गर्न दशकौं लाग्न सक्ने भएकाले उद्देश्य सापेक्ष विधि अपनाउनुको विकल्प छैन।

नयाँ स्थानमा जमिन उपलव्ध गराउनुपर्ने भूमिहीन सुकुमबासीको हकमा भूउपयोग योजनाका आधारमा बस्ती बसाल्नुपर्छ। स्थानीय सरकारले जीविकोपार्जनका कार्यक्रमलाई पनि जोडेर लैजानु पर्दछ। भूमिहीन कृषकलाई जमिन उपलब्ध गराउँदा उपलब्ध भएसम्म बढी दिने नीति लिनुपर्दछ। खेती नगर्नेलाई आवासको हक सुनिश्चित गर्ने हो। कृषि कर्म गर्नेलाई उसले अहिले उपयोग गरिरहेको वा त्यस क्षेत्रमा उपलब्ध जमिन दिँदा उत्पादन वृद्धि र बचत उत्पादन हुने प्रक्रियालाई पनि विचार गरेर जमिन उपलब्ध गराउनु पर्दछ। यसरी जग्गा उपलब्ध गराउँदा स्थानीय तहसँग सहकार्य गरी जोनीङ, भूउपयोग नक्शाकङ्न, एकीकृत बसोवास आदि विषयलाई पनि साथै जोडेर लैजानु पर्दछ। सम्भव भएसम्म विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरेर सिँचाइ, कृषि सडक वा घर बनाउन सहयोग जस्ता पक्षहरू पनि जोडेर लान सक्नुपर्दछ।

भूमिसम्बन्धी ऐनको आठौं संशोधनमा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएपनि अभिलेखमा वनक्षेत्र जनिएको भएपनि हाल आवादीमा रहेको र रुखले नढाकेको क्षेत्र भूमिहीन सुकुमबासीलाई वितरण गर्न सकिने' भनिएपनि भूमि र वन ऐन बाझीएको भन्दै प्रशासनीक झमेलाहरू रही नै रहेका छन्। यो विषयलाई तत्काल छिनोफानो गर्न आवश्यक छ।

भूमिहीन सुकुमबासीको परिभाषा वैज्ञानिक छैन। नेपालभर दर्ता जग्गा नभएको र आफु र परिवारको सामर्थ्यले जग्गा खरिद गर्न नसक्नेलाई भूमिहीन सुकुमबासीको परिभाषा गरेको छ। तर, जग्गा खरिद गर्न सक्ने क्षमता नभएको तर हाल जमिन भएपनि घर बनाउन नपुग्ने, असुरक्षित भएकालाई पनि समेट्ने र यसका लागि आफैं जग्गा खरिद गर्न सक्ने सामर्थ्य नभएका, १३० वर्ग मीटर भन्दा कम जग्गा भएका, जोखिम क्षेत्रमा भएकालाई पनि समेट्ने गरी कानुन वा नियमावलीमा परिवर्तन गरिनुपर्दछ।

अव्यवस्थित बसोवासीलाई उपलव्ध गराउने जग्गाको हालको मूल्य निर्धारण प्रक्रिया जटिल छ। यद्यपि कानुनमा नै सम्बोधन नगरी प्रक्रिया सरल गर्न सकिँदैन। तर, नियमावलीमा संशोधन गरेर अहिलेको मूल्यमा कम्तिमा आधा घटाइनु पर्दछ। ऐलानी जग्गा व्यक्तिले भोग गरेको अवस्थामा तोकिएको मूल्य लिएर दर्ता गर्ने तर सामाजिक संघ संस्था, क्लव, सरकारी निकायको दर्ता नगर्ने नियम युक्तिसङ्गत छैन। यसो हुँदा उनीहरूको पनि एक पटकलाई दर्ता गर्ने, विद्यालय आदिको नाममा रहेको जग्गामा लामो समयदेखि बसोवास एवं खेती गरेका भूमिहीन एवं किसानको जग्गा दर्ता गर्ने विषय पनि नियमावलीमा सम्बोधन हुन आवश्यक छ।

निजी जग्गासँग सीमा जोडिएको जग्गा दर्ता गर्न नपाउने, सीमा नजोडिएको मात्र पाउने भन्ने हालको व्यवस्था व्यवहारिक छैन। सो व्यवस्थामा संशोधन हुनुपर्दछ। स्थानीय तहलाई लगत सङ्कलन, सत्यापन र प्रमाणीकरणको अतिरिक्त प्राविधिक जनशक्ति करार वा परामर्श सेवाबाट लिई जग्गा नापी गर्नेसम्मको अधिकार दिइनु पर्दछ। स्थानीय तहले यस कार्यलाई अनिवार्य गर्नुपर्ने गरी बाध्यकारी बनाइनुपर्छ।

अव्यवस्थित बसोवासीबाट उठ्ने राजश्व कति प्रतिशत स्थानीयले पाउने भन्ने टुङ्गो लगाउन आवश्यक छ। यो टुङ्गो लगाउन सक्दा स्थानीय तहले आफ्नो स्रोत लगाानी गर्न उत्प्रेरित हुने अवस्था आउँछ। जिल्ला समितिको सदस्य सचिव- उपसचिव तहको पूर्णकालिन हुनुपर्दछ। अन्य निकायमा पनि काम गर्ने र आयोगको जिल्ला समितिको पनि काम गर्ने भनेर व्यवस्था गर्ने हो भने यो कामले कहिल्यै प्राथामिकता पाउने देखिँदैन।

भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोवासीको समस्या समाधानको लागि भएका प्रयासले परिणाम दिन सकेका छैनन्। यसको विषयमा गहिरो अध्ययन भई आयोगले काम गर्न सक्नेगरी बाटो खोल्नु पर्दछ। कारण जेसुकै भएपनि एकले अर्कोलाई दोष देखाएर त पन्छिन् सकिएला तर, अति पिँधमा रहेका वर्ग- भूमिहीन दलित र भूमिहीन सुकुमबासीको राज्यप्रति भरोसा गुम्ने स्थिति राम्रो होइन। स्थानीय तह, प्रदेश र सङ्घ सबै मिलेर जवाफदेही ढङ्गले यो समस्यालाई अभियानकै रूपमा सम्पन्न गर्नुपर्दछ। यसका लागि राजनीतिक नियुक्तिबाट पदाधिकारी नियुक्ति गरिए पनि यसका अनुभवी र कार्यक्षमता भएकालाई जिम्मेवारी दिनु पर्दछ। यो समस्या समाधान गर्ने विषयलाई केवल दलगत फाइदा र बेफाइदाको हिसावले नहेरी मूलतः पिँधमा रहेका नागरिकको सामाजिक न्यायको दृष्टिकोण अपरिहार्य छ। यस कार्यलाई सफल बनाउन सम्बन्धित सबै सरोकारवालाको सहकार्य आवश्यक छ। ✿



गोपाल गिरी

# बिर्ता जग्गा जोताहाले दर्ता गर्ने विकल्प




> प्रभावित नुवाकोट र रसुवा जिल्लामा साविकमा बिर्ता र हाल निजी (रैकर) जग्गा पनि प्रशस्त भएको हुँदा ती जग्गा साविकदेखि नै मालपोत ठेकिएका र कमाइआएका किसानले बिर्तावाललाई नै मालपोत तिरी आएका जग्गा हुन। त्यस्ता जग्गालाई बिर्ता उन्मूलन ऐन २०१६ ले 'क' श्रेणीका बिर्ता भनी परिभाषित गरेको हुँदा निसर्त जग्गा कमाउने मोहीको नाउँमा रैकर परिणत गरी दर्ता भए। यी जग्गामा कुनै समस्या छैन।

बिर्ता जग्गा रैकरमा परिणत गरी दर्ता गराउन चाहनेले २०८३ असार मसान्तभित्र दरखास्त पेस गर्न सरकारले चौथो पटक सूचना प्रकाशित गरेको छ। यसै सन्दर्भमा, २०८२ चैत २८ र २९ गते बिर्ता जग्गाको टड्कारो समस्या रहेका नुवाकोटको गोस्र्याङ र रसुवाको कालिकामा बिर्ता जग्गा कमाउने व्यक्ति (बिर्ता किसान) र जनप्रतिनिधिहरू सम्मिलित छलफल कार्यक्रम आयोजना गरिएको थियो। मैले पनि सो छलफल कार्यक्रममा सहभागी भै बिर्ता किसानसँग साक्षात्कार हुने अवसर पाएको थिएँ।

छलफलका क्रममा जग्गा कमाउने पक्षका धारणा बुझ्न पाइयो। बिर्ता किसानको भनाइको सार- बिर्तावालले २०४९ असारपछि पनि कर्मचारीसँग मिलेमतो गरी जग्गा दर्ता गरेको, बिर्ताअन्तर्गत नपर्ने जग्गा पनि बिर्ता हो भनी दर्ता गरेर विभिन्न कोणबाट आफूहरूलाई धोका दिए भन्ने थियो। बिर्तावालले पाइलै नटेकेको जग्गा आफ्नो नाममा नापजाँच गरी लगेको हुँदा कुनै बिर्तावाल आएर आफ्नो बिर्ता जग्गाको साँध सिमाना देखाउन मात्र सक्यो भने पनि आफूहरू जग्गा छाड्न तयार रहेको उनीहरूको भनाई छ। साथै बिर्तावालले विभिन्न जालझेल गरेर दर्ता गरेका जग्गा हाल

आएर बिचौलियामार्फत बिक्री वितरणको प्रयास गरिरहेकाले स्थानीय तहले ती जग्गाको मालपोत नै नबुझेर जग्गा बिक्रीमा अवरोध पुऱ्याउने रणनीति अङ्गीकार गर्नुपर्ने उनीहरूको जिकिर देखियो । छलफलमा सहभागीमध्ये कसैसँग जोताहा मोहीको निस्सा, कसैसँग मोही जनिएको फिल्डबुक त कसैसँग जग्गा धनीमा बिर्तावालको नाम र मोहीमा आफ्नो नाम भएको जग्गा धनी पुर्जाको फोटोकपीसमेत भएको पाइयो ।

बिर्ता जग्गाभित्र मुख्यतः ३ प्रकृतिका जग्गा देखिन्छ । प्रभावित नुवाकोट र रसुवा जिल्लामा साविकमा बिर्ता र हाल निजी (रैकर) जग्गा पनि प्रशस्त भएको हुँदा ती जग्गा साविकदेखि नै मालपोत ठेकिएका र कमाइआएका किसानले बिर्तावाललाई नै मालपोत तिरी आएका जग्गा हुन् । त्यस्ता जग्गालाई बिर्ता उन्मूलन ऐन २०१६ ले 'क' श्रेणीका बिर्ता भनी परिभाषित गरेको हुँदा निसर्त जग्गा कमाउने मोहीको नाउँमा रैकर परिणत गरी दर्ता भए । यी जग्गामा कुनै समस्या छैन ।


बिर्ता उन्मूलन ऐनले 'ख' श्रेणीको बिर्ता जग्गा बिर्तावालको नाममा दर्ता हुने भनेको छ । यसभित्र बिर्तावालले आफैँ कमाइ खाएको जग्गा र आयस्ता खाने गरी अरूलाई कमाउन दिएको जग्गा पर्छ । आफैँ कमाइ खाएको जग्गा सोझै बिर्तावालको नाममा रैकर परिणत गरी एकलौटी दर्ता हुन्छ । यसरी बिर्तावाल स्वयं आफैँले कमाइ खाएको र सो नाताले दर्ता भएको जग्गाका सम्बन्धमा पनि कुनै गुनासो देखिएन र गुनासो गर्ने ठाउँ पनि छैन ।

अब रह्यो बिर्तावालले आयस्ता खाने गरी कमाउन दिएको 'ख' श्रेणीको बिर्ता जग्गा । समस्या यसमा रहेको बुझिन्छ । कसैको आमोद कमोतमा नरहेको, मालपोत नठेकिएको र बिर्तावालको हक पुग्ने कुनै जग्गा बिर्तावालले आयस्ता (मालपोत भन्दा बढी जिन्सी वा नगद) उठाइ खाने गरी कसैलाई मोहियानीमा कमाउन दिएको रहेछ भने सो जग्गा मोहीसहित बिर्तावालको नाममा दर्ता हुने कानुनी व्यवस्था थियो । बिर्ता समस्या चाँडो छिनोफानो गर्न सरकारले बेलाबखत ऐन नियममा संशोधन गरी बिर्तावाललाई ताकेता गरेको देखिन्छ । बिर्तावालले पनि समयमै जग्गा दर्ता गराउन नसक्नुका कारण होलान् तर सरकार बिर्तावाललाई सधैँभरि पर्खिरहन सकेन । अन्ततः बिर्ता उन्मूलन ऐन, २०१६ मा तेस्रो संशोधन गरी २०४९ असार मसान्तसम्ममा कसैका नाउँमा रैकरमा परिणत गरी दर्ता भैनसकेको वा दर्ताको क्रममा मालपोत वा अदालतमा विचाराधीन रहेको बाहेक 'ख' श्रेणीको बिर्ता जग्गा सो जग्गा कमाउनेका नाममा दर्ता गर्ने व्यवस्था भयो । यस मितिपछि बिर्तावालले जग्गा दर्ताका लागि निवेदन दिन नपाउने र दिएको भए पनि बदर हुने व्यवस्था गरियो ।

**बिर्ता उन्मूलन ऐनले 'ख' श्रेणीको बिर्ता जग्गा बिर्तावालको नाममा दर्ता हुने भनेको छ । यसभित्र बिर्तावालले आफैँ कमाइ खाएको जग्गा र आयस्ता खाने गरी अरूलाई कमाउन दिएको जग्गा पर्छ । आफैँ कमाइ खाएको जग्गा सोझै बिर्तावालको नाममा रैकर परिणत गरी एकलौटी दर्ता हुन्छ । यसरी बिर्तावाल स्वयं आफैँले कमाइ खाएको र सो नाताले दर्ता भएको जग्गाका सम्बन्धमा पनि कुनै गुनासो देखिएन र गुनासो गर्ने ठाउँ पनि छैन ।**

ऐनको तेस्रो संशोधनले २०४९ असार मसान्तसम्म दर्ता नभएका जग्गा, कमाइआएका व्यक्तिले निर्धक्क दर्ता गर्न पाउने व्यवस्था गऱ्यो । यसका लागि वि.सं. २०५३, वि.सं. २०५६, वि.सं. २०६६ र अहिले २०८३ असार मसान्तसम्म गरी ४ पटक दर्ता बाँकी 'ख' श्रेणीको बिर्ता जग्गा कमाउनेले दर्ता गर्नका लागि दरखास्त दिन सूचना प्रकाशित भएको देखिन्छ । जग्गा कमाउनेले नै दर्ता गर्न पाउने व्यवस्था गरेको ३२ वर्ष नाघिसक्दा पनि किसानमा जग्गा दर्ता गर्नेतर्फ पर्याप्त उत्सुकता नदेखिनु विचारणीय छ । बिर्तावालले गैरविर्ता जग्गा झुक्याएर वा तेस्रो संशोधनपछि मिलेमतो गरी जग्गा दर्ता गरेका रहेछन् भने पनि जोताहाले जग्गा दाबी गरेपछि कस्तो जग्गा, कहिले, के कस्ता प्रमाणका आधारमा दर्ता भएको रहेछ भन्ने तथ्य बाहिर आउँछ । दूषित दर्ता ठहरेमा जहिले दर्ता गरेको भए पनि बदर हुने व्यवस्था छँदैछ । साथै बिर्तावाललगायत कुनै पनि व्यक्तिले आफ्नो स्वामित्वमा रहेको जग्गा कानुनको अधीनमा रही उपयोग वा हक हस्तान्तरण गर्न पाउँछ । मालपोत नबुझेर वा अन्य कुनै उपाय अवलम्बन गरी जग्गाको हक हस्तान्तरणमा अवरोध पुऱ्याउने रणनीतिले समाधान दिँदैन ।

जग्गा कमाउने जोताहासँग रहेका मोही प्रमाणपत्र, फिल्डबुक, जोताहा निस्सालगायतका कागजात स्वामित्व दाबी गर्ने प्रमाण मात्र हुन् । स्वामित्वका प्रमाण होइनन् । सरकारले सूचना निकालेको म्यादभित्र दरखास्तसहित ती प्रमाण पेस गरी स्वामित्वको प्रमाणपत्र प्राप्त गर्ने प्रक्रियामा सामेल हुनु सरोकारवालाको कर्तव्य हो । आफूसँग भएका प्रमाणहरू खल्तीमा च्यापेर बस्नुको साटो सरकारले जग्गा दर्ता गर्न दिएको अवसर सदुपयोग गर्नुपर्छ । बिर्ता जग्गा दर्ता गर्न बाँकी रहेको भनी सरोकारवालाबाट बारम्बार माग भएकै कारण ऐन नियम संशोधन गरी पटक पटक सूचना प्रकाशित गरिएको प्रष्ट छ । सूचना प्रकाशित भएका बखत वास्ता नगर्ने र म्याद सकिएकै भोलिपल्टदेखि जग्गा दर्ता खुलेन, दर्ता गर्न पाइएन भन्ने प्रवृत्तिले समस्याको निकास निक्लँदैन । यो अवसर १६ वर्षपछि प्राप्त भएको छ । यस अवसरको सदुपयोग गरी समस्याको छिनोफानोमा लाग्ने कार्य बिर्ता किसानको प्राथमिकतामा पर्नुपर्छ । यही नै अहिलेको उत्तम विकल्प हो । ✿



सुष्मा न्यौपाने

# धनौजीको भूमिहीन समुदाय : वास्तविकता र पैरवीका सवाल

धनुषाको धनौजीमा पहिलो पटक २०८२ असोज ४ गते पुगेकी थिएँ। महिनाले असोज छोए पनि अति नै गर्मिलो भदौरे घाम थियो। मधेस, चर्को घाम, लालगढदेखि धनौजीसम्मको यात्रा। त्यो दिन चिया पनि नपिइ निस्केका थियौँ। धनौजीको बारेमा केही सुनेको र परिवेश विश्लेषणको एकदमै प्रारम्भिक प्रतिवेदन अध्ययन गरेकाले मानसपटलमा केही अनुमानित चित्र भने बनेका थिए। धनौजी नै नपुगे पनि उस्तै समुदायहरूमा पुगेको अनुभवले होला, दिमागमा बनेका चित्रहरू धेरै हदसम्म मेल खाए।

धनौजी, ५ बहुअर्वामा पुग्दा भेटिएकामध्ये लक्ष्मीकुमार पासवान राम्रोसँग नेपाली र मैथिली बोल्ने/बुझ्ने र अरूलाई पनि बुझाउन सक्ने रहेछन्। सबैले नेपाली भाषा नबुझ्ने भएकाले लक्ष्मीकुमार जस्तो सहयोगी फेला पार्नु निकै सकारात्मक पक्ष थियो। त्यसपछि थप २ बस्ती भररियाको पासवान टोल र धनौजी बजार नजिकको खत्वे मण्डल टोल पुगियो। छोटो छलफलपछि केहीलाई अगुवा बनाउन सकिने सङ्केत मिल्यो।

यसपटकको छोटो छलफलमा हामीले समुदायमा केही समयअघिदेखि हुँदै आएको परिवेश विश्लेषणबारे छलफल गर्‍यौं। उक्त प्रतिवेदनबारे अझै धेरै छलफल गर्नुपर्ने र प्राप्त सूचनाहरू सत्यापन गर्ने उद्देश्यले दुई दिन जनकपुरमा परिवेश विश्लेषण प्रतिवेदन सत्यापन कार्यशाला आयोजना गरिएको थियो। उक्त कार्यशालाका लागि हरेक समुदायबाट महिला र पुरुष बराबरी हुने गरी ६/६ जना अगुवा छनोट गरियो। साथै भूमि समस्या समाधान आयोगमार्फत काम भइरहेको र भूमिहीन तथा अव्यवस्थित बसोबासीहरूको लगत सङ्कलनको काम, प्रक्रिया तथा आवश्यक कागजातबारे जानकारी गराइएको थियो।

२ दिनको सत्यापन कार्यशालामा सहभागीहरू बिस्तारै खुल्न र आफ्ना कुरा राख्न थाले। हामीले सहभागीमूलक रूपमा समुदायको नक्सा बनाउने, स्रोतहरू पहिचान गर्ने, समस्या, त्यसका कारण र असरहरू पहिचान गर्ने, समस्या समाधानका लागि सरोकारवाला को हुन् र समुदायसँगको सम्बन्ध कस्तो छ भनेर अभ्यास गर्ने, समुदायको विगत २० वर्षअघिको अवस्था कस्तो थियो, हाल कस्तो छ र अबको २० वर्षपछि कस्तो देख्न चाहनुभएको छ भनी परिकल्पना अभ्यास गराउनेलगायतका छलफल गराएका थियौँ।

परिकल्पना अभ्यास तथा नक्साहरूको प्रयोगबाट आफूहरूले भोगेको विगतसँग अहिले बाँचिरहेको वर्तमानको तुलना गर्दा परिवर्तनको महसुस गरे। समुदायले आफ्नो विगतको पीडा र वर्तमानको अवस्थाबीच तुलना गरेपछि उनीहरूले प्राप्त उपलब्धिको मूल्य बुझ्न र अझ अगाडि बढ्न प्रेरणा पाएकोसमेत बताए। यसले आत्मसम्मान र सामूहिक ऊर्जा दुवै बढाउन मद्दत गर्‍यो। सकारात्मक परिवर्तनको महसुसले अझै परिवर्तनको सपना देख्न र लागि पर्न उत्साहसमेत दियो।

दोस्रो पटक कात्तिक १६ मा फेरि धनौजी पुगियो। सङ्गठन बनाउन तथा वडा र पालिकासँग छलफल गर्ने कुरा त भयो तर वडा र पालिकाका जनप्रतिनिधिले कुरा सुन्लान् र भन्ने प्रश्न पनि छलफलकै एक कुनाबाट उब्ज्यो। यो स्वाभाविक पनि थियो किनकि कहिल्यै आफ्नो कुरा नसुनिएको अनुभव उनीहरूसँग ताजै थिए। भोलिपल्ट पालिका अध्यक्ष तथा वडाध्यक्ष दुवैसँग छलफल भयो।

### सङ्गठन र अगुवा निर्माणको यात्रा

धनुषाको धनौजी गाउँपालिकाका विभिन्न बस्तीमा २०८२ कात्तिक १६ देखि १९ सम्म भूमिहीन समुदायसँग शृङ्खलाबद्ध छलफल भयो। छलफलमा समुदायका सदस्यले भूमिहीनता र त्यससँग जोडिएका समस्या समाधानका लागि सामूहिकरूपमा अभियान सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे। यस क्रममा खत्वे मण्डलमा 'शंकरजी गाउँ भूमि अधिकार मञ्च', झोझिकटैयामा 'पल्टनकुटी गाउँ भूमि अधिकार मञ्च', पासवान टोलमा 'श्री सलहेशबाबा गाउँ भूमि अधिकार मञ्च', मुसहर टोलमा 'दिनाभद्री गाउँ भूमि अधिकार मञ्च' र बहुअर्वामा 'हरहर महादेव गाउँ भूमि अधिकार मञ्च' गठन भए। छलफलहरूमा राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका सदस्य इच्छाराम परियार र मधेस प्रदेश सचिव अनुप माझीको पनि सहभागिता तथा सहजीकरण राम्रो रह्यो।

हरेक गाउँका अगुवाद्वारा वडा नं. २, ३, ४ र ५ का वडा अध्यक्ष र पालिका अध्यक्षसँग भेटी भूमिहीन परिवारको लगत प्रमाणीकरण, फाइल अद्यावधिक तथा आवश्यक प्रक्रिया अगाडि बढाउन तथा समुदायका अन्य समस्या समाधानका लागि मागपत्रसमेत पेस गरियो। जनप्रतिनिधिहरूले कागजातहरू पूरा गरी यथाशक्य चाँडो पालिकामा बुझाउने प्रतिबद्धता व्यक्त गरे। साथै समुदायका अन्य समस्या समाधानका लागि समेत पहल गर्ने प्रतिबद्धता जनाए।

एक्लै जाँदा कहिल्यै आफूहरूको कुरासमेत नसुनिएको तर सामूहिकरूपमा वडा र पालिका पुग्दा उहाँहरूलाई गरिएको सम्मान तथा ध्यानपूर्वक कुरा सुन्ने र समाधानको

विकल्प खोज्ने प्रतिबद्धताले अगुवाको निकै हौसला बढायो। सङ्गठन र सामूहिक पहल नै अधिकार प्राप्तिको प्रभावकारी माध्यम हो। एक्लो व्यक्तिको आवाज कमजोर हुन सक्छ तर सङ्गठित आवाजले सरोकारवालालाई जवाफदेही बनाउन सक्छ। त्यसैले सङ्गठन निर्माण केवल संरचना नभई परिवर्तनको माध्यम हो भन्ने यस भ्रमणबाट थप पुष्टि भयो। यही बसाइमा भविष्यमा आयोजना गरिने वकालतीय तालिमबारे जानकारी गराएर अगुवा छनोट गरियो।

## वकालतीय तालिम

२०८२ पुस ६ देखि ८ सम्म धनौजीकै अगुवाहरूका लागि वकालतीय तालिम सञ्चालन गरियो। आफ्नो समुदाय र गाउँबाट अलि टाढा ल्याइ, पूर्ण समय तालिममा केन्द्रित हुन सकून् भन्ने उद्देश्यले सहभागीलाई लालगढ बोलाइएको थियो। तालिममा १८ महिलासहित ३० जना अगुवा सहभागी भए। भाषागत कठिनाइलाई मध्येनजर गर्दै अनुप माझी र रामपरीक्षण रामलाई सहजीकरणमा विशेष जिम्मेवारी दिइएको थियो। सहभागी अत्यन्तै उत्साहित थिए। त्यसैले उनीहरूले खुलेर विचार, अनुभव र प्रश्न राखे। फोरम एशियाकी मेलिला अनन्थराजले अनलाइनमार्फत अङ्ग्रेजी भाषाबाट गर्नुभएको सहजीकरण जगत सरले नेपालीमा बुझाइदिनुभयो। अभियान अधिकृत साथी निहारिका चौधरीद्वारा निर्मित चित्रले तालिमलाई जीवन्त बनाउन सघायो।

सहभागीहरूले विषयवस्तुबाट ज्ञान प्राप्त गर्नुका साथै आफूलाई गरिएको सम्मान, आत्मीय व्यवहार तथा उनीहरूका कुरा ध्यानपूर्वक सुनिएको अनुभव भएको थियो। र उनीहरूले अत्यन्त खुसी व्यक्त गरेका थिए। सहभागीमूलक र सिर्जनात्मक सिकाइ विधिहरू, जस्तै- गीत, अभिनय, चित्र र नक्सा प्रयोगले सिकाइलाई अझ प्रभावकारी बनायो। महोत्तरीबाट आएका फूलकुमारी सदा र रीता सदाको जीवन अनुभव र उनीहरू सङ्गठनमा आबद्ध भएपछि आएको सकारात्मक परिवर्तनको जीवन्त-कथाले सहभागीहरूमा प्रेरणा, आशा र सकारात्मक सोचको विकास गरायो।

तालिमका क्रममा सहभागीहरूलाई आफ्ना अनुभव, व्यक्तिगत र पारिवारिक अवस्था खुलस्तरूपमा साटासाट गर्न पर्याप्त अवसर दिँदा उनीहरूबीच विश्वास, सहजता र सिकाइको वातावरण सिर्जना भयो यसबाट सजिलै घुलमिल हुन र सिकाइमा सक्रियरूपमा सहभागी हुन सहयोग गर्‍यो जसले उनीहरूको आत्मविश्वास पनि बढायो। आफूहरूको तथा समुदायको विगत र वर्तमान अवस्था तुलना गर्दै छलफल गर्दा समुदायले आफ्नै जीवनमा आएको परिवर्तनलाई गहिरोरूपमा महसुस गर्न सके। विशेषगरी हरवा चरवा प्रथाबाट मुक्तिपछि प्राप्त स्वतन्त्रताले जीवन र जीविकोपार्जनमा कस्तो रूपान्तरण ल्याएको छ भन्ने बुझाइ थप स्पष्ट भएको देखियो।

## सुखतर्फको यात्रा

पहिले समुदायका अधिकांश मानिस हर वा चरवा प्रथामा बाँधिएर साहू/महाजनको अधीनमा जीवन बिताउन बाध्य थिए। उनीहरूलाई साहूले दिएको खाना र पुराना कपडामा निर्भर रहनुपर्थ्यो तथा शिक्षा, स्वतन्त्र रोजगारी, सरकारी सेवा र सामाजिक अवसरहरूबाट वञ्चित रहनुपर्थ्यो। महिलाहरू दिनरात श्रम गर्न बाध्य थिए भने नागरिकता, जन्म दर्ता र जमिन जस्ता आधारभूत अधिकारसमेत धेरैसँग थिएनन्। जातीय विभेद, शोषण र अमानवीय व्यवहार व्यापक थियो।

हरवा चरवा मुक्तिपछि समुदायको अवस्थामा उल्लेखनीय सुधार आएको छ। अहिले मानिस आफ्नै इच्छाअनुसार खेतीपाती, मजदूरी तथा अन्य पेसामा संलग्न हुन पाएका छन्। धेरै परिवार अधिया-बटैया खेती, वैदेशिक रोजगारी तथा विभिन्न सिपमूलक काममा आबद्ध छन्। गाउँमा सडक, बिजुली र शिक्षाको पहुँच बढेको छ, बालबालिका विद्यालय जान थालेका छन् र केही परिवारले आफ्नै जमिन जोडेका छन् भने घरसमेत निर्माण गरेका छन्।

यद्यपि, ज्यालामा शोषण, जातीय विभेद, भूमिहीनता, स्वामित्वको अभाव, सरकारी स्रोतमा सीमित पहुँच, बालविवाह तथा युवामा कुलत जस्ता समस्या अझै विद्यमान छन्। समग्रमा समुदाय डर, निर्भरता र उत्पीडनको अवस्थाबाट स्वतन्त्रता, आत्मसम्मान र सुधारोन्मुख जीवनतर्फ अघि बढेका देखिन्छ।

तालिममा प्रयोग गरिएका सहभागितामूलक विधिहरू (जस्तै- समूह कार्य, अनुभव आदान-प्रदान, चित्र तथा भिडियो सामग्री, नाटक तथा अभिनय) ले सिकाइलाई व्यावहारिक, रोचक र प्रभावकारी बनाएको थियो। सहभागीले आफ्नो समुदायको सन्दर्भमा समस्या पहिचान, प्राथमिकता निर्धारण तथा साना तर प्रभावकारी पहल सुरु गर्ने आत्मविश्वास विकास गरेका छन्। यसले उनीहरूलाई केवल ज्ञान प्राप्त गर्ने होइन, व्यवहारमा उतार्ने स्तरसम्म सक्षम बनाएको छ।

अगुवाहरूले सङ्गठन बढाउनुपर्ने महसुस गरी थप एउटा नयाँ सङ्गठन बनाएका छन्। सङ्गठनको बैठक र छलफल नियमित भइरहेको छ। उनीहरूले वडा, पालिका, भूमि समस्या समाधान आयोग तथा भूमि अधिकार मञ्चसँग सहकार्य गरिरहेका छन्। वडा र पालिकामा निरन्तर फलोअप गर्ने कार्य गरेका छन्। साथै उनीहरूले जीवनमा थुप्रैपटक मतदान गरे तर मतदान गर्नुअघि उनीहरूसँग संवाद गर्ने र आफ्ना माग राख्ने आँट गरेनन् या भनौँ त्यस्तो अवसर नै पाएनन् तर यसपटकको निर्वाचन अघि उम्मेदवारलाई सामूहिकरूपमा भेटैर लिखित माग बुझाए। ताकि भविष्यमा पनि उनीहरूको वाचा र प्रतिबद्धतालाई झक्झक्याउन सकियोस्।

पटक-पटक भूमि समस्या समाधान आयोग बनेर भूमिहीन तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन तथा प्रविष्टीकरणको काम निरन्तर भए पनि धनौजीमा भने जनशक्तिको कमीलगायत समस्याको कारणले पूर्णरूपमा काम हुन नसकेको अवस्थामा हाल अगुवा विलक्षण मण्डलको अगुवाइमा ५ वटै वडाको लगत सङ्कलनको कामसमेत भएको छ।

धनौजीका अगुवा हाल जिल्ला भूमि अधिकार मञ्च धनुषासँग पनि जोडिएर अभियानका गतिविधि तथा क्षमता विकास तालिमहरूमा सहभागी हुने गरेका छन्। यसरी छोटो समयमा अगुवा र सङ्गठनमार्फत धनौजीमा केही सकारात्मक परिवर्तन सुरुवात भएको छ।



निहारिका चौधरी

# भूपरिवेश अध्ययन : अनुभूति र सिकाइ



सरल शब्दमा परिवेश विश्लेषण कुनै समस्याको पहिचान र अध्ययन गर्ने प्रक्रिया हो। यसले समस्याहरूको लेखाजोखा र सूचना अद्यावधिक गर्न मद्दत गर्छ। संस्थाको आन्तरिक छलफलमा रौतहटको गुजरास्थित महुलिया टोलका २ सङ्गठनको परिवेश विश्लेषण गर्ने टुङ्गो भयो र त्यसको तयारीमा लागेँ। दाङ टिमले तयार गरेको सङ्गठनको नमूना अध्ययन गरेँ र नबुझेका कुरा दाङका अभियान संयोजक (रेमन्त चौधरी) सँग छलफल गरी जानकारी लिएँ।

२०८२ माघको ९ देखि १२ गतेसम्म महुलिया टोलमा बिताइयो। यसरी पहिलो पटक कुनै सङ्गठन र समुदायसँग ४ दिनको बसाइ, छलफल र भेटघाटबाट सङ्गठनको किताब तयार गर्ने कुराले अगुवाहरू उत्साहित भएको अनुभूति भइरहेको थियो। उनीहरूको उत्साह देखेर म पनि उत्साहित थिएँ। म आफ्नै मान्छेका बीचमा छु भन्ने अनुभूतिलाई 'जय भूमि' को अभिवादनले अझ नजिक बनायो जसले सदस्यहरूसँग जोडिन सहज भएको थियो।

सङ्गठनका सदस्यहरूसँग परिवेश विश्लेषण पुस्तिकाबारे छलफल, बस्तीको अवलोकन, समुदायका ज्येष्ठ नागरिक तथा जानकार अगुवाहरूसँग छलफल (समुदायको इतिहास र स्रोतको उपलब्धता, नामकरण, बस्तीको विकासक्रम आदि) बारे भेटघाट, सहभागितामूलक विधि र प्रक्रियाको अभ्यास (सामाजिक तथा स्रोत नक्सा, परिकल्पना अभ्यास, शक्ति विश्लेषण, रुख विश्लेषण) र सदस्यहरूको आधारभूत सूचना (व्यक्तिगत विवरण) सङ्कलनको खाका प्रयोग गरिएको थियो।

महुलिया टोल सङ्गठन भएको बस्ती मात्र नभएर बस्तीको उत्तरतिरको भूमिपतिहरूको बस्ती पनि महुलिया टोल भनिने रहेछ। तर हाम्रो सङ्गठन रहेको बस्ती भने विभिन्न कारणले भूमिहीन भएका र कोहीचाहिँ आफ्नो साविकको जग्गामा उब्जनी नभएका कारणले त्यस ठाउँमा आइ बसोबास गर्दै आएका छन्। साथै झाडी फँडानी गरेर जीविकोपार्जनका लागि जमिनलाई ऊर्वर बनाएर उपभोग गर्दै आएका छन्। २०२८ सालदेखि बिभिन्न कालखण्डमा झाडी फाँडेर बस्न पाइन्छ भनेर आएका भूमिहीनहरू अहिलेसम्म

**सङ्गठनका सदस्यको जीवन स्तरोन्नति हुनुको कारण वैदेशिक रोजगारी र पशु पालनबाट हुने आम्दानी र सहज यातायात सुविधा आदि मुख्य रहेछ। समयसँगै टोलमा विभिन्न सङ्घ/संस्थाको उपस्थितिले पनि समुदायका सदस्य जागरूक भएका छन्।**

लालपुर्जाबिहीन छन् । अचम्मको कुरा, २०२८ सालदेखि आवाद कमोद गरेको जमिन २०५७-५८ मा सामुदायिक वन कायम हुन्छ र त्यसपछि वनका कर्मचारीले सताउन थाल्छन्, लगाएको बाली नस्ट (क्षति) गरिदिन्छन् । २०६३ सालदेखि त जङ्गल फाँडेको बहानामा पटक पटक पक्राउ गर्ने, जरिवाना तिर्न लगाउने, मुद्दा हाल्ने जस्ता काम सामान्य भएका छन्, यी बस्तीमा । पदमबहादुर तिरुवा र सुरज महतोले आफूहरूलाई दिइएको दुःख र पीडाको भोगाइ सुनाइरहँदा म आफैँलाई सम्हाल्न गाह्रो भएको थियो । 'जाने ठाउँ कहीँ थिएन, २०२८ सालदेखि दुःख गरेर बनाएको जमिन, ठूलो परिवार, अरूको हरवा चरवा बसेर गर्नु भन्दा आफैँले बनाएको जमिनमा काम गरे परिवारलाई पेटभर खान ख्वाउन सक्थैं, त्यसैले वनको अत्याचार सहेर भए पनि जमिन छाडिन'- महतोले यथार्थ खोले ।

बस्तीका घर प्रायः काठले बनेका छन् । शायद नजिकै वन भएर होला । घरहरू शहर बजारमा बनेका जस्ता टाँसिएका, गुजुमुज्ज परेका छन् तर यही बस्तीको उत्तरतिर धेरै भूमि भएका जमिनदारहरूको बस्ती छ । जहाँ खुला छ । करेसाबारी छ । खुल्लमखुला छ । यही कारण जमिनवालाको बस्ती भन्ने छुट्याउन कुनै गाह्रो पर्दैन । भूमि अधिकारबाट वञ्चितहरू कसैको घरमा तरकारी रोपेको देखिन्न । ठाउँ भए पो रोपून् । उनीहरूको सामूहिक भनाइ थियो- तरकारी रोप्ने मन भए पनि ठाउँ नै छैन ! सबैले किनेरै खाने हो । सिजनअनुसार जङ्गलको साग तरकारी खान्छौँ । कमाइ गरिएको खेत पनि घर नजिक छैन । त्यही पनि बाँदर र अरू जङ्गली जनावरले बाँकी राख्दैनन् । दिनभर कुरेर बसे अरू काम रोकिन्छ ।

२०६३ मा पहिलो पटक जीतबहादुर बिकको अध्यक्षतामा गाउँ भूमि अधिकार मञ्च गठन भएको थियो । त्यतिबेला सङ्गठनमा ६० जना सदस्य आबद्ध थिए । जीतबहादुर बिक र अभियन्ता अनुप माझीको सक्रियतामा बनेको यो सङ्गठनको शक्ति, बल यति ठूलो हुन्छ भन्ने बल्ल आफूहरूले थाहा पाएको बस्तीबासी बताउँछन् । उनीहरूको बुझाइ छ- भूमिहीनहरू सङ्गठित भएपछि वनले सताउन छाड्यो । सङ्गठनकै कारण लगत सङ्कलन, प्रविष्टीकरण भएर निस्सा पाइएको छ । एउटा टोल/स्थानको सङ्गठनले अर्को टोल/स्थानको सङ्गठनलाई गाह्रो पर्दा सघाउने हुनाले गाउँ मञ्च/सङ्गठनको एक अर्काप्रतिको सामीप्यताले सङ्गठनको अस्तित्व उच्च बनेको छ तर यसलाई जोगाइराख्ने चुनौतीचाहिँ देखिन्छ ।

**परिवेश विश्लेषणको कार्य गर्दै गर्दा एउटा सङ्गठनलाई कम्तीमा पनि ३ दिनको समय चाहिने रहेछ । समुदाय टोलको बारेमा अझ बढी जानकार व्यक्तिहरूसँग भेटघाट र छलफल गर्न पुगेन जस्तो महसुस भयो । एउटै टोलमा २-३ वटा सङ्गठन भए स्रोत नक्सा, वृक्ष विश्लेषण, शक्ति विश्लेषण, गतिशील नक्सा र परिकल्पना अभ्यासका लागि सदस्यहरूलाई एकै ठाउँमा भेला पारेर छलफल गर्दा समयको बचत साथै कुरा छुट्ने सम्भावना कम हुन्छ ।**

पहिले धेरै दुःख भोगेका भूमिहीन अहिले त स्वर्गमै छौँ भन्छन् । बाटोको सुविधा, बाह्रै महिना सिँचाइका लागि नहर । नजिकै वन छ । दूध बेच्न पनि समस्या छैन । नजिकै दूध सङ्कलन केन्द्र छ । १२ कक्षासम्मको सरकारी विद्यालय बस्तीको आडैमा छ । निजी विद्यालयमा पढाउनेहरूका लागि टोलसम्म स्कुल बस आउँछ । पहिले भन्दा ज्याला पनि बढेको रहेछ । सङ्गठनका सदस्यको जीवन स्तर पहिलेको भन्दा स्तरोन्नति भएको छ । सङ्गठनका सदस्यको जीवन स्तरोन्नति हुनुको कारण वैदेशिक रोजगारी र पशु पालनबाट हुने आम्दानी र सहज यातायात सुविधा आदि मुख्य रहेछ । समयसँगै टोलमा विभिन्न सङ्घ/संस्थाको उपस्थितिले पनि समुदायका सदस्य जागरुक भएका छन् । सङ्गठन बनेदेखि आबद्ध सदस्यहरूले विभिन्न समयमा भूमि अभियान आन्दोलनमा सक्रिय सहभागिता जनाउँदै आएका छन् । सङ्गठनका सदस्यको सामाजिक तथा राजनीतिक सहभागिता पनि बढेको छ ।

२ वर्षयता सङ्गठन २ भागमा विभाजन भएको छ । सदस्यहरू धेरै हुँदा हिसाबकिताब गर्न गाह्रो हुने भएकाले २ सङ्गठन बनाइएको रहेछ । 'तर अभियान/आन्दोलनमा हामी साथै हुन्छौँ'- सक्रिय सदस्य फूलमती कुशवारको भनाइ छ । २०७२ को भूकम्प र कोभिडका कारण सङ्गठन खुम्चन पुगेको देखियो । केही सदस्य बसाइँ सरेर गएका रहेछन् । पहिले सदस्य रहेका तर बीचमा आन्दोलन कोष र बचत गर्न नसक्दा, साथै कोही कामको सिलसिलामा फरक जिल्लामा बस्ने हुँदा सङ्गठनबाहिर हुन पुगेका छन् तर पनि सङ्गठनप्रतिको उत्तिकै माया देख्दा खुसी लाग्यो ।

परिवेश विश्लेषणको कार्य गर्दै गर्दा एउटा सङ्गठनलाई कम्तीमा पनि ३ दिनको समय चाहिने रहेछ । समुदाय टोलको बारेमा अझ बढी जानकार व्यक्तिहरूसँग भेटघाट र छलफल गर्न पुगेन जस्तो महसुस भयो । एउटै टोलमा २-३ वटा सङ्गठन भए स्रोत नक्सा, वृक्ष विश्लेषण, शक्ति विश्लेषण, गतिशील नक्सा र परिकल्पना अभ्यासका लागि सदस्यहरूलाई एकै ठाउँमा भेला पारेर छलफल गर्दा समयको बचत साथै कुरा छुट्ने सम्भावना कम हुन्छ । राम्रो फोटो र भिडियो दस्ताबेजीकरणका लागि महत्वपूर्ण भएकाले त्यसमा ध्यान दिन जरुरी हुन्छ ।



गोपालकृष्ण बस्नेत

# सुरक्षित पुनर्स्थापना भएको एउटा बस्ती



भौगोलिक विविधताका कारण नेपालमा मनसुनको समयमा हुने भारी वर्षाले हरेक वर्ष पहिरो, बाढी, भू-क्षय, डुबानलगायतका मनसुनजन्य विपद् निम्तने गरेका छन् । विशेषगरी पहाडी क्षेत्रमा बसोबास गर्ने समुदायहरू पहिरोका कारण र तराई तथा नदी तटीय क्षेत्रमा बसोबास गर्ने परिवारहरू बाढी तथा डुबानका कारण प्रभावित हुने गरेका छन् । यसमा पनि सामाजिक तथा आर्थिकरूपमा पछाडी पारिएका भूमिहीन, दलित, सकुमबासी परिवारहरू बढी प्रभावित छन् । विशेषगरी उच्च तथा मध्यपहाडी जिल्ला जाजरकोट, रुकुम, सिन्धुपाल्चोक, गोरखा, लमजुङ पहिरोजन्य जोखिमका हिसाबले अति उच्च जोखिम जिल्लाका रूपमा मानिन्छन् ।

२०२० देखि २०२६ को मार्चसम्म मात्र ३ हजार २ सय ९३ वटा पहिरोका घटना विपद् पोर्टलमा रेकर्ड भएका छन् । यस्ता विपद्तको घटनाबाट १ हजार ४३ जनाको मृत्यु भएको छ भने ८ सय ८१ जना घाइते र १ सय ७६ जना बेपत्ता भएका छन् । जसमध्ये सिन्धुपाल्चोक जिल्लामा मात्र ८० वटा यस्ता विपद्का घटना हुँदा ८१ जनाको मृत्यु, ४२ जना घाइते र ४२ जना बेपत्ता भएका छन् ।

विपद् प्रभावित परिवारको पुनर्निर्माण र पुनर्स्थापना प्रक्रियालाई सहज बनाउनका लागि नेपाल सरकारले अनुदान रकम उपलब्ध गराउने व्यवस्था गरेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि २०८१ जारी गरी कार्यान्वयन गरिरहेको छ । यो कार्यविधिले मनसुनजन्य विपद् प्रभावित परिवारको पुनर्निर्माण, पुनर्स्थापना र प्रबलीकरण कार्यविधि २०७७ प्रतिस्थापन गरेको छ । कार्यविधिमा व्यवस्था भएअनुसार भूकम्पबाहेकका अन्य सबै प्रकारका विपद् प्रभावित परिवारको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि स्थानीय सरकारले २० प्रतिशत, प्रदेश सरकारले ३० प्रतिशत र बाँकी सङ्घीय सरकारबाट सहयोग गरिने कानुनी प्रावधान छ ।

सोही कार्यविधिबमोजिम सिन्धुपाल्चोक जिल्लाका ८ सय ५४ परिवार पुनर्निर्माण र ९ सय २० परिवार पुनर्स्थापनाका लाभग्राही कायम भएका छन् । जसमध्ये ४ सय ५८ परिवारले पुनर्निर्माण तथा पुनर्स्थापनाको काम सम्पन्न गरेका छन् भने १३ सय १६ परिवारको पुनर्निर्माणको काम गरिरहेका छन् ।

पुनर्स्थापनाको काम सम्पन्नको अन्तिम अवस्थामा रहेको बस्तीमध्ये एक हो, बाह्रबीसे नगरपालिका-६ गाति मानेडाँडाको दलित बस्ती । ७ मध्ये ५ परिवारको घर ठडिएर बसोबास गर्न सुरु गरिसकेका छन् भने २ घरको निर्माण प्रक्रिया अगाडि बढीरहेको छ ।

२०७२ को विनासकारी भूकम्पबाट राम्रोसँग उठ्न नपाउँदै सेवा समुदायका ७ परिवारको घर २०७७ को अविरल वर्षाका कारण पुनः जोखिममा पर्‍यो । भूकम्पपछि निर्माण गरिएको घरको आर्थिक बोझ पन्छाउन नपाउँदै थातथलो छाड्नुपर्ने अवस्थामा पुगे । खुला आँखाले पहिरो लागेको देखिँदैनथ्यो बस्तीमा । भ्गदै गएको जमिनले बनेका घरहरू चिरिँदै गए । बस्न नहुने भए । परिवारहरू पुनः पीडामा परे । पुनः घर बनाउन अन्य सुरक्षित स्थानमा घडेरीलगायतको अन्य जमिन र आर्थिक स्रोत थिएन । के गर्ने भन्ने अलमलमा थिए समुदायका सबै । बस्तीको अवस्थाबारे समुदायका अगुवा तिलक सेवाले नगरपालिकाका विपद् शाखाका प्रमुखलाई

जानकारी गराए । स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले उक्त स्थानको भौगर्भिक अध्ययनका लागि जिल्ला प्रशासन कार्यालयमार्फत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्‍यो ।

२०७७ मा प्रतिबद्ध परियोजनामार्फत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय र बाह्रबिसे नगरपालिकासँगको सहकार्यमा उक्त बस्तीको भौगर्भिक अध्ययन गरियो । अध्ययनले उक्त बस्तीको भूगोल मानव बसोबासका लागि उपयुक्त नभएको र बस्ती अन्यत्र सुरक्षित स्थानमा सार्नुपर्ने निष्कर्ष निकाल्यो । बस्ती जोखिम वर्ग ३ मा परेको प्रतिवेदन सम्बन्धित निकायमा पेस गरियो ।

त्यसपछि सुरु भयो लाभग्राही कायम गर्ने, घडेरी खरिद र पुनर्निर्माण प्रक्रिया । सम्बन्धित वडाको सिफारिसमा स्थानीय विपद् व्यवस्थापन समितिले विपद्को घटनाबाट क्षति भएको निजी आवासबाहेक सोही स्थान वा अन्यत्र बसोबासयोग्य अर्को निजी आवास नभएको सिफारिससहित ७ परिवारलाई पुनर्स्थापनाको लाभग्राहीको सूचीमा राखी अनुमोदनका लागि जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकलाई सिफारिस गर्‍यो । र, जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले सिफारिसको फाइल अध्ययन गरी ७ परिवारलाई नै पुनर्स्थापनाको लाभग्राही अनुमोदन गर्‍यो । र, सुरक्षित स्थानमा स्थानान्तरण प्रक्रिया अगाडि बढ्यो ।

लाभग्राही कायम सँगसँगै सुरक्षित आवास पुनर्निर्माण गर्न घडेरी खरिद प्रक्रिया अगाडि बढ्यो । अधिकांश कडा चट्टानी भूभाग भएकाले आवास निर्माणका लागि सुरक्षित घडेरी पाउन कठिन थियो । लाभग्राहीहरूले सोही वडाको मानेडाँडोमा सुरक्षित घडेरी फेला पारे । मापदण्डअनुसार जग्गा किनबेच गर्नुअघि जमिन भौगर्भिकरूपमा सुरक्षित भएको वा नभएको भनी एकिन गर्न भूजोखिम अध्ययन गर्नुपर्ने प्रावधानअनुसार सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूगर्भविद् परिचालन गरी जग्गाको अध्ययन गर्न स्थानीय सरकारलाई सहयोग गर्‍यो । अध्ययन प्रतिवेदनका आधारमा उक्त जमिन आवासका लागि सुरक्षित भएको एकिन गरियो ।

जमिन एकिन गरियो तर जमिनको मूल्य भने उनीहरूले सोचे भन्दा बढी भुक्तानी गर्नुपर्ने अवस्था आयो । सुरुवातमा जग्गा धनीले सहुलियत दरमा उपलब्ध गराउने सहमति भए तापनि केही मानिसको उक्साहटमा जमिनको मूल्य बढाइयो । स्थानीय सरकार र आत्मनिर्भर सेवा केन्द्रका कर्मचारीको संयुक्त पहलमा नेपाल सरकारले उपलब्ध गराउने अनुदान रकमभित्र नै ७ परिवारका लागि ३ रोपनी घडेरी २१ लाख रुपियाँमा खरिद गरे ।

**वडाको पहलमा पिउने पानी र बिजुलीको व्यवस्था समुदायमा उपलब्ध भएको छ । विद्यालय पनि अहिलेको बस्तीबाट नजिक छ । पहिलेको जमिन चिरा परेको छ तर पनि मकै कोदो भने उनीहरूले लगाइ केही कृषि उत्पादन गरिरहेका छन् ।**

जग्गा खरिदका लागि भौगर्भिक अध्ययनको प्रतिवेदन, वडाको सिफारिससहित स्थानीय सरकारको नेतृत्वमा सातै परिवार जिल्ला मालपोत कार्यालय गए । जग्गा पासको काम सोचे जस्तो सहज भएन । जग्गा धनीले जग्गा पास गरेपछि सरकारी ढङ्गामा जति मूल्य राखेको छ सोही मूल्यका आधारमा एक परिवारलाई अधिकतम् ३ लाख अनुदान रकम नेपाल सरकारले जग्गा धनीको नाममा बैङ्क खातामा उपलब्ध गराउने कानुनी प्रावधान छ । जग्गा धनीले पैसा पाउने आधार त थियो तर ढुक्क भने थिएनन् । वडा र जिल्लास्थित आत्मनिर्भर सेवा केन्द्रका कर्मचारी जमानी बसेपछि जग्गा पास गर्न राजी भए । जग्गा पास भयो र नेपाल सरकारले उपलब्ध गराउने अनुदान रकम बराबरको २१ लाख रकम जग्गा धनीको खातामा गयो ।

जग्गा पास गरे । घर निर्माणका लागि प्रक्रिया पनि अगाडि बढाए । जग्गासम्म पुग्नका लागि बाटो पनि सोही जग्गा धनीले नै उपलब्ध गराए । बाटो निर्माण गर्ने काम भने ७ परिवारको सामूहिक श्रमदानबाट सम्पन्न गरे । कार्यविधिले ६ परिवार भन्दा बढी परिवारले एकै स्थानमा निजी आवास निर्माण गरी बसोबास गर्न चाहेमा एकीकृत बस्तीको अवधारणामा काम गर्न सकिने व्यवस्था गरेको छ । तर स्रोतको व्यवस्थापन कसरी गर्ने भन्ने विषय भने अन्योल छ । एकमुष्ठ खरिद गरिएको ३ रोपनी जग्गाबाट सडक निर्माण गरी बाँकी रहेको जग्गा प्रतिपरिवार ५/५ आना भाग लगाए । सबैको पहुँच हुनेगरी सडक पुर्‍याए अनि सुरु गरे घर निर्माणको काम ।

घर निर्माणका लागि सामूहिक छलफल गरी बाहिरका मजदूर प्रयोग नगरी पालैपालो घर निर्माण गर्ने सहमति गरे र सोहीअनुसार ७ वटामध्ये ५ वटा घर निर्माणको काम सम्पन्न गरिसकेका छन् । घर निर्माणका लागि नेपाल सरकारले प्रतिपरिवार ३ किस्तामा ५ लाख रुपियाँ अनुदान रकम उपलब्ध गराउने प्रावधान छ । सबै सातै परिवारले पहिलो र दोस्रो किस्ताबापत ३ लाख अनुदान रकम लिइसकेका छन् भने ४ परिवारले तेस्रो तथा अन्तिम किस्ताबापत २ लाख बुझिसकेका छन् ।

वडाको पहलमा पिउने पानी र बिजुलीको व्यवस्था समुदायमा उपलब्ध भएको छ । विद्यालय पनि अहिलेको बस्तीबाट नजिक छ । पहिलेको जमिन चिरा परेको छ तर पनि मकै कोदो भने उनीहरूले लगाइ केही कृषि उत्पादन गरिरहेका छन् । पहिलेको आफ्नो जमिनबाट नजिक भएकाले काम गर्न सहज छ । घर बनाउँदा केही ऋण त लागेको छ तर ऋण चुक्ता गरेपछि ढलान हाल्ने सोचअनुसार घर बनाएको बताउँछन् रवीन सेवा । ✿



विश्वास नेपाली

# दलित र भूसम्बन्ध



नेपालका अधिकांश दलित समुदाय भूमिहीनताका कारण कष्टकर जीवन जीउन बाध्य छन् । पहाड होस् या तराई अथवा मधेस, सबै क्षेत्रका दलित समुदाय भूमिहीनताको समस्याले जकडिएका छन् । अझ चरम भूमिहीनताको समस्या भने मधेसका दलित समुदायमा बढी देखिन्छ । दलित भूमिहीन परिवारको घरबास राम्रो छैन । सुरक्षित छैन । उनीहरूको घरबास अस्थायी प्रकृतिको, सानो, झुपडी, झुप्रा प्रकृतिका छन् । एक पेट भर्न पनि उनीहरूलाई निकै कष्टपूर्ण परिश्रम र ज्याला मजदूरी गर्नु परिरहेको छ । मजदूरीको काम पाउन पनि मुस्किल छ । त्यसैले त उनीहरू अधिकांश समय कामका लागि भारतमा निर्भर हुनुपरेको छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले दलित र भूसम्बन्धबारे अध्ययन गरेको थियो । दलित समुदायको भूमि सम्बन्ध सँगसँगै आर्थिक, सामाजिक, रोजगारी, शिक्षालगायतको अवस्थामा केन्द्रित यो अध्ययन ४ जिल्लाको ८ स्थानीय तहमा भएको थियो । अध्ययनको सिलसिलामा पूर्वदेखि पश्चिमसम्मका विभिन्न जिल्ला र भूमिहीन बस्ती पुगेका थियौँ ।

यस अध्ययन प्रतिवेदनले पनि भन्छ- भूमिहीन दलित परिवारलाई भूमि नभएकै कारण दैनिक जीविकोपार्जन गर्न कठिन छ । उनीहरूको जीविका अप्ठेरोमा छ । घरबास असुरक्षित छ । उनीहरूका बालबच्चाको शिक्षा-दीक्षाका लागि कठिनाइ छन् । अनेकन अवसरबाट वञ्चित छन् ।

पूर्वी तराईका २ जिल्ला सिरहाको कर्जन्हा नगरपालिका र अर्नमा गाउँपालिका, धनुषाको शहीदनगर नगरपालिका र जनकनन्दिनी गाउँपालिका, सुदूरपश्चिमको कञ्चनपुरस्थित भीमदत्त नगरपालिका र बेलडाँडी गाउँपालिका एवं डोटीको शिखर नगरपालिका र बोगटन फुड्सिल गाउँपालिकामा विस्तृत अध्ययन गरिएको थियो । यी ८ स्थानीय तहमा गरिएको अध्ययन प्रतिवेदनको सङ्क्षिप्त विवरण राखी यो आलेख तयार गरिएको छ ।

उल्लिखित ८ स्थानीय तहमा राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार कुल ७७,२४५ घर छन् भने जनसङ्ख्या ३,३७,५६१ छन् । दलित घर १६,९९० छ र दलितको कुल जनसङ्ख्या ७४,२४७ जना छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ छ जसमध्ये दलित समुदायको जनसङ्ख्या ३८ लाख ९८ हजार ९ सय ९० (१३.४ प्रतिशत) छ ।

उल्लिखित दलित घरमध्ये १० प्रतिशत घरको विस्तृत अध्ययन गरिएको थियो । अध्ययन प्रतिवेदनअनुसार १,७२७ दलित घरको विस्तृत विवरण सङ्कलन गरिएको थियो । अध्ययन क्षेत्रका १,७२७ दलित घरमा १०,९९५ जनसङ्ख्या छन् जसमा महिला ५,१७७ (४८.८६%) र पुरुष ५,४१८ (५१.१४%) छन् ।

अध्ययन क्षेत्रका दलितमध्ये कुल ३३.४७ प्रतिशतसँग मात्रै आफ्नो घरबासको जमिनको स्वामित्व छ । उनीहरू आफ्नै स्वामित्वको जग्गामा बसोबास गर्छन् भने बाँकी ६६.५३ प्रतिशत दलितसँग आफ्नो स्वामित्वमा जमिन छैन । र, उनीहरू विभिन्न प्रकृतिको जग्गामा बसोबास गरिरहेका छन् । जस्तै- ३६.५४ प्रतिशत ऐलानी जग्गामा, १३.९० प्रतिशत गाउँब्लकको जग्गामा, ९.०३ प्रतिशत अरूकै नाममा भएको जग्गामा, ४.६९ प्रतिशत सरकारी जग्गामा बसोबास गरिरहेका छन् भने १.१६ प्रतिशतको बसोबास गुठीको जग्गामा छ ।

दलित परिवारले घरबासका लागि ओगटेका जमिनको क्षेत्रफल ज्यादै सानो आकारको छ । कुल १७२७ परिवारसँग लिइएको विवरणअनुसार उनीहरूको बसोबास मात्र ७५.६५ हेक्टर जग्गामा छ । यसरी हेर्दा प्रतिघर जम्मा ०.४० हेक्टर जग्गा मात्र (१२ आना २ पैसा १ दाम अर्थात १ कठ्ठा ४ धुर) पर्न आउँछ ।

अध्ययनअनुसार कुल ३१.०४ प्रतिशत घरसँग खेतीपातीका लागि केही जग्गा भएको देखिन्छ । उनीहरूले खेती गरिरहेका जग्गाको कुल क्षेत्रफल १०५.७१ हेक्टर छ भने ६८.९६ प्रतिशत दलित परिवारसँग भने खेतीपातीका लागि कुनै जग्गा छैन । उनीहरू जीविकोपार्जनका लागि बढीजसो भारतमा कृषि मजदूरी गर्न जान बाध्य भएको बताएका थिए ।

अर्कोतर्फ कुल १,७२७ घरमध्ये २४.७८ प्रतिशतले अरूको जग्गा भाडा, अधिया, बटैया र ठेक्का गरी खेतीपाती पनि गरिरहेका पाइएको छ । उनीहरूले कुल १११.९६ हेक्टर भाडामा लिएर कृषि खेतीपाती गरेका देखिन्छ । यसबाट हुने उत्पादनले उनीहरूको

पारिवारिक जीविकोपार्जन केही सहज भएको देखिन्छ ।

अध्ययनअनुसार १,७२७ मध्ये ५८.९५ प्रतिशत घरको आफ्नै उत्पादन छैन । यसको मतलव उनीहरूसँग उत्पादन गर्ने जमिन छैन । बाँकी ४१.०५ प्रतिशत घरमध्ये पनि १९.५१ प्रतिशत परिवारलाई आफ्नो उत्पादनले जम्मा ३ महिना मात्र खान पुग्छ । ११.४१ प्रतिशत घरलाई ३ देखि ६ महिना मात्रै आफ्नो उत्पादनले खान पुग्छ । ४.९२ घरलाई आफ्नो उत्पादनले ४ देखि ९ महिना मात्रै खान पुग्छ । आफ्नो उत्पादनले ९ देखि १२ महिना खान पुग्ने परिवार ३.७६ प्रतिशत मात्रै छन् भने वर्षभर पुगेर केही थोरै बचत गर्ने परिवारको प्रतिशत मात्र १.४५ छ । आफ्नो उत्पादनले वर्षभर खान नपुग्ने दलित परिवार ९४.७९ प्रतिशत छन् । यस तथ्यले पनि भन्छ कि दलितलाई जीविकोपार्जनका लागि ज्यादै कठिन छ । उनीहरूसँग आफ्नो परिवारका लागि खाद्यान्न उत्पादन गरी वर्षभर खान पुग्ने जमिन छैन । गाउँमै बसिरहन सक्ने अवस्था पनि छैन ।

भूमिहीन दलित परिवारको रोजगारीको अवस्था हेर्दा पनि पहुँच कमजोर देखिन्छ । ४६.९९ प्रतिशत काम गर्न योग्य उमेर समूहका जनशक्ति भारतमा मजदूरीका लागि गएका छन् भने १८.३४ प्रतिशत खाडी मुलुकमा मजदूरीका लागि गएका छन् । यसरी हेर्दा काम गर्न योग्य उमेर समूहका कुल ६५.३४ प्रतिशत भारत र अन्य खाडी मुलुकमा गएका छन् । अध्ययन क्षेत्रका ३४.४६ प्रतिशत मानिस कृषि पेसामै आबद्ध देखिन्छन् । १.२१ प्रतिशतले सरकारी सेवामा रोजगारीका अवसर पाएका छन् भने १.१९ प्रतिशत मानिसले गैरसरकारी सङ्घ/संस्थामा रोजगारी पाएका छन् । ज्याला मजदूरीमै निर्भरचाहिँ ४७.२० प्रतिशत जनसङ्ख्या देखिन्छन् । झण्डै आधा काम गर्न योग्य उमेर समूहका दलित जनसङ्ख्या भने ज्यालादारी, मौसमी कृषि श्रमिकका रूपमा जीविका धानिरहेका छन् ।

अधिकांश भूमिहीनताको जीविकामा रहेका अध्ययन क्षेत्रका दलितमध्ये कुल घरको ३७.७७ प्रतिशतले मात्रै जग्गा प्राप्तिका लागि निवेदन पेस गरेका छन् । बाँकी ६२.२२ प्रतिशत घरले निवेदन पेस गरेका छैनन् । फिल्ड अध्ययन र समुदायमा भएको छलफलअनुसार भूमि आयोगमा निवेदन पेस गर्न नसक्नुको कारण कतिपय भूमिहीन दलित परिवारलाई यसबारे जानकारी नै छैन । कतिपयलाई भूमि आयोग बनेकोसमेत थाहा नै छैन ।

कतिपय परिवारको घरका अभिभावक भारतलगायतका ठाउँमा मजदूरीका लागि गएका, घरबाहिर रहेका हुँदा भूमि आयोगले जारी गरेको सूचनाबारे जानकारी नै पाएनन् भने स्थानीय सरकारले पनि यसमा चासो नदेखाएकाले आफूहरू छुटेको भूमिहीन दलित प्रतिनिधिहरूसँग गरिएको समूह छलफलमा बताए । तराईंका कतिपय समुदायमा भने नागरिकता नभएका कारण निवेदन पेस गर्न नपाएको गुनासो पनि छ । अध्ययन क्षेत्रका अधिकांश ठाउँमा भूमि अधिकार मञ्च जस्तो सचेतीकरण गर्ने सङ्गठन नभएकाले भूमिहीन दलित सङ्गठित हुन नपाएका कारण पनि यस्तो निवेदन दिने प्रक्रियाबाट छुटेका बताएका थिए ।

विक्रम संवत् २०७२ मा नेपालको संविधान जारी भएपछि भूमिसँग जोडिएका कतिपय विषय संविधानबाटै टुङ्ग्याउन मौलिक हकमा समेत व्यवस्था गरिएको छ । भूमिहीन दलितको विषय पनि संविधानको मौलिक हकमै सुनिश्चित गरिएपछि भूमिसम्बन्धी ऐन, २०२१ को सातौँ संशोधन २०७५ मा भएको थियो । संशोधित ऐनको दफा ५२ क. मा 'नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि तोकिएबमोजिम तीन वर्षभित्र जमिन उपलव्ध गराउने' व्यवस्था गरिएको थियो ।

यही व्यवस्था कार्यान्वयन गर्न भन्दै २०७६ वैशाखमा देवी ज्ञवाली नेतृत्वमा भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भएको थियो । निवेदन सङ्कलन र केही ठाउँमा जग्गा नापी गर्दै गरेको उक्त आयोग २०७८ मा विघटन भएको थियो । सरकारले फेरि २०७८ सालमा केशव निरौलाको नेतृत्वमा राष्ट्रिय भूमि आयोग गठन भएको थियो । उक्त आयोग पनि २०८१ मा विघटनमा परेको थियो र २०८१ कात्तिकमा हरिप्रसाद रिजालको नेतृत्वमा भूमि समस्या समाधान आयोग गठन भयो । यो आयोग पनि नयाँ सरकार बनेपछि विघठन भयो ।

भूमि आयोगमा अद्यावधिक भएको पछिल्लो विवरणअनुसार ८८ हजार ८ सय ९५ परिवार भूमिहीन दलितले निवेदन दर्ता गराएका छन् । २०७६ सालदेखि हासम्मको ३ आयोगको विवरण हेर्दा जम्माजम्मी ८६३ भूमिहीन दलित परिवारले मात्रै जग्गा धनी पुर्जा प्राप्त गरेका छन् ।

भूमि समस्या समाधान आयोग पनि देशमा बदलिएको राजनीतिक व्यवस्थासँगै गठन भएको अन्तरिम सरकारले गत २०८२ असोजमा विघटनको निर्णय गरेको थियो । यसपछि भूमिहीन दलितलाई जग्गा व्यवस्थापनका लागि भइरहेका कार्य रोकियो । अदालतले आयोगलाई ब्युँताइदिएको थियो तर अध्यादेश मार्फत् सरकारले विगठन गऱ्यो । हाल भूमि समस्या समाधान समिति गठन भएको छ ।

दलित समुदाय आर्थिक कारणले पछाडि परेकै थिए । सदियौँदेखि विभेद र भेदभावको सिकार हुँदै आउनुपरेका कारण जमिनलगायत सम्पत्तिको स्वामित्व ग्रहण एवं खरिद-बिक्रीबाट समेत वञ्चित हुँदै आएका थिए । दलित समुदायको लामो सङ्घर्ष, लडाइँ र मागका कारण राज्यले पछिल्लो पटक २०७२ सालमा बनेको नेपालको संविधानको मौलिक हकमै दलितका लागि विशेष व्यवस्था सुनिश्चित गरिदिएको छ । संविधानको धारा-४० को बुँदा (५) मा 'राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउनुपर्नेछ' र बुँदा (६) मा 'राज्यले आवासबिहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ' भन्ने सुनिश्चित गरिदिएको छ ।

यस्तै धारा ५१ को (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको बुँदा ६ मा, 'मुक्त कमैया, कमलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुमबासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्ने' व्यवस्था पनि गरिएको छ ।

तर, संविधान बनेको १० वर्ष बितिसक्दा पनि यी विशेष व्यवस्था दलितको हकमा कार्यान्वयन हुन नसक्दा अहिलेसम्म पनि दलित समुदाय भूस्वामित्वलगायतको अवसरबाट वञ्चित छन् । यी विषय माथि उल्लिखित ८ स्थानीय तहमा गरिएको अध्ययनले पनि पुष्टि गरेको छ ।

यस देशका भूमिहीन दलित परिवार सदियौँदेखि भूमिहीन जिन्दगी बाँचिरहेका छन् । उनीहरू हिजोको संरचनागत विभेदको सिकार त थिए नै, अहिले विभिन्न कानुनी ▶

# भूमि समस्या समाधान समिति गठन

नेपाल सरकारले भूमि समस्या समाधान समिति गठन गरेको छ। बलभद्र बाँस्तोलाको अध्यक्षतामा भूमि समस्या समाधान समिति गठन भएको छ। समिति सदस्यहरूमा अमिर प्रसाद न्यौपाने, पद्मनिधि सोती र रेहना श्रेष्ठ नियुक्त भएका छन् भने सुशिल डंगोल सदस्य सचिवमा नियुक्त भएका छन्।

सरकारले २०८३ वैशाख २० गते केही नेपाल ऐन संशोधनमार्फत भूमिसम्बन्धी ऐन, २०२१ संशोधन गरी विगतको भूमि समस्या समाधान आयोगलाई खारेज गरी हाल भूमि समस्या समाधान समिति गठन गरेको हो। भूमिसम्बन्धी ऐनको दफा ५२ ग.१ मा रहेको समिति वा कार्यदल गठन गर्न सक्ने प्रावधानअनुसार केन्द्रमा भूमि समस्या समाधान समिति गठन गरेको छ भने जिल्ला तहमा प्रमुख जिल्ला अधिकार नै अध्यक्ष हुने गरी व्यवस्था गरी जिल्ला भूमि समस्या समाधान समिति पनि गठन भएको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत रहने गरी गठन भएको भूमि समस्या समाधान समितिले २०८३ जेठ २५ गते परिपत्र गर्दै जिल्लास्तरीय भूमि समस्या समाधान समिति गठन गरेको छ। जिल्ला समिति अध्यक्ष प्रमुख जिल्ला अधिकारी रहेन र सदस्यहरूमा क्रमशः प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्लाभित्रको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी, भूमि प्रशासन कार्यालय प्रमुख, डिभिजन भवन कार्यालय प्रमुख, जिल्ला प्रशासन कार्यालयको अधिकृत र सदस्य सचिवमा नापी कार्यालय प्रमुख नियुक्त भएका छन्।

### भूमि समस्या समाधान समितिको काम, कर्तव्य र अधिकारहरू

(क) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको लागि आधार र मापदण्ड तोक्ने,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलनको लागि आवश्यक ढाँचा स्वीकृत गर्ने,

(ग) नियम ४१क१२. को उपनियम (२) र (३) बमोजिमको काम निर्धारित समय सीमाभित्र सम्पन्न नहुने अवस्था देखिएमा त्यस्तो कार्य गर्ने,

(घ) भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको जग्गामा भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीहरू संवत् २०६६ साल माघ २८ गते बसोबास गरेको अगावैदेखि प्रमाणित भएमा जग्गा नापजाँच प्रचलित कानुनको अधीनमा रही जग्गा नापजाँच गर्ने, गराउने :-

(१) ऐनको दफा ५२ख. को उपदफा (४) को प्रतिकूल नहुने गरी नदी उकास लगायतका सरकारी जग्गा,

(२) प्रचलित कानुनबमोजिम हदबन्दी भन्दा बढी भई प्राप्त वा जफत भएको जग्गा, तर यस्तो जग्गा भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई मात्र दिन सक्नेछ।

(३) सम्बन्धित मन्त्रालयको सहमतिमा नेपाल सरकारद्वारा विशेष प्रयोजन खुलाई बसोबास गराइएका सरकारी निकायका जग्गा,

(४) सम्बन्धित मन्त्रालयको सहमतिमा बसोबास व्यवस्थापन गर्ने उद्देश्यले गठित राष्ट्रिय आवास वा पुनर्वास कम्पनीलाई दिइएको भए तापनि सो कम्पनीको नाउँमा स्रेस्ता कायम नभएको र बिक्री वितरण हुन बाँकी रहेका जग्गा,

(५) सम्पन्न भएका सरकारी आयोजनाका लागि प्रचलित कानुनबमोजिम प्राप्त गरिएका जग्गामध्ये सम्बन्धित मन्त्रालयको सहमतिमा आयोजनालाई सो आवश्यक नरहेको जग्गा,

(६) सरकारी अमानती जग्गा,

(७) लगती रसिद बमोजिम वहाल बिटौरी जग्गा,

(८) साविक लगत नभिडेका वा व्यक्ति विशेषको हकदाबी नपुगेका ऐलानी, पर्ती, आँकडा, हले, पाटे, कोदाले, विरौटा, किपट र उखडा जग्गा,

(९) अभिलेखमा वनक्षेत्र जनिएको भए आवादीमा परिणत भई गुल्जार गरी बसोबास गरेका जग्गा,

(१०) नेपाल सरकारद्वारा घोषित औद्योगिक क्षेत्रमा बसोबास रहेको जग्गा,

(११) साविकमा सडक जनिने गरी नाप नक्सा भए तापनि सम्बन्धित निकायले तोकेको सडक मापदण्ड भन्दा बढी रहेको जग्गामा बसोबास रहेको र सो बसोबासले उक्त सडक जनिएको कित्तासँग जोडिएको कित्ता असर नगर्ने भएमा त्यस्तो मापदण्ड भन्दा बढी भएको जग्गा।

(ङ) स्थानीय तहबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न आवश्यक प्रणालीको विकास गरी प्रणालीको आधारमा सोही अव्यवस्थित बसोबासीको जग्गाको वर्गीकरण गर्ने,

(च) अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराएबापत ऐन तथा यी नियमहरू बमोजिम दस्तुर लिने,

(छ) स्थानीय तहबाट भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित

बसोबासीको पहिचान र प्रमाणीकरण सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र समितिबाट नापजाँच भएपछि स्वीकृत कार्यविधिको अधीनमा रही भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गराउने,

(ज) ऐन तथा यी नियमहरू विपरीत कुनै परिवारले जग्गा लिएको देखिन आएमा त्यसरी लिएको जग्गाको दर्ता स्रेस्ता खारेज गर्न भूमि प्रशासन कार्यालयलाई लेखी ऐनको दफा ५२घ. र नियम ४१फ. बमोजिम सजायका लागि प्रमुख जिल्ला अधिकारीसमक्ष सिफारिस गर्ने,

(झ) स्थानीय विशिष्टताको आधारमा सहरी क्षेत्रमा एकीकृत आवास वा जग्गा विकासको माध्यमबाट भूमिहीन दलित, भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा उपयुक्त कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ञ) असुरक्षित बस्ती स्थानान्तरण वा एकीकृत बस्ती विकास गरी भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नुपर्ने भएमा एकीकृत आवासका लागि जग्गाको एकीकरण गर्ने,

(ट) रैकर निजी प्रकृतिको जग्गा बाहेक अन्य सरकारी प्रकृतिको जग्गाको हकमा यो नियम प्रारम्भ हुनुअघि गठन भएका समिति वा आयोगबाट एउटै जग्गाको दोहोरो स्रेस्ता कायम गरेको गरी पुर्जा वितरण देखिएमा आवश्यक छानबिन गरी आवाद कमोत नभएको व्यक्तिको नाममा कायम रहेको दर्ता स्रेस्ता खारेज गर्ने,



(ठ) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सम्बन्धित निकायसँग कागजात माग गर्ने, सम्बन्धित व्यक्तिलाई झिकाई बुझ्ने, कागज गराउने वा स्थलगत सर्जमिन गर्ने वा गराउने,

(ड) भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि जग्गाको प्रकृति र उपयोगको आधारमा बाधा पर्न गएको देखिएमा समितिले आवश्यक जाँचबुझ गरी सिफारिस सहित सहित निकासाका लागि मन्त्रालयसमक्ष पेस गर्ने,

(ढ) भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा शान्ति सुरक्षा आवश्यक पर्ने देखिएमा सम्बन्धि निकायबाट आवश्यक सहयोग लिने,

(ण) मन्त्रालयले तोकेका अन्य काम गर्ने ।

(२) समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिको सदस्य वा जिल्ला समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) उपनियम (१) को खण्ड (घ) बमोजिमको सरकारी जग्गा नेपाल सरकारको दर्ता स्रेस्ता कायम गरेपछि मात्र भूमिहीन दलित, भूमिहीन सुकुमबासीलाई उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नु पर्नेछ ।

(४) दफा ५२ग. पछि देहायको दफा ५२ग१. थपिएको छः- '५२ग१ समिति वा कार्यदलको गठन : (१) दफा ५२ क. र दफा ५२ख वमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने तथा दफा ५२ग वमोजिम अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि नेपाल सरकारले केन्द्र र जिल्ला तहमा समिति वा कार्यदल गठन गर्न सक्नेछ । ✿

---

▶ पृष्ठ २९ बाट...

अड्चन, राजनीतिक धोका, चलखेल र हस्तक्षेपका कारण निरन्तर भूमिहीनकै जिन्दगी जीउन बाध्य पारिएका छन् । राज्यले भूमिहीन दलितकै लागि जग्गा व्यवस्थापन एवं जग्गा दर्ता गर्ने भनेर विभिन्न चरणमा भूमि आयोग र समितिहरू बनाए पनि गाउँ तहसम्म सूचना नपुग्ने, स्थानीय सरकार र राजनीतिक दलहरूले सक्रियतापूर्वक यो समस्या समाधानका लागि चासो नदिने र सहजीकरण नगरिदिने जस्तो समस्याका कारण आजसम्म पनि भूमिहीन दलितको समस्या समाधान हुन नसकेको देखिन्छ ।

दलितको भूमिसँग जोडिएको समस्या समाधानका लागि राज्यले नै विशेष कानुन र आयोग बनाएर एकै पटकमा समस्या समाधान गरिदिने नीति लिनुपर्ने देखिन्छ । यो जरुरी किन पनि छ भने दलितलाई भूमि र आवास संवैधानिक व्यवस्था हो । त्यसैले यो समस्यालाई प्राथमिकतामा राखी समाधान गर्नुको विकल्प छैन । अहिले त मुलुकमा नयाँ सरकार बनेको छ, त्यो पनि एकल बहुमतको । गत फागुन २१ गते भएको निर्वाचनबाट बहुमत हासिँल गरेको दल, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले संसद्मा सम्वोधन गर्दै उद्घोष गरेका छन्, राज्यकै तर्फबाट दलित समुदायसँग माफि माग्छौँ । दलितलाई समस्याबाट मुक्त गर्नेछौँ । अबदेखि विभेद हुनेछैन । सदियौंदेखि समस्यामा रहेका दलितको लागि यस्तो खबर सुखद् पक्ष हो । त्यसैले अब नयाँ सरकारले दलितका समस्याहरू समाधान गर्दा भूमिहीन दलितको समस्या समाधान गर्नबाट सुरु गर्नुपर्छ । ✿

# भूमिहीन परिवारको सुरक्षित घरबास भएको हेर्न मन छ

बिजु खाँड
सचिव- राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल



### तपाईँको परिचय ?

म भूमि अभियन्ता हुँ । राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको सचिव पदको जिम्मेवारीमा छु । जन्म वि.सं. २०३८ साउन ५ गते भयो । सामान्य भूमिहीन किसान परिवारका हौँ हामी । गरिखाने जमिनको अभावले बाल्यवस्था पनि निकै नै सङ्घर्षसँग बित्यो । वैवाहिक जीवन पनि सुखद रहेन । खोलाको छेउमा ३ धुर जमिनमा बनेको छकालको छानो, सिन्हाको बार भएको झुपडीबाट सुरु भएको थियो बिहेपछिको जीवन । त्यसपछिको जीवन पनि सङ्घर्षमय नै छ ।

### भूमि आन्दोलनसँग कसरी जोडिनुभयो ?

२०६१ सालमा इन्द्रेणी सामाजिक मञ्चको सहजीकरणमा स्मृति भूमि अधिकार गाउँ मञ्च गठन हुँदा त्यसमा सदस्य भएँ । त्यसपछि विभिन्न तालिम, छलफल र अभियानमा सहभागी हुने अवसरहरू आइरह्यो । यी कार्यले मलाई भूमि अधिकारको बारेमा धेरे-थोर जानकार बनायो र अभियानप्रति प्रेरणा पनि जाग्यो ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चसँग पनि नजिकबाट सम्बन्धहरू बढ्दै गयो । विभिन्न अभियान र सङ्गठनको काममा जिम्मेवारी लिँदै अघि बढ्दै आएँ । यसबीचमा विभिन्न पद र जिम्मेवारीहरू पनि रही काम गरेँ । जिल्ला तहमा सङ्गठनहरू बनाउन हामी लागि पर्‍यौँ । थप अरु जिल्लाका अभियानकर्मीहरूको सम्बन्ध र अभियानको हिँडाइले विस्तारै यही अभियानमा नै पूर्णकालिन जस्तै भइरहेको छ । यो अभियान यात्रा निरन्तर छ ।

### तपाईँको अहिलेको अवस्थाचाहिँ के छ ?

मेरो ५ जनाको परिवार छ । श्रीमान् बित्नु भयो । ३ छोरा, १ छोरी र म छौँ । ३ कठ्ठा ऐलानी जमिन छ । २ कठ्ठा नम्बरी जमिन छ । घर बनाएर बसोबास गरेका छौँ । भएको जग्गामा धान, मकै, तोरी र तरकारी लगाउछौँ । त्यहाँबाट हुने उब्जनीले जीविका चलाइरहेकी छौँ । आफ्नो उत्पादनबाट ६ महिना खान पुग्छ । छोरा र छोरी पढ्दै छन् । एउटा छोरा कतारमा गएको छ । एउटा छोरा शारिरीक रूपमा अशक्त छ ।

बसोबास ऐलानी पर्ती जग्गामा छ । जग्गा दर्ताको लागि निवेदन पेश गरेका छौँ । र, अव्यवस्थित बसोबासीको अस्थायी निस्सा प्राप्त गरेको छु । अभियानको लागि आफ्नो गाउँ, आफ्नो जिल्लामा हिड्ने त छँदैछ, ति बाहेक विभिन्न जिल्लामा पनि गएर सहयोग र सहजीकरण पनि गरिरहेको छु ।

### अनि भूमि अधिकार आन्दोलनमा कसरी समय दिइराख्नु भएको छ ?

घरका सबै आवश्यकता पूरा गर्ने सम्पूर्ण जिम्मेवारी आफैँ एक्लै सम्हाल्नुपर्ने भए तापनि मैले भूमि आन्दोलनलाई सधैं प्राथमिकतामा राखेको छु । आन्दोलनमा निरन्तर लाग्दा मेरो आफ्नै पनि सवाल बुझ्न सक्ने, समस्याबारे बोल्न सक्ने जस्ता विभिन्न क्षमता वृद्धि भएको छ । अहिलेसम्म गरेको अभियान आन्दोलनबाट खोजेजस्तो उपलब्धि त हुन सकेको छैन तर पनि केही परिवर्तन भने पक्का भएको छ । निराश छैनौँ । मञ्च गठन भएयताको प्राप्त उपलब्धिले अझै अघि बढ्न हौसला थपिरहेको छ । गाउँ सङ्गठनबाट अगुवा-सदस्यहरूले फोन गर्छन्, गुनासो गर्छन् । सहयोग माग्छन्, सुख, दुःखमा सम्झन्छन् । समय दिएर नै आफ्नै जिल्ला मात्र नभई अरु जिल्ला र सङ्गठनमा पुगेर पनि अभियानलाई अघि बढाइरहेको छु ।

### अगुवाको रूपमा महसुस गर्नुभएका केही कुरा बताइदिनुहोस् ?

घरको जिम्मेवारी पनि सम्हाल्नु परेको छ । आन्दोलनमा अगुवाको जिम्मेवारी पनि निर्वाह गर्ने अवस्था चुनौती त हो नै, साथै अवसर पनि भएकाले यसलाई सहर्ष स्वीकार गरेर हिँडिरहेको छु । घरबाहिर गइरहनुपर्दा निकै समस्या बेहोर्नुपर्छ, आर्थिकदेखि कुरा काट्नेसम्मको । धेरैले नकारात्मक दृष्टिले पनि हेर्छन् । तर पनि म तिनलाई खासै मतलव गर्दिन किनकि कुरा काट्ने र नकारात्मक टिप्पणी गर्ने भन्दा सराहना गर्ने, हौसला दिने र राम्रो भन्नेहरूको सङ्ख्या बढी पाउँछु । हामी साँच्चै समस्याले पीडामा रहेका भुइँ तहसम्म पुगेका छौँ, त्यो अनुभूति पनि हुन्छ । भूमिहीन सुकुमबासीले निवेदन पेश गरेको वर्षौं भइसक्दा पनि लालपुर्जा नपाउनु, उनीहरू सधैं दुःखी हुनु, पीडा र सङ्घर्षमा हुनु, ज्यादै मन पोलिरहने विषय हुन् । अझ वर्षैपिच्छे भूमिहीन बस्तीमा उठीबासको घटना हुँदा साह्रै नराम्रो लाग्छ । सकेसम्म हामी रोक्नु प्रयास गर्छौं । गाउँबस्ती जाँदा भूमिहीनहरू रुनु हुन्छ, पीडा पोख्नु हुन्छ । समानूभूति प्रकट गर्छौं । उनीहरूमा केही आशा पलाउछ, यिनै कुराहरू हुन्, जसले हरदम यो आन्दोलनमा लागिरहन ऊर्जा प्रदान गर्दै आएको छ ।

### तपाईँ लाग्नुभएको बाटोका मुख्य तगारा के के देख्नुभएको छ ?

पहिलो त भूमि अधिकारको विषयमा पीडित स्वयं र अन्य पक्षलाई बुझाउन गाह्रो भएको छ। दोस्रो भूमि अधिकार मञ्चमा आबद्ध सदस्यहरूको शिक्षा, स्वास्थ्य र, जीविकाको स्रोतको अभाव, सेवा सुविधा पहुँचमा कमी छ। तेस्रो कानुन बने पनि कार्यान्वयन पक्ष झन्झटिलो छ। चौथो राजनीतिक दलको सस्तो लोकप्रियतामा रम्ने बानीले पनि असर पारेको छ। पाँचौँ भूमि अधिकारबाट वञ्चित सबैमा मुख्य सवाल, समाधान, पैरवी, मार्ग जस्ता विषयको बुझाइमा एकरूपता अभाव छ। भुइँ तहमा बसोबास गर्ने खासगरी भूमिहीन तथा सुकुमबासीहरूले हामीबाट धेरै आशा र अपेक्षा गरेका छन्। उनीहरू हामीले नै जतिसक्दो छिट्टै सबै भूमिहीनको समस्या समाधानमा पहल लिइदियोस् भन्ने अपेक्षा राख्छन्। हामी पहल पैरवीहरू गरिरहेका छौँ। वभिन्न सरकारी उल्झन्, प्रतिबद्धता गरेपनि काम नगरिदिने राजनीतिक नेतृत्व र कर्मचारी प्रशासन आदिको कारण भूमिहीन सुकुमबासीको जग्गा व्यवस्थापनमा नतीजा आउन सकिरहेको छैन। यसले थप निराशाहरू बढाउँदै लगेको छ।

### भूमिहीन व्यवस्थापन सम्बन्धमा तपाईँको चाहना के हो ?

प्रत्येक भूमिहीनलाई बस्न र गरिखान पुग्ने जमिनको स्वामित्व होस्। कोही पनि भूमिहीनताको जिन्दगीमा लिएर बाँच्न नपरोस्। उनीहरूको जीवन सुखी र खुसी होस्। सरकारले यी भूमिहीन सुकुमबासी नागरिकलाई पनि सम्मान गरोस्, राज्य सुविधाबाट वञ्चित नगरोस्। बसोबास गर्दै आएको ठाउँबाट कोही पनि नेपाली नागरिको उठीबास गराइने कार्य नहोस्। सबैको जीवन सहज होस्। अबको पछिल्लो पुस्ताहरूले पनि भूमिको लागि सङ्घर्ष र आन्दोलन गर्नुपर्ने अवस्थाको सिर्जना नहोस्। यी र यस्तै सपना छन् मेरा र त्यसको लागि एउटा अगुवाको नाताले मैले पनि केही योगदान गर्न सकुँ भन्ने चाहना छ र म निरन्तर हिँडि पनि रहेको छु। ✿

## जनजागरणको सक्रियता र सदस्यहरूमा पलाएका आशा

सिरहा जिल्लाको मिर्चैया नगरपालिका-९ टेनामोरस्थित वनको नजिक २० परिवार भूमिहीनको बसोबास छ। उनीहरू बसेको जग्गा ऐलानी पर्तीमा पर्छ। बस्तीबासी भूमिहीनहरू जनजागरण गाउँ भूमि अधिकार मञ्च सङ्गठित छन्।

प्रत्येक घरधुरीले ५ कठ्ठा देखि १.५ विघासम्म जग्गा उपयोग गरिरहेका छन्। यहाँ जनजाति (मगर) समुदायको बाहुल्यता बसोबास छ। उनीहरू करिब ५ पुस्ता पहिलेदेखि बसोबास गरेको बताउँछन्।

बस्तीबासी २०७२ सालदेखि गाउँ मञ्चमा सङ्गठित भएका हुन्। सङ्गठन बनेपछि पटक पटक यहाँ हुन खोजीको उठीबास प्रयास रोक्न सदस्यहरू सफल भएका छन्।

गाउँ मञ्चका संस्थापक अध्यक्ष एवं अगुवा हेमबहादुर पूर्वछाने (थापा) भन्छन्, भूमि अधिकार प्राप्तिका लागि सङ्गठन चाहिने रहेछ। सङ्गठन सक्रिय छ। सदस्यहरूबिच एकता छ। समुदायको काम पनि मिलेर नै गर्छौं।

सङ्गठनको आफ्नै भूमिघर छ। सदस्यहरू सङ्गठनमा आन्दोलन कोषसँगै बचत पनि गर्छन्। सुरुमा १० रुपियाँबाट सुरु गरिएको आन्दोलन कोष आजकल मासिक २ सय रुपियाँ बचतसमेत सदस्यहरू सङ्कलन गर्छन्। हरेक वर्ष नै तिहारको समयमा देउसी-भैलो खेलेर पनि कोष सङ्कलन गरेका छन्। हाल मञ्चको कोषमा ५ लाख १२ हजार ५९ रुपियाँ छ। देउसी भैलीबाट सङ्कलन भएको कोषको सदुपयोग गर्दै सङ्गठनले सामूहिक प्रयोगको लागि खाना पकाउने भाँडाकुँडाहरू, प्लेटहरू, ग्यास, भट्टी चुलो, प्लास्टिकको टेवल, कुर्सी, साउन्ड सिस्टमलगायत सामग्री जोडेका छन्। कोही कसैले व्यक्तिगत प्रयोजनमा यी सामग्री प्रयोग गर्दा सहुलियतमा दिने र केही कोषमा बचत पनि हुने अभ्यास छ।

सङ्गठन सक्रिय हुँदा वडा र पलिकाबाट पनि निरन्तर सहयोग हुने रहेछ। यस सङ्गठनका सदस्यहरूले कृषि तथा पशु शाखाबाट पशुपालनमा सहयोगका साथै तरकारी खेतीसम्बन्धी तालिम पनि प्राप्त गरेका छन्। अधिकांश सदस्यहरूले तरकारी खेती र पशुपालन (बाखा, गाई, भैसी) गरेर राम्रो आयआर्जन गर्छन् र जीविका सहज बनाएका छन्। पहिले ज्याला मजदूरी गरेर जीविका चलाउनुपर्थ्यो, अहिले सबै सदस्यहरू क्रमशः आत्मनिर्भर हुँदै गएका छन्। बालबच्चा पढाउन, विदेश जान आवश्यक पर्दा बचत कोषबाट सहुलियत दरमै ऋण पनि लिने गरेका छौँ, सङ्गठनकी अगुवा, भीममायाले बताइन्।

पहिले बस्तीमा बिजुली बत्ति थिएन्। जनजीवन कष्टकर थियो। पछि सङ्गठनकै पहलमा बस्तीमा बिजुली बत्ति पुग्यो। सङ्गनको समन्वयमा नेवा संस्थाले गरेको सहयोगले बोरिङ खनेपछि खानेपानीको सहजता भएको छ।

बस्तीबासी भूमिहीनले २०५८ सालमा सुकुमबासी समस्या समाधान आयोगबाट जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेका थिए। उनीहरू खुसी पनि थिए, तर पछि बुझ्दा उक्त पुर्जाको श्रेष्ता कायम नहुँदा कतै चल्दैन। नाम मात्रकै पुर्जा छ।

लालपुर्जा हातमा भएर पनि श्रेष्ता कायम नहुँदा केही काम आउँदैन। ऋण धितो बन्धकी चल्दैन। त्यसैले बस्तीबासी ढुक्क छैनन् र सक्कली लालपुर्जा पाउने पर्खाईमा छन्।

समुदायमा पक्कि बाटोको समस्या छ। खहरेखोलामा पुल नहुँदा बर्खामा बालबच्चाहरूलाई स्कुल जान-आउन दुःख हुन्छ। सिँचाइको सुबिधा कम छ, खेर गएको धाराको पानीलाई खाडलमा सङ्कलन गरेर तरकारी खेती पनि राम्रो गरेका छन्।

भक्तबहादुर भन्छन्, हामीले आयोगमा निवेदन पेश गरेका छौँ। तत्कालिन भूमि आयोग जिल्ला अध्यक्ष रामधिन यादवलाई पनि भेटी गुनासो राखेका थियौँ। उहाँहरूले हाम्रो समस्या समाधान गरि पुर्जा दिलाउने बचन दिनु भएको थियो, तर अहिलेसम्म पाएका छैनौँ, पर्खाइमा छौँ।

जनजागरण गाउँ भूमि अधिकार मञ्च एक उदाहरणिय सङ्गठनको रूपमा अघि बढीरहेको छ। सङ्गठन क्रियाशिल छ। नियमित बैठक र छलफल हुन्छ। अभियान र आन्दोलनका कार्यक्रमहरू हुँदा जिल्ला मञ्चसँगको समन्वयमा सहभागी हुने, योगदान गर्न पनि यो सङ्गठन उत्तिकै लागि परेको छ। घरबास भएको बस्ती र खेती गरिएको जग्गाको प्रमाण पुर्जा लिने अठोट सबै सदस्यहरूको छ। ✿

# लालपुर्जाले पवित्रामा थपेको खुसी



पवित्रा शाह (४४) दाङ, गढवा गाउँपालिका- २ डाँडागाउँमा बसोबास गर्छिन्। उनको परिवारमा ३ छोरा, श्रीमान् र श्रीमतीसमेत ५ जना छन्। खाली रहेको ऐलानी जग्गामा उनका सासू, ससुराले ४८ वर्ष पहिलेदेखि जोत-खन गरी उपयोग गर्दै आएका थिए। उनी भन्छिन्- अरूका जग्गा नापी भयो तर मेरा सासू ससुराको जग्गा भने नापी नभएको कुरा अरूले सुनाउँथे। जग्गाको लालपुर्जा नदेखिकन नै उहाँहरूको निधन भयो।

उनी सम्भिन्छन्- विवाह २०५८ सालमा भयो। माइती घरमा एक विघा भन्दा बढी नै पुर्जावाल जग्गा छ। तर विवाह गरेर आउँदा श्रीमान्को भुप्रो मात्र थियो। त्यो पनि भत्केको। बस्न निकै अप्ठ्यारो भएका कारण श्रीमान्सँगै भारत गएँ। श्रीमान् खाना पकाउने काम गर्नुहुन्थ्यो। पहिलो सन्तान भारतमै जन्मियो। ९ महिनाको दुधे बालक लिएर घर फर्किएँ। तर घर भत्केका कारण त्यहाँ बस्न सक्ने अवस्था थिएन। त्यसैले मामा ससुराको घरमा २ वर्ष बस्यौं। त्यहाँ गाईवस्तुको रेखदेख गरें। त्यो काम गरेबापत खाना र बस्न दिन्थे।

'श्रीमान्का २ भाइ थिए। देवरहरू सानै छँदा अरूको घरमा ग्वाला बसेका थिए। श्रीमान्को घर आउजाउ भइरहन्थ्यो। आफ्नै सानो घर बनायौं। घरमा बच्चाहरूसँग बस्थें। गाउँका केही मान्छे मलाई एक्लै देखेर मैले उपयोग गर्दै आएको जग्गा जबर्जस्ती खोस्न आए तर मैले छाडिन। श्रीमान् घरमा आएका बेला जग्गा खोस्न खोजेका बताएपछि उहाँले अब भारत नजाने, यस्तै बस्ने निर्णय गर्नुभयो। आफ्नै जग्गामा मेहनत गरेर खाद्यान्न उत्पादन गर्न थाल्यौं। अहिले आफ्नै उत्पादनले वर्षमा ५/६ महिना खाना पुग्छ। म गाउँघरमा कृषि मजदूरी गर्छु। बाख्रा पालेकी छु। यसैबाट परिवारको जीविका चलिरहेको छ।

उमेर बढेपछि कान्छो देवर काठमाडौंमा ज्याला मजदूरी गर्न गएका थिए। काम गर्ने क्रममा घरको छतबाट खसेर उनको दुःखद् निधन भयो। माइला देवर शारीरिकरूपमा आपाङ्ग छन्। उनी अरूको घरमा गाईवस्तुको रेखदेखमा सघाउँछन्। जेनतेन गरी ३ छोरा हुर्काएँ तर आर्थिक अवस्था कमजोर भएका कारण बीचमै पढाइ छाडेर छोराहरू भारतमा ज्याला मजदूरी गर्न गएका छन्।

जग्गा ऐलानी वा पुर्जा भएको भन्ने मलाई थाहा थिएन। हामीलाई अरूले सुकुमबासी भन्न थालेपछि जिज्ञासा बढ्न थाल्यो, कि हामी कस्तो सुकुमबासी ? पछि थाहा पाएँ कि हाम्रो आफ्नो नाममा जग्गा नभएका कारण सुकुमबासी भनेका रहेछन्। गाउँका केही व्यक्तिले यो जग्गा छाडेर जा भन्थे। बाटोको नजिक राम्रो जग्गा देखेर होला, हामीलाई यो ठाउँ छाडेर जान निकै दबाब दिन्थे। श्रीमान् भारतमा काम गर्न जान छाडेपछि अब त राम्रो होला भनेको, उल्टै काम नगर्ने, गाउँघरमा बस्दा साथीभाइसँगको कुलतमा लागेर जाँडरक्सी पिउन थालेछन्, कुलतमा फसे। जति सम्भाउँदा पनि पिउन छाडेनन्। यस्तो अवस्थाका कारण छोराहरूको पढाइ पनि बिग्रियो।

जिन्दगी सुख, दुःख चलेको थियो। २०७१ सालमा सुकुमबासी समस्या समाधान आयोगमा निवेदन पेस गरें तर जग्गाको लालपुर्जा पाउन सकिनँ। त्यसपछि फेरी २०७७ सालमा भूमिहीन सुकुमबासीको रातो फाराम भरें। अहिले ५ कठ्ठा १० धुर जग्गाको लालपुर्जा प्राप्त गरेका छौं। २०८२ असार २३ गते म (पवित्रा शाह) र श्रीमान् (पदमप्रसाद शाह) दुवैको संयुक्त नाममा लालपुर्जा बनेर आयो। धेरै नै खुसी छौं। अब कोही कसैले उठीबासको धम्कि दिन सक्ने छैन भन्ने विश्वास जागेको छ। आँट बढेको छ। ढुक्क भएकी छु- अब मेरो पनि आफ्नै जग्गा छ।

मलाई अहिले लाग्छ कि, यदि श्रीमान्को नाममा मात्र जग्गाको पुर्जा आएको भए त बेच्न पनि सक्थे। पुर्जामा दुवैको संयुक्त नाम भएकाले केही कारोवार गर्न पनि त सहमति चाहियो। यसले ममा अभ्र बढी शाहस बढाएको छ। र खुसी पनि छु। अब हामी सुकुम्बासी हैनौं भन्ने पाएकी छु।

आत्मनिर्भर सेवा केन्द्र र युएन ह्याबिट्याटको सहजीकरणबाट पुर्जा पायौं। केन्द्रबाट सञ्चालित मौरी पालन तालिम पनि लिएकी छु। २ वटा मौरीको घार लिन नाम टिपाएको छु। थप २ वटा घार थप्ने योजना गरेकी छु। यसबाट पनि केही आम्दानी हुन्छ भन्ने जानकारी तालिमबाट पायौं। जीवनमा जग्गा ठूलो कुरा रहेछ, यो पाउनको लागि धेरै समय कुर्यौं। धेरै सङ्घर्ष गर्‍यौं। यसमा संस्थाबाट पनि ठूलो सहयोग पायौं, यो हाम्रो जीवनमा एउटा अमिट छाप बनेर बस्नेछ।

प्रस्तुती : सुनिल चौधरी




भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधान एवं जग्गा व्यवस्थापनको कार्य यथासम्भव अघि बढाउन जिल्ला भूमि समस्या समाधान समितिका अध्यक्षहरूलाई ज्ञापन पत्र पेश, क्रमशः सिन्धुपाल्चोक, रसुवा, चितवन, रौतहट, सर्लाही र महोत्तरी ।

# शब्द तस्बिर


















जवरजस्ती उठीबासका विरुद्ध भूमि अधिकार मञ्चको आन्दोलन,
क्रमशः काठमाडौं, धनुषा, बाँके, महोत्तरी, सर्लाही र सुर्खेत ।